# घाम घामजस्तो छैन कथासङ्ग्रहको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
**उमा कुमारी कुँवर**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०७०

घाम घामजस्तो छैन कथासङ्ग्रहको कृतिपरक अध्ययन – उमा कुमारी कुँवर – २०७०

# घाम घामजस्तो छैन कथासङ्ग्रहको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
उमा कुमारी कुँवर
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०७०

# शोध निर्देशकको सिफारिस–पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि श्री उमा कुमारी कुँवरले **घाम घामजस्तो छैन कथासङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । उहाँले परिश्रम पूर्वक तयार पार्नु भएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि म सिफारिस गर्दछु ।

....................

शोध निर्देशक

प्रा.डा. सुधा त्रिपाठी

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ

मिति :- २०७०/०६/१८

# त्रिभुवन विश्वविद्यालय

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, मानिविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको समूह २०६६/०६७ का छात्रा श्री उमा कुमारी कुँवरले स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **घाम घामजस्तो छैन कथासङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति** **हस्ताक्षर**

१. प्रा.डा. देवीप्रसाद गौतम ..............................
(विभागीय प्रमुख)

२. प्रा.डा. सुधा त्रिपाठी ..............................
(शोध निर्देशक)

३. सहप्रा.डा. सावित्री मल्ल कक्षपति ..............................
(बाह्य विशेषज्ञ)

मिति: २०७०/०७/०७

# कृतज्ञता ज्ञापन

"घाम घामजस्तो छैन कथासङ्ग्रहको कृतिपरक अध्ययन" शीर्षकको शोधपत्र मैले मेरी आदरणीय गुरुआमा प्रा.डा. सुधा त्रिपाठीज्यूको निर्देशनमा तयार पारेकी हुँ । सर्वप्रथम शोधको विषय छनोटदेखि लिएर सामग्री सङ्कलन र विश्लेषणका क्रममा आवश्यक निर्देशनका साथै उत्साहवर्द्धक सुझाव र प्रेरणा दिने निर्देशक गुरूआमा त्रिपाठीज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधकार्य लेखनमा आवश्यक सल्लाह र सुझाव प्रदान गरी सहयोग गर्नुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतम ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यसैगरी सामग्री सङ्कलनका क्रममा सहयोग पुऱ्याउनु हुने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय र नेपाली केन्द्रीय विभागको पुस्तकालयका कर्मचारीहरूप्रति म हार्दिक धन्यवाद अर्पण गर्दछु ।

आर्थिक तथा व्यावहारिक समस्याहरूसँग सङ्घर्ष गर्दै मेरो अध्ययन कार्यप्रति सहयोग पुऱ्याउनु हुने मेरा आदरणीय स्वर्गीय पिता श्री खड्ग बहादुर कुँवर र ममतामयी माता खुम कुमारी कुँवरका साथै प्यारा भाइबहिनीहरू केशव कुँवर, हीरा कुँवर र जानकी कुँवरप्रति आजीवन ऋणी रहनेछु । त्यसैगरी शोधपत्रको तयारीका क्रममा विविध क्षेत्रमा सहयोग पुऱ्याउनुहुने साथी रामप्रसाद खनाल र दाजु राजन थापाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

प्रस्तुत शोध कार्यमा शुद्धताका साथ टङ्कन गरी सहयोग गरिदिनुहुने क्रियटिभ कम्प्युटर सेन्टरकी दिदी पार्वती भण्डारीप्रति म हृदयतः धन्यवाद दिन चाहन्छु । साथै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने मेरा मित्रहरूप्रति आभार प्रकट गर्दछु ।



....................
उमा कुमारी कुँवर
एम.ए. द्वितीय वर्ष
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ


शैक्षिक सत्र : २०६६/०६७
क्रमाङ्क : ७८
त्रि.वि. दर्ता नं. : ९-२-३११-२३२-२००६
मिति : २०७०/०६/१८

# विषयसूची

पृ.नं.

**अध्याय एक : शोध परिचय** १-७
१.१ विषय परिचय १
१.२ समस्या कथन १
१.३ शोधकार्यको उद्देश्य २
१.४ पूर्वकार्यको समीक्षा २
१.५ अध्ययनको औचित्य र महत्त्व ६
१.६ अध्ययनको सीमाङ्कन ६
१.७ शोधविधि ७
१.७.१ सामग्री सङ्कलन विधि ७
१.७.२ अध्ययन विधि ७
१.८ शोधपत्रको रूपरेखा ७
**अध्याय दुई : इस्मालीको जीवनी र व्यक्तित्व** ८-२१
२.१ विषय परिचय ८
२.२ इस्मालीको जीवनी ८
२.२.१ जन्म र जन्मस्थान ८
२.२.२ पारिवारिक पृष्ठभूमि र बाल्यकाल ८
२.२.३ शिक्षा-दीक्षा ९
२.२.४ विवाह तथा पारिवारिक जीवन १०
२.२.५ बसोबास तथा आर्थिक अवस्था १०
२.२.६ कार्यक्षेत्र र संलग्नता ११
२.२.७ साहित्य लेखन १२
२.२.८ पुरस्कार र सम्मान १३
२.३ इस्मालीको व्यक्तित्व १३
२.३.१ शारीरिक तथा निजी व्यक्तित्व १३
२.३.२ साहित्यकार व्यक्तित्व १४
२.३.३ साहित्येतर व्यक्तित्व १८
२.४ निष्कर्ष २१
**अध्याय तीन : विधातात्त्विक दृष्टिले घाम घामजस्तो छैन कथासङ्ग्रहको विश्लेषण** २२-८८
३.१ विषय परिचय २२
३.२ विधातात्त्विक दृष्टिले घाम घामजस्तो छैन कथा सङ्ग्रहको विश्लेषण २२
३.२.१ कथानक २२
३.२.२ चरित्रचित्रण ४४
३.२.३ दृष्टिबिन्दु ७७

३.२.४ पर्यावरण ८०
३.२.५ सारवस्तु ८२
३.२.६ भाषाशैली ८४
३.३ निष्कर्ष ८८
**अध्याय चार : प्रवृत्तिका दृष्टिले घाम घामजस्तो छैन कथासङ्ग्रहको विश्लेषण ८९-९७**
४.१ विषय परिचय ८९
४.२ सामाजिक यथार्थवादी प्रवृत्ति ८९
४.३ आलोचनात्मक यथार्थवादी प्रवृत्ति ९१
४.४ प्रगतिवादतर्फ उन्मुख प्रवृत्ति ९४
४.५ सांस्कृतिक चेतना ९३
४.६ नारीमुक्तिकामी प्रवृत्ति ९४
४.७ आञ्चलिक प्रवृत्ति ९६
४.८ निष्कर्ष ९७
**अध्याय पाँच : आधुनिक नेपाली कथाको विकासमा इस्मालीको स्थान निरुपण ९८-१०२**
५.१ विषय परिचय ९८
५.२ आधुनिक नेपाली कथाको विकासमा इस्माली ९८
५.३ निष्कर्ष १०२
**अध्याय छ : अध्यायगत सारांश र मुख्य निष्कर्ष १०२-१०७**
६.१ अध्यायगत सारांश १०२
६.२ मुख्य निष्कर्ष १०४
**सन्दर्भसामग्री सूची १०६-१०७**

# सङ्क्षेपीकृत शब्द सूची

| **सङ्क्षिप्त रूप** | **पूर्ण रूप** |
|---|---|
| आई.एड. | इन्टर अफ एजुकेशन |
| एन.जी.ओ. | नन गभरमेन्ट अर्गनाइजेशन |
| एम.ए. | मास्टर्स अफ आर्टस् |
| एम. एड् | मास्टर्स अफ एजुकेशन |
| एस.एल.सी | स्कुल लिभिङ्ग सर्टिफिकेट |
| गा.वि.स. | गाउँ विकास समिति |
| टि.भी. | टेलिभिजन |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| नं. | नम्बर |
| प्रा. | प्राध्यापक |
| प्रा.ली. | प्राइभेट लिमिटेड |
| पृ. | पृष्ठ |
| बि.ए. | ब्याच्लर अफ आर्टस् |
| बि.एस्सी. | ब्याच्लर अफ साइन्स |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |
| सं. | संस्करण |

# अध्याय एक

# शोध परिचय

## १.१ विषय परिचय

महेश्वरप्रसाद पौडेल (२०१२) कथा साहित्यको क्षेत्रमा इस्माली नामले परिचित छन् । उनी नेपाली कथा साहित्यको समकालीन समयका प्रगतिवादतर्फ उन्मुख कथाकार हुन् । उनी २०३१ सालमा 'ऋणको थिचो' कथा **भञ्ज्याङ** पत्रिकामा प्रकाशित गरी कथा साहित्यमा देखा परेका हुन् । प्रगतिशील दृष्टिकोणमा कथा लेख्ने इस्मालीका **माछो माछो भ्यागुतो** (२०५८), **घाम घामजस्तो छैन** (२०५८), **काट् जर्किन डी** (२०६४) र **इस्मालीका प्रतिनिधि कथाहरू**(२०६७) कथासङ्ग्रह प्रकाशित भएका छन् । **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा 'चिठ्ठीका हरफहरू', 'घिडघिडो', 'आड' जस्ता १५ वटा कथाहरू रहेका छन् । यी कथाहरूमा इस्मालीले दुई राजनीतिक कालखण्ड पञ्चायती व्यवस्था र बहुदलीय व्यवस्थालाई प्रस्तुत गरेका छन् । यस सङ्ग्रहले पञ्चायती व्यवस्थाको उत्तरार्द्ध र बहुदलीय व्यवस्थाको पूर्वार्द्धको यथार्थलाई प्रस्तुत गरेको छ । **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा इस्मालीले निम्न वर्गका मानिसहरूमाथि उच्च वर्गका मानिसहरूबाट भएको शोषण दमन, तराईमा विद्यमान दाइजो प्रथाको समस्या, पारिवारिक, सांस्कृतिक समस्या, राजनीतिक विकृतिलाई प्रस्तुत गरेका छन् । उनले सिङ्गो नेपाली समाजमा देखा परेको शोषण, दमन, गरिबी, अन्याय, अत्याचारलाई चित्रण गरेका छन् । साथै समाजमा आमूल परिवर्तनको आवश्यकता रहेको कुरा व्यक्त गरेका छन् । इस्मालीको **घाम घामजस्तो छैन** कथासङ्ग्रहको अध्ययन यस शोधकार्यको विषय क्षेत्र हो ।

## १.२ समस्या कथन

इस्माली प्रगतिवादतर्फ उन्मुख नेपाली कथा साहित्यका समसामयिक युगका उल्लेख्य प्रतिभा हुन् । उनका चारवटा कथासङ्ग्रहमध्ये दोस्रो कथासङ्ग्रह **घाम घामजस्तो छैन** (२०५८) हो । यस सङ्ग्रहमा नेपाली समाज त्यसमा पनि तराईको जनजीवनका समस्याहरू उद्घाटन गरिएको छ । इस्मालीको **घाम घामजस्तो छैन** कथासङ्ग्रहका बारेमा विभिन्न पत्रपत्रिका र समालोचनाका रूपमा केही चर्चा भए पनि समग्र कथासङ्ग्रहको विश्लेषण नभएको हुँदा यो अध्ययन गरिएको छ । यस शोधकार्यका समस्याहरू निम्न लिखित छन् :

क) इस्मालीको जीवनी व्यक्तित्व के कस्तो रहेको छ ?

ख) कथा तत्त्वका आधारमा **घाम घामजस्तो छैन** कथासङ्ग्रह के कस्तो रहेको छ ?

ग) प्रवृत्तिका आधारमा **घाम घामजस्तो छैन** कथासङ्ग्रह के कस्तो रहेको छ ?

घ) आधुनिक नेपाली कथाको विकासमा इस्मालीको स्थान कस्तो छ ?

माथि उल्लेख गरिएका समस्याहरू नै प्रस्तुत शोधकार्यका समस्या हुन् । यिनै समस्याको समाधानमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.३ शोधकार्यको उद्देश्य

कथाकार इस्मालीद्वारा रचना गरिएको **घाम घामजस्तो छैन** (२०५८) कथासङ्ग्रह र माथि उल्लेख गरिएका शोध समस्यासँग सम्बद्ध भई प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्यमा केन्द्रीत रहेको छ :

क) इस्मालीको जीवनी र व्यक्तित्वको निरुपण गर्नु ।

ख) विधातात्त्विक दृष्टिले **घाम घामजस्तो छैन** कथासङ्ग्रहको विश्लेषण गर्नु ।

ग) प्रवृत्तिका आधारमा **घाम घामजस्तो छैन** कथासङ्ग्रहको विश्लेषण गर्नु ।

घ) आधुनिक नेपाली कथाको विकासमा इस्मालीको स्थान निरुपण गर्नु ।

माथि उल्लेख गरिएका बुँदाको निरुपण गर्नु नै प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

कथाकार इस्मालीका बारेमा विभिन्न विद्वान् तथा समालोचकहरूले समीक्षा समालोचना र टिप्पणी गरेका छन् । उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, समग्र कथाकारिता, **काट् जर्किन डी**, **इस्मालीका प्रतिनिधि कथाहरू**, **जीरोमाइल** उपन्यासको कृतिपरक अध्ययन गर्दा उनको र उनका कथाका बारेमा केही अध्ययन भएको छ तापनि उनको **घाम घामजस्तो छैन** कथासङ्ग्रहका बारेमा विस्तृत अध्ययन हुन बाँकी रहेको छ । यसभन्दा अगाडि उनका कथाका बारेमा जे जति अध्ययन भएको छ त्यसको कालक्रमिक समीक्षा यहाँ प्रस्तुत गरिएको छ ।

राजेन्द्र सुवेदी (२०५१) ले **स्नातकोत्तर नेपाली कथा** पुस्तकमा नेपाली कथाको इतिहास दिंदा इस्मालीका फुटकर कथाहरू प्रगतिवादी चिन्तनमा आधारित छन् भनी चर्चा गरेका छन् । यस चर्चाबाट इस्मालीका कथाको विचार पक्ष बुझ्न मद्दत पुग्छ ।

ताराकान्त पाण्डेय (२०५३) ले **कला साहित्य भूमिका र मूल्याङ्कन** पुस्तकमा इस्मालीको 'रेजा' र 'हजुरको मान्छे' जस्ता कथाले पुँजीवादी निर्वाचन प्रक्रियाका विकृतिमाथि राम्रोसँग प्रहार गरेका छन् भनी उल्लेख गरेका छन् । यस कार्यबाट 'रेजा' र 'हजुरको मान्छे' दुईवटा कथाको मात्र भावबोध गर्न सकिन्छ ।

ताराकान्त पाण्डेय (२०५३) ले **विपुल** पत्रिकामा प्रकाशित "इस्मालीका कथामा वर्तमान बोध" भन्ने शीर्षकको लेखमा कथाकार इस्मालीको दृष्टिकोण आमूल परिवर्तनकारी चेतनाको धरातलबाट निर्माण भएको छ भन्ने उल्लेख गरेका छन् । यस कार्यबाट इस्मालीका कथाको दृष्टिकोण बुझ्न सहयोग गरे पनि उनको **घाम घामजस्तो छैन** कथासङ्ग्रहको पूर्ण पक्षमा ध्यान दिएको छैन ।

देवीप्रसाद गौतम (२०५४) ले **नेपाली कथा** पुस्तकमा इस्मालीका कथामा ग्रामीण तथा सहरीया दुवै परिवेशलाई आफ्नो कथामा प्रस्तुत गरी आर्थिक, सामाजिक संरचनाले ल्याएको विकृति र वर्ग विभेदका कारणबाट उत्पन्न शोषणको वर्णन, स्पष्ट वैचारिक दृष्टिकोण, वैचारिक पक्षधरता, परिवेशको विस्तृत संस्थापना, आञ्चलिकता, कथ्यको कलात्मक प्रस्तुति, शैलीमा विविधता र नौलोपना पाइने विशेषता हुन् भनेका छन् । प्रस्तुत कार्यमा इस्मालीका कथागत प्रवृत्ति केलाए पनि **घाम घामजस्तो छैन** कथासङ्ग्रहको विधातात्त्विक दृष्टिले विश्लेषण गरिएको पाइँदैन ।

निनु चापागाई (२०५४) ले **मार्क्सवादी चिन्तनमा सौन्दर्य** पुस्तकमा इस्माली पुरानो र नयाँ, मरणशील र विकासोन्मुख विनास र निर्माणको सङ्घर्ष विकास क्रमको आन्तरिक प्रक्रिया हो र पछिल्लोको विजय अवश्यम्भावी छ भन्ने वस्तुगत नियम सामाजिक परिवर्तनमा क्रियाशील रहन्छ भन्ने कुरा माथिको धारणाले नै रचनामा गहन आशावाद भविष्यका बारेमा रचनात्मक दृष्टि एवम् दिशा र जीवनका निम्ति आशामयी प्रेरणा व्यक्त भएको पाइन्छ भनेका छन् । प्रस्तुत कार्यबाट इस्मालीका कथाको चिन्तन पक्ष खुट्याउने काम गरे पनि व्यापक अध्ययन भएको पाइँदैन ।

हरिप्रसाद रेग्मी (२०५७) ले **इस्मालीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** गर्दा उनलाई समाजवादी यथार्थवादी धारामा रहेर सशक्त कथाहरू सिर्जना गर्ने कथाकार हुन् भनेका छन् । प्रस्तुत कार्यमा इस्मालीको कथागत प्रवृत्ति जीवनी व्यक्तित्व र **घाम घामजस्तो**

**छैन** कथासङ्ग्रहको बारेमा सामान्य चर्चा गरेको भए तापनि विस्तृत रूपमा अध्ययन गरिएको छैन ।

मातृका पोखरेल (२०५८) ले **जनएकता** पत्रिकामा "घाम घामजस्तो छैन एक पाठकका दृष्टिमा" भन्ने लेखमा इस्मालीका कथाहरूमा वर्ग सचेत पात्रहरूले प्रमुख भूमिका खेलेको पाइन्छ भनेका छन् । उनले यस सङ्ग्रहका कथाहरू मार्फत नेपाली समाजको परिवर्तनको आवाजका साथै ग्रामीण जनजीवनको यथार्थलाई सजिव अभिव्यक्ति दिएका छन् । यस कार्यबाट **घाम घामजस्तो छैन** कथासङ्ग्रहको सामान्य विश्लेषण बुझ्न सकिन्छ ।

देवीप्रसाद गौतम (२०५९) ले **प्रलेस** पत्रिकामा "समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू" शीर्षकको लेखमा समकालीन प्रगतिवादी नेपाली कथा लेखनमा रमेश विकल, पारिजात खगेन्द्र सङ्ग्रौला, इस्माली लगायतका कथाकारहरू संलग्न भएका देखिन्छन् भन्दै इस्मालीका 'रेजा', 'हजुरको मान्छे' कथामा वर्तमानको प्रजातान्त्रिक व्यवस्थाको मानवद्वेषी चरित्र र यसले अङ्गीकार गरेको प्रतिस्पर्धात्मक चुनावी शैलीको चित्रण गरिएको छ । यसका साथै 'यी दिन/एक', 'यी दिन/दुई' कथामा पञ्चायतकालीन निरङ्कुश सामाजिक, राजनीतिक परिवेशको चित्रण, 'संस्कार र डायरी', 'ऊ र काका' कथामा वामपन्थी राजनीतिमा देखिएको मूल्यहीनता र भड्काउ प्रवृत्ति र 'बापती' कथामा चरित्र र आचरणमा अपरिवर्तित प्रतिकूलताको चित्रण गरिएको छ भनी इस्मालीका कथागत प्रवृत्ति केलाउने काम गरिएको छ ।

दयाराम श्रेष्ठ र मोहनराज शर्मा (२०५९) ले **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** पुस्तकमा २०३० को दशकको पूर्वार्द्धको अघिल्लो दशककै प्रभावको प्राधान्य रह्यो तर यस अवधिमा सन्त्रास र शङ्काको बढी अभिव्यक्ति रह्यो । नैराश्य र कुण्ठाको भावना बढी देखिन थाल्यो । यस अवधिका कथाकारहरूमा विजय चालिसे, नारायण ढकाल, इस्माली आदि भनेका छन् । यसमा इस्मालीको नाम मात्र उल्लेख गरेको देखिन्छ ।

हेमनाथ पौडेल (२०६०) ले **उन्मेष** पत्रिकामा "इस्मालीका कथाहरूका केही सबल र दुर्बल पक्षहरू" को चर्चा गरेका विषयवस्तु र विचारका दृष्टिले उनका हरेक कथाहरू महत्त्वपूर्ण छन् । उनमा आख्यान चेत अत्यन्त सबल रहेको छ । शैली भने उनका प्राय : सबै कथामा एकै किसिमको रहेको पाइन्छ । यसले पाठकहरूको आकर्षणलाई न्यून गराइ दिएको महसुस हुन्छ । प्रारम्भिक अवस्थाका केही कथाहरूमा विचारगत सुसङ्गतिको अभाव देखिन्छ ।

उनका कथाको ज्यादै खड्किने पक्ष भनेको कथाको अन्त्य प्रभावकारी र उपयुक्त ढङ्गले नहुनु हो भनेका छन् । प्रस्तुत कार्यबाट इस्मालीका कथाको सामान्य सर्वेक्षण गर्ने काम गरे पनि विस्तृत अध्ययन गरिएको छैन ।

टेकबहादुर बलम्पाकी (२०६१) ले **इस्मालीको कथाकारिता**को अध्ययन गर्दा इस्मालीका कथाहरू प्रगतिवादी साहित्यिक मान्यतामा आधारित छन् भनेका छन् । यस कार्यमा इस्मालीका कथागत प्रवृत्ति केलाउँदा केही कथाहरूको कथावस्तुलाई प्रस्तुत गरेका छन् ।

गोपीन्द्रकुमार पौडेल (२०६२) ले **प्रगतिवादी नेपाली कथाका प्रवृत्ति** नामक विधावारिधि शोध प्रबन्धमा इस्मालीको चलन कथाको विश्लेषण गरेका छन् । यस कार्यमा चलन कथाको मात्र विश्लेषण गरिएको छ ।

दीपक गौतम (२०६२) ले **समकालीन प्रगतिवादी कथाका प्रवृत्तिहरू** नामक विधावारिधि शोध प्रबन्धमा इस्मालीको 'हजुरको मान्छे' कथामा पैसा कमाउनका लागि जे पनि गर्ने परिपाटिको बयान गरिएको छ । त्यस्तै 'गाउँको माया' कथामा सहरमा बस्ने मानिसमा गाउँको मायाले सताएको प्रसङ्ग 'हिरामन सादाको अठोट', 'धुन्धकारीको अवसान', 'सङ्कटबहादुर अर्थात् गङ्गालाल', 'घाम घामजस्तो छैन' जस्ता कथाहरू प्रगतिवादी कथा हुन् भनी उल्लेख गरेका छन् ।

बालकृष्ण भण्डारी (२०६६) ले **काट् जर्किन डी कथासङ्ग्रहको कृतिपरक अध्ययन** मा इस्मालीलाई प्रगतिवादी कथाकार भनी **काट् जर्किन डी** कथासङ्ग्रहका कथाहरूको मात्र विश्लेषण गरेको पाइन्छ ।

शिला सुवेदी २०६७) ले इस्मालीको **जिरोमाइल उपन्यासको अध्ययन र विश्लेषण** मा उनको सङ्क्षिप्त जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा चर्चा गर्दा कथाकार व्यक्तित्वका बारेमा पनि चर्चा गरेकी छन् तर सम्पूर्ण कथाको अध्ययन भएको छैन ।

नवराज भट्ट (२०६८) ले **इस्मालीका प्रतिनिधि कथाहरू कथा सङ्ग्रहको अध्ययन विश्लेषण** गर्दा इस्मालीका कथाहरू राजनीतिक, सामाजिक विकृतिलाई उद्घाटन गर्न सफल भएका छन् भनेका छन् ।

कृष्णहरि बराल (२०६९) ले **कथा सिद्धान्त** पुस्तकमा स्थानीय रङ्लाई नेपाली कथामा प्रयोग गर्नेहरूमा भवानी भिक्षु, इन्द्रबहादुर राई, सनत रेग्मी, इस्माली आदि प्रमुख छन् भन्दै उनको आञ्चलिक पक्षलाई प्रस्तुत गरेका छन् ।

माथि उल्लेख गरिएको पूर्वकार्यमा विभिन्न समालोचकहरूले इस्मालीका कथालाई प्रगतिवादी दृष्टिकोणका कथाहरू भने पनि **घाम घामजस्तो छैन** कथासङ्ग्रहका आधारमा उनका कथाहरूले मूल रूपमा प्रगतिवादलाई अङ्गाल्न सकेका छैनन् । यस सङ्ग्रहमा रहेका सम्पूर्ण कथाहरू सामाजिक यथार्थलाई प्रस्तुत गर्दै प्रगतिवादतर्फ उन्मुख हुन पुगेका छन् । यी पूर्वकार्यबाट इस्मालीको कथाकार व्यक्तित्व केही रूपमा उनको चिन्तन पक्ष र केही उनका कथाको बारेमा अध्ययन भए पनि उनको **घाम घामजस्तो छैन** कथासङ्ग्रहको विस्तृत अध्ययन विश्लेषण हुन बाँकी रहेको देखिन्छ । त्यसैले प्रस्तुत सङ्ग्रहको विधातात्त्विक र चिन्तनगत प्रवृत्तिका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

### १.५ अध्ययनको औचित्य र महत्त्व

पूर्वकार्यको अध्ययनबाट के कुरा स्पष्ट हुन्छ भने इस्मालीको दोस्रो कथासङ्ग्रह **घाम घामजस्तो छैन** (२०५८) को विधातात्त्विक र चिन्तनगत दृष्टिले सुव्यवस्थित अध्ययन विश्लेषण गर्नुमा नै यसको औचित्य पुष्टि हुन्छ । यसका साथै यस शोधकार्यबाट प्रगतिवादी कथा परम्परामा योगदान पुग्ने, यससँग सम्बन्धित समीक्षक, समालोचकहरूलाई सहयोग पुऱ्याउने र साहित्यका जिज्ञासु पाठकहरूलाई समेत अध्ययन अनुसन्धान गर्न सहयोग पुऱ्याउने कुराबाट समेत यसको औचित्य र महत्त्व स्पष्ट हुन्छ ।

### १.६ अध्ययनको सीमाङ्कन

साहित्यकार इस्मालीले उपन्यास, कविता, निबन्ध र कथा विधामा कलम चलाएका छन् । इस्मालीले विविध विधामा कलम चलाए पनि मूलतः उनी कथाकार हुन् । उनका **माछो माछो भ्यागुतो** (२०५२), **घाम घामजस्तो छैन** (२०५८), **काट् जर्किन डी** (२०६४) र **इस्मालीका प्रतिनिधि कथाहरू** (२०६७) गरी चारवटा कथासङ्ग्रह प्रकाशित भएका छन् । यहाँ कथाकार इस्मालीको **घाम घामजस्तो छैन** (२०५८) कथासङ्ग्रहको विधातात्त्विक दृष्टिले अध्ययन गरिएको छ । यही नै यस शोधकार्यको क्षेत्र र सीमा हो ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यमा शोधविधि अन्तर्गत सामग्री सङ्कलन र अध्ययन विधिको अवलम्बन गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यमा पुस्तकालयीय सामग्री सङ्कलन विधि अपनाइएको छ । पुस्तकालयीय विधिका क्रममा **घाम घामजस्तो छैन** कथासङ्ग्रहलाई प्राथमिक र यससँग सम्बन्धित विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरूलाई द्वितीयक सामग्रीका रूपमा प्रस्तुत गरिएको छ ।

### १.७.२ अध्ययन विधि

सामग्री सङ्कलन विधिबाट सङ्कलित सामग्रीहरूको विवेचना गर्ने क्रममा आवश्यकता अनुसार वर्णनात्मक र विश्लेषणात्मक विधिलाई अवलम्बन गरी **घाम घामजस्तो छैन** कथासङ्ग्रहको कृतिपरक अध्ययन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्न अध्यायमा विभाजन गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : इस्मालीको जीवनी र व्यक्तित्व

अध्याय तीन : विधातात्त्विक दृष्टिबाट **घाम घामजस्तो छैन** कथासङ्ग्रहको विश्लेषण

अध्याय चार : प्रवृत्तिका दृष्टिबाट **घाम घामजस्तो छैन** कथासङ्ग्रहका विश्लेषण

अध्याय पाँच : आधुनिक नेपाली कथा साहित्यमा इस्मालीको स्थान

अध्याय छ : अध्यायगत सारांश र मुख्य निष्कर्ष

उक्त अध्यायहरूलाई आवश्यकता अनुसार विभिन्न शीर्षक उपशीर्षकहरूमा विभाजन गरी प्रस्तुत गरिएको छ र अन्त्यमा सन्दर्भसामग्री सूची राखिएको छ ।

# अध्याय दुई

# इस्मालीको जीवनी र व्यक्तित्व

## २.१ विषय परिचय

इस्मालीको जीवनी र व्यक्तित्व शीर्षक अन्तर्गत इस्मालीको जन्म र जन्मस्थान, पारिवारिक पृष्ठभूमि र बाल्यकाल, शिक्षा-दीक्षा, विवाह तथा पारिवारिक जीवन, बसोबास तथा आर्थिक अवस्था, कार्यक्षेत्र र संलग्नता, साहित्य लेखन, पुरस्कार र सम्मान, इस्मालीको व्यक्तित्वमा शारीरिक तथा निजी व्यक्तित्व, साहित्यकार र साहित्येतर व्यक्तित्वको निरुपण गरिएको छ ।

## २.२ इस्मालीको जीवनी

### २.२.१ जन्म र जन्मस्थान

नेपाली साहित्यमा प्रगतिशील साहित्यकारका रूपमा सुपरिचित इस्मालीको जन्म पिता गोविन्दप्रसाद उपाध्याय र माता तिलकुमारी देवीका कान्छो छोराका रूपमा वि.स. २०१२ जेष्ठ ४ गते बुधवारका दिन जनकपुर अञ्चल, महोत्तरी जिल्ला अन्तर्गत पर्ने औरही नैनीगौरी गा.वि.स. वडा नं. ४ को एक निम्न मध्यमवर्गीय ब्राह्मण परिवारमा भएको थियो । यिनको न्वारनको नाम दिनानाथ पौडेल हो भने साहित्यिक नाम इस्माली हो र प्रमाणपत्रको नाम महेश्वरप्रसाद उपाध्याय हो (रेग्मी, २०५७ : ७) । सुरुमा यिनले महेश्वरप्रसादका नामबाट केही कथा कविता लेखेका र हाल बालसाहित्य यसै नामद्वारा लेखिरहेका छन् । उनको 'एउटा यस्तो संसार' कथामा 'एस्माली' पात्रको प्रयोग छ । त्यसको 'ए' को ठाउँमा 'इ' बदली उनले आफ्नो लेखकीय नाम इस्माली राखेको पाइन्छ । कथाकार स्वयम्ले नै इस्मालीले कुनै धर्म, जाति, सम्प्रदाय नबुझाउने भनेको उल्लेख पाइन्छ (बलम्पाकी, २०६१ : ६) । यसरी महेश्वरप्रसाद पौडेल नेपाली साहित्यमा 'इस्माली' नामले परिचित छन् ।

### २.२.२ पारिवारिक पृष्ठभूमि र बाल्यकाल

बागमती अञ्चल काभ्रेपलाञ्चोक जिल्लाको कानपुर गाउँमा गोविन्दप्रसाद उपाध्यायको बसोबास थियो । त्यहीं उनको पहिलो विवाह भएको थियो । प्रथम पत्नीबाट दुई छोरा र दुई छोरी जन्माए तापनि पत्नीको असामयिक मृत्युले शोकाकुल बनेका उपाध्याय बालबच्चालाई लिएर आफ्नो जन्मथलो चटक्कै छोडी सिन्धुलीतर्फ बसाइँ सरे ।

त्यही उनको तिलकुमारीसँग दोस्रो विवाह भयो (रेग्मी, २०५७ : ७) । पहाडको कष्टपूर्ण जीवन त्यसमाथि परिवार पाल्न धौ धौ परेकाले गोविन्दप्रसाद उपाध्यायले वि.स. २००८/९ तिर सिन्धुली छोडी जनकपुर अञ्चल महोत्तरी जिल्लाको औरही गाउँमा बसोबास गर्न थालेको देखिन्छ । कान्छी पत्नी तिलकुमारी देवीका कोखबाट दुई सन्तानको जन्म भयो । जेठो छोरा ध्रुव पौडेल र कान्छो छोरा महेश पौडेल । यिनै महेश पौडेल हाल नेपाली साहित्यका क्षेत्रमा इस्माली उपनामद्वारा परिचित छन् । दाजु ध्रुब पौडेल औरही मै खेतीपातीमा संलग्न भई जीवन बिताइरहनु भएको छ (रेग्मी, २०५७ : ८) । निम्न मध्यमवर्गीय धार्मिक ब्राह्मण परिवारमा जन्मिएका महेश पौडेलको बाल्यकाल त्यति सुखद् र आनन्दपूर्ण रहेन । जजमानी र ज्योतिषी कर्म गरी पिता गोविन्दप्रसाद उपाध्यायले पूरै परिवारको सम्पूर्ण हेर विचार गर्नुपर्ने बाध्यताले गर्दा अभाव र समस्याले पौडेल परिवारलाई घेरिरह्यो । कठोर परिश्रमले गर्दा औरही मै गोविन्दप्रसाद पौडेलले ३/४ विघा जग्गा जोडेको थाहा हुन्छ । वि.सं. २०१४ तिर पिताको मृत्यु भएकाले इस्मालीलाई पिताका बारेमा केही सम्झना छैन । पिताको मृत्युका कारण घरपरिवारको सम्पूर्ण जिम्मेवारी पनि थपियो । विविध समस्याले घेरे पनि महेश पौडेलले गाउँकै श्रीप्रसाद सिंह विद्यालयमा शिशु कक्षामा प्रवेश गरी अध्ययन गर्न थाले र त्यही विद्यालयबाट वि.सं. २०२९ मा एस.एल.सी परीक्षा दिई द्वितीय श्रेणीमा उत्तीर्ण (रेग्मी, २०५७ : ८) गरी उच्च शिक्षाका लागि वीरगञ्ज गएका थिए ।

### २.२.३ शिक्षा-दीक्षा

दुई अढाई वर्षको हुँदा नै पिताको मृत्यु भएकोले इस्मालीको बाल्यकाल त्यति सुखद् बन्न सकेन । पिताको अवसानपश्चात् घरको आर्थिक स्थिति पनि दिन प्रतिदिन कमजोर हुँदै जाँदा इस्मालीको प्रारम्भिक तहको अध्ययनमा अभाव र विपन्नता पर्न थाल्यो । परिश्रमी र लगनशील इस्मालीले कक्षा आठमा पढ्दाखेरिबाट नै साना-साना केटाकेटीहरु पढाएर गाउँको विद्यालयबाट वि.सं. २०२९ मा एस. एल.सी उत्तीर्ण गरे । विद्यालय जीवनदेखि नै लगनशील इस्मालीले वि.सं. २०३२ मा शिक्षाशास्त्र अध्ययन संस्थान (हालको ठाकुरराम क्याम्पस, वीरगञ्ज) बाट आई.एड. मा उत्कृष्ट अङ्क ल्याई प्रथम श्रेणीमा उत्तीर्ण गरे । त्यसपछि वि.सं. २०३६ मा कीर्तिपुर बहुमुखी क्याम्पसबाट ऐच्छिक विषयमा गणित र विज्ञान लिई इस्मालीले बी.एड. उत्तीर्ण गरे (रेग्मी, २०५७ : ९) । इस्मालीले वि.सं. २०३६ मा

सिन्धुपाल्चोक जिल्लाको चौतारामा अवस्थित श्री कृष्ण माध्यमिक विद्यालयमा गणित शिक्षक भई ६ महिनाजति अध्यापन गरे । त्यही समयमा आमाको असमायिक निधनबाट पारिवारिक समस्या सम्हाल्नका लागि सिन्धुपाल्चोक छोडेर महोत्तरीको औराहीमा रहेको सोनमा तरहारीको श्री जनता माध्यमिक विद्यालयमा विज्ञान शिक्षक भई ६ महिनाजति अध्यापन गरेको पाइन्छ । इस्मालीले स्नातकोत्तर शिक्षा अध्ययन गर्नका लागि काठमाडौं आएपछि महेन्द्र माध्यमिक विद्यालय साँगामा गणित शिक्षक भई अध्यापन थाले र विस्तार क्याम्पस काठमाडौंमा एम.एड. (गणित रात्री समूह) मा भर्ना भए । एम.एड. पढ्दा पढ्दै इस्मालीले पिसकोरमा भाषाशिक्षकका रूपमा पनि काम गरे । एम.एड. पढ्दा इस्मालीले स्वतन्त्र विद्यार्थी युनियनको सचिव पदमा रही विद्यार्थी हक र हितका लागि काम गरेको देखिन्छ । त्यही सक्रियता र लगनशीलताका कारण इस्माली वि.सं. २०४३ मा स्नातकोत्तर उपाधि हासिल गर्न सफल भए । त्यसपछि आफूले पढेको क्याम्पसमा नै इस्मालीले आंशिक शिक्षकका रूपमा एम.एड. लाई पढाउन थालेको थाहा हुन्छ । त्यहाँ दुई वर्ष अध्यापन पश्चात् वि.सं. २०४४ मङ्सिरदेखि रत्न राज्यलक्ष्मी क्याम्पसमा अस्थायी दरबन्दीमा सहायक प्राध्यापकका रूपमा प्रवेश गरी (रेग्मी, २०५७ : ११) हाल उनी सानोठिमी क्याम्पस भक्तपुरमा अध्यापनरत छन् ।

### २.२.४ विवाह तथा पारिवारिक जीवन

इस्मालीको वि.सं. २०४१ मा जनकपुरधाम, धनुषा निवासी श्री भगनाथ ढकालकी छोरी पवनकुमारी ढकालसँग शुभ विवाह सम्पन्न भयो । विवाहपश्चात् इस्माली दम्पतीको सुमधुर जीवन यात्राका क्रममा वि.सं. २०४२ मा प्रथम सन्तानका रूपमा विप्लव पौडेलको जन्म भयो । साथै दोस्रो सन्तानका रूपमा २०४४ सालमा कृतिका पौडेलको जन्म भयो (रेग्मी, २०५७ : १२) । परिवार, जागिर, अध्ययन तथा साहित्य साधना र सिर्जनाका क्रमलाई यथासम्भव सन्तुलन राख्दै यिनको सुखद् पारिवारिक जीवनयात्रा सुसम्बद्ध ढङ्गले अगाडि बढिरहेको पाइन्छ ।

### २.२.५ बसोबास तथा आर्थिक अवस्था

महोत्तरी जिल्लाको औरही, चल्कीटोलमा जन्मेका इस्माली शिक्षा आर्जन गर्न पहिला वीरगञ्जपछि काठमाडौं आए । उनको कर्मथलो पनि काठमाडौं नै भयो । उनको स्थायी बसोबास पनि यही भयो । अहिले इस्माली काठमाडौं बानेश्वरस्थित पुष्पनगरमा घर बनाएर

सपरिवार बसेका छन् । उनले शिक्षा र गाँसबासका लागि धेरै सङ्घर्ष गर्नुपऱ्यो । कठोर परिश्रम, इमानदार र लगनशील भएर अगाडि बढ्दै जाँदा उनले राजधानीकै राम्रो सरकारी क्याम्पसमा पढाउने अवसर पाए । उनले ट्युसन पढाउने काम गरे जसले गर्दा आर्थिक स्थितिमा पनि सुधार भयो । हाल उनी सानोठिमी क्याम्पसमा अध्यापनरत (भट्ट, २०६८ : १३) छन् । यसबाट उनको आर्थिक स्थिति हेर्दा मध्यमवर्गीय किसिमको देखिन्छ ।

### २.२.६ कार्यक्षेत्र र संलग्नता

इस्मालीलाई नजिकबाट नियाल्दा उनले आई.एड. उत्तीर्ण गरेदेखि नै शिक्षण कार्यमा लागेको देखिन्छ । उनले विद्यालय जीवनदेखि नै स-साना भाइबहिनी र आफ्नै कक्षाका साथीहरूलाई पढाएर पैसा लिएर पाठ्यसामग्री किनेको प्रसङ्ग सुन्दा यी व्यक्तिले विद्यार्थी र शिक्षक दुबै बराबर भएर आफ्नो अध्ययनलाई निरन्तर अगाडि बढाएको थाहा हुन्छ । यिनले औपचारिक र अनौपचारिक रूपमा नेपालका विभिन्न ठाउँमा शिक्षक पेसामा संलग्न भएर सेवा गरेको देखिन्छ (रेग्मी, २०५७ : १२) । यिनले औपचारिक रूपमा आई.एड. उत्तीर्ण गरेपश्चात् पनि सिन्धुपाल्चोक, नुवाकोट र काठमाडौंका विभिन्न ठाउँमा शिक्षण गरेका थिए । त्यसपछि पनि उनले शिक्षण कार्यमा संलग्न हुँदै स्नातकोत्तर अध्ययन पूरा गरे । आफूले पढेको विस्तार क्याम्पसमा आंशिक शिक्षकका रूपमा दुई वर्ष काम गरेपछि २०४४ साल कार्तिक २० गतेबाट रत्न राज्यलक्ष्मी क्याम्पसमा सहायक प्राध्यापकका रूपमा नियुक्त भए । हाल उनी सहप्रध्यापक पदमा सानोठिमी क्याम्पसमा कार्यरत छन् ।

इस्मालीको पेसा शिक्षण भए पनि अन्य क्षेत्रमा उनको संलग्नता रहेको पाइन्छ । वि.सं. २०३६ मा सिन्धुपाल्चोक जिल्लामा शिक्षक भएर काम गर्दा नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको प्रतिनिधि थिए । वि.सं. २०६३/०६६ सम्मका लागि प्रगतिशील लेखक सङ्घका केन्द्रीय सदस्य, प्रगतिशील सांस्कृतिक सङ्गठनका केन्द्रीय सदस्य, नेपाल प्राध्यापक संघ निर्वाचन समिति सदस्य (२०५८), त्रि.वि.प्रा. सङ्घको केन्द्रीय सदस्य (२०६१/०६४) र नेपाली गणित समाजका आजीवन सदस्य रहेका छन् (भट्ट, २०६८ : १२) । यसरी इस्माली विभिन्न क्षेत्रमा आबद्ध रहेको देखिन्छ ।

### २.२.७ साहित्य लेखन

इस्मालीले विद्यालयमा पढ्दादेखि नै महेश पौडेलको नामबाट कथा, कविता लेख्न थालेका हुन् । 'ऋणको थिचो' (२०३१) कथा प्रकाशित भएपछि उनको औपचारिक साहित्यिक यात्रा प्रारम्भ हुन्छ । उनको यो कथा वीरगञ्जबाट प्रकाशित **भञ्ज्याङ्** पत्रिकामा प्रकाशित भएको हो । उनले आफू जन्मे हुर्केको ठाउँमा वा समाजमा धनीमानी भनाउँदाहरूले निम्नवर्गीय जीवनस्तर भएका गरिबहरूलाई आफ्ना घरमा ऋण दिएको पैसाको व्याज असुली गर्नका लागि नोकरचाकरका रूपमा राख्ने गरेको अन्यायपूर्ण र भेदभावपूर्ण व्यवहार गरेको देख्दा इस्मालीको मनभित्र असन्तोषको भावना पैदा भयो । ऋणको मारमा दुःखद् जीवनयापन गरिरहेका गरिबहरूमाथि दयाको भावना जगाउने मनसायले र तिनीहरूले पनि उच्च ओहोदाका धनीमानी व्यक्तिका सरह हक, अधिकार र समानताको जीवन बिताउन पाउनुपर्छ भन्ने कुराको वकालत गर्दै उनले प्रारम्भमा 'ऋणको थिचो' लगायत अन्य तीनवटा अरू कथा 'गरिब' का नामबाट लेखेका छन् । इस्मालीको नामबाट लेखिएको पहिलो कथा भने श्रामदान (२०३५) हो (पौडेल, २०६१ : ५८) । बहुमुखी प्रतिभाका धनी इस्मालीले साहित्यका कथा, कविता, निबन्ध, नाटक आदि अनेक विद्यामा कलम चलाए पनि अन्य विधामा भन्दा आख्यानका फाँटमा उनको कलम बढी मुखरित भएको पाइन्छ । तीन दशक भन्दा बढी निरन्तर रूपमा साहित्यमा लागि परेका इस्मालीका १२५ भन्दा बढी कथाहरू चारवटा कथासङ्ग्रह **माछो माछो भ्यागुतो** (२०५२), **घाम घामजस्तो छैन** (२०५८), **काट् जर्किन डी** (२०६४) र **इस्मालीका प्रतिनिधि कथाहरू** (२०६७) मा प्रकाशित छन् । इस्मालीका **सेतो आतङ्क** (२०३९), **जिरोमाइल** (२०५६), **गणतान्त्रिक चेतोन्मुख** (२०६२) उपन्यास पनि प्रकाशित छन् । इस्मालीको भनाइ अनुसार उनको पहिलो उपन्यास **पुनर्मिलन** भन्ने थियो, त्यो अप्रकाशित अवस्थामै हरायो । त्यसपछि उनले **अट्टहास** शीर्षकमा दोस्रो उपन्यास लेखेका थिए, त्यो पनि २०३६ सालको विद्यार्थी आन्दोलनमा पुलिसले डेरामा छापा मार्दा हरायो । यसरी दुई उपन्यास लेखेपछि मात्र **सेतो आतङ्क** (२०३९), **जिरोमाइल** (२०५६) लेखेको कुरा उनी बताउछन् । उनले बङगाली लेखिका महाश्वेता देवीको **अलकान्त कौरव** भन्ने उपन्यासको नेपालीमा अनुवाद गरेका छन् । त्यो अप्रकाशित नै छ । उनको उपन्यास लेखनलाई बुझ्दा अप्रकाशित, अनुवाद र प्रकाशित गरी सङ्ख्यात्मक हिसाबले पनि ६-७ वटा भइसकेका छन् । त्यस्तै उनको **काट् जर्किन डी** (२०६४) कथासङ्ग्रह पनि साझा प्रकाशनबाट प्रकाशित भएको हो । उनले प्रलेसको कार्यक्रम २०६२ मा 'समकालीन

प्रगतिवादी नेपाली उपन्यासका प्रवृत्तिहरू' र 'समकालीन प्रगतिवादी कथाका प्रवृत्तिहरू' शीर्षकमा कार्यपत्र प्रस्तुत गरेका छन् (भट्ट, २०६८ : १४) । यसरी इस्माली हालसम्म साहित्यिक क्षेत्रमा निरन्तर लागि रहेका छन् ।

### २.२.८ पुरस्कार र सम्मान

साहित्य लेखनको उनान्चालिस वर्ष पार गरिसकेका इस्मालीलाई पाठकबाट विभिन्न मान सम्मान प्राप्त भएर पनि औपचारिक सम्मान 'पारिजात सृजन पुरस्कार' (२०५२) मात्र प्राप्त भएको पाइन्छ ।

## २.३ इस्मालीको व्यक्तित्व

इस्माली बहुमुखी व्यक्तित्वका धनीका रूपमा देखा पर्दछन् । उनी साहित्य लेखन, राजनीतिक एवम् शिक्षण कार्यमा सक्रिय रहेका छन् । यिनै आधारमा उनको व्यक्तित्व र साहित्यका विविध पक्षहरूका बारेमा पहिचान गर्न सकिन्छ ।

### २.३.१ शारीरिक तथा निजी व्यक्तित्व

पाँच फिट सात इन्च उचाइ भएका गहुँगोरो वर्णका इस्मालीको शारीरिक व्यक्तित्वलाई नियाल्दा सामान्यतया नेपालीको बाह्य व्यक्तित्व जे जस्तो देखिन्छ, सोही अनुरूपको छ । ठिक्कको जीउडालमा यिनको शारीरिक व्यक्तित्व समग्रमा आकर्षण देखिन्छ । सचेतता, विद्वता, सक्रियता, विवेकशीलता, कर्मशीलता आदि यिनका चारित्रिक विशेषताहरू हुन् । यिनी ज्यादै स्वाभिमानी सबैसँग सहज घुलमिल हुनसक्ने स्वभावका सरल मिजासका देखिन्छन् जसले गर्दा शिष्ट तथा शालीन व्यक्तित्वका धनी देखिन्छन् (रेग्मी, २०५७ : २५) । शान्त स्वभावका तथा एकान्तप्रिय हुनुले आफ्नो जिम्मेवारीबाट निवृत्त एकान्त तथा शान्त क्षणमा साहित्यतर्फ डुबुल्की मार्दै आत्मिक सन्तुष्टि लिने गर्दछन् । यिनै स्वभावजन्य निजी वैशिष्ट्यहरूबाट यिनको व्यक्तित्व स्पष्ट हुन्छ । साहित्यलाई गम्भीर रूपमा आत्मसात् गर्ने बानी भएका इस्माली लेखेर केही गरौं भन्ने भावना राख्दछन् । अरू लेखकको राम्रो पक्षको प्रशंसा गर्ने यिनी आफूलाई मात्र राम्रो ठान्ने बडप्पनको कमजोर सीमाबाट मुक्त देखिन्छन् । यिनी आफू प्रशंसाका भोका देखिंदैनन् । थोरै साहित्यकारहरूमा मात्र यो गुण देख्न सकिन्छ । साहित्यिक मित्रसँगको जम्काभेटमा पनि तत्कालीन प्रकाशित रचनाले आफूमाथि पारेको प्रभाव बताउने यिनको स्वभावबाट आफ्नो साहित्यलाई मात्र महत्त्व नदिई अन्य

साहित्यकारहरूका सिर्जनाको अनुशीलन गर्ने यिनको बानी भएको थाहा हुन्छ । (रेग्मी, २०५७ : २५) । अतः आफ्नैपन युक्त स्वभाव र बानीमा यिनको निजी व्यक्तित्व सफल बन्न पुगेको छ ।

### २.३.२ साहित्यकार व्यक्तित्व

इस्माली नेपाली साहित्यको फाँटमा प्रतिभाशाली व्यक्तित्वका रूपमा परिचित छन् । व्यक्तित्वका हिसावले साहित्यकारका दुई पाटा हुन्छन् स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्व । उनी स्रष्टा व्यक्तित्वका रूपमा देखा पर्दछन् । कविता, कथा, उपन्यास, निबन्ध र अनुवाद जस्ता विधामा उनको कलम चलेको पाइन्छ । कवि, निबन्धकार, उपन्यासकार, कथाकार, बालसाहित्यकार र अनुवादक गरी इस्मालीको साहित्यिक व्यक्तित्वलाई पाँच वर्गमा बाँडेर अध्ययन गर्नु उपयुक्त देखिन्छ ।

#### २.३.२.१ कवि व्यक्तित्व

सुरुसुरुमा इस्मालीले गद्य कविता लेखेका थिए । उनको कलम विशेष गरी गद्य विधामा नै बढी सफल भएको पाइन्छ । इस्मालीले आफूलाई गद्यमै बढी रुचि भएको र गद्यमा धक फुकाएर साहित्य लेख्न सकिने बताउँछन् । यसो भए तापनि उनले २०३१-२०३८ सालसम्म केही कविताहरू रचना गरेका छन् । उनका फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । ती निम्नलिखित छन् :

१) मुक्ति अभिव्यक्ति (बिहानी, वर्ष १, अङ्क १, २०३७)

२) रूख (लहर, त्रैमासिक, अङ्क ४, २०३६)

३) समय (जनमत, पाक्षिक, अङ्क १, २०३९)

४) तेतरीका आमा (वेदना, वर्ष १०, अङ्क १७-१८, २०४०)

यिनका यी कविताका विषयवस्तुमा नारी शोषण, सचेतना, अन्याय र दमन जस्ता गम्भीर समस्यातर्फ लक्षित देखिन्छन् (रेग्मी, २०५७ : २९) । इस्मालीका उल्लिखित कविता बाहेक अन्य कविता पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको देखिन्छ ।

### २.३.२.२ निबन्धकार व्यक्तित्व

इस्मालीको लेखन गद्य विधामा बढी मुखरित भएको पाइन्छ । गद्य विधा इस्मालीका लागि रुचिकर भएका कारण निबन्धमा उनी उत्तिकै पोख्त देखिन्छन् । उनका निबन्धहरू विभिन्न पत्रिकामा प्रकाशित छन् । ती यसप्रकार छन् :

१) दशैं कि दशा (ज्योतिश्री, वर्ष १, अङ्क १, कुपण्डोल, काठमाडौं, २०३५)

२) दाइजो संस्कृति (नारी मुक्ति, २०४०)

३) समाजको विकासमा कला, संस्कृति र साहित्यको भूमिका (जनमानस वर्ष ७, अङ्क ७, २०४१)

४) पारिजात - अपराजिता (पारिजात स्मृति ग्रन्थ, २०५१)

५) कथा सम्बन्धी अन्तरक्रिया (वेदना ५५, २०५२)

६) साहित्य समाज परिवर्तनका लागि सार्थक माध्यम हो । (गरिमा, १६९, पुस, २०५३)

उनका यस्ता थुप्रै निबन्धहरूमा पुँजीवादी विज्ञापनको संस्कार, अँध्यारोमा जुनकिरी, राजनीतिक दलहरूको सांस्कृतिक विमुखता, विद्यालयहरूको सत्रारम्भको अराजकता, यो भ्रष्टचार होइन र नेपाली समय जस्ता निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् (रेग्मी, २०५७ : २९-३०) ।

इस्मालीका निबन्धहरू पनि सामाजिक विकृति, विसङ्गति, भ्रष्टाचार, शैक्षिक अराजकता, महिला शोषण जस्ता विषयको आलोचना गरी लेखिएका छन् । समसामयिक विषयवस्तुमा केन्द्रित भएर लेखिएका यस्ता निबन्धहरूले संस्कार, शिक्षा, महिला शोषणका नराम्रा पक्षहरूको उजागर गर्ने काम गरेका छन् । यस्ता संस्कार, परम्परा र साहित्यमा देखिएका विकृति र विसङ्गतिमा उनको असहमति पाइन्छ । यी निबन्धहरू वर्तमान स्थितिमा देखिएका विकृतिहरूप्रतिको व्यङ्ग्यात्मक झटारा हुन् (रेग्मी, २०५७ : २५) भन्न सकिन्छ । यी निबन्धहरू विशुद्ध घटनापरक चिन्तनले ओतप्रोत भएका देखिन्छन् ।

### २.३.२.३ कथाकार व्यक्तित्व

इस्माली प्रथमतः कथाकार हुन् । २०३१ सालमा वीरगञ्जबाट प्रकाशित हुन् **भञ्ज्याङ** पत्रिकामा 'ऋणको थिचो' शीर्षकको कथा प्रकाशित गरेर उनी साहित्यिक फाँटमा प्रवेश गरे । निम्न मध्यमवर्गीय परिवारमा जन्मेका इस्मालीले ऋण लिएपछि व्याजको मारबाट मान्छेलाई पर्ने बोझ कस्तो हुन्छ भन्ने विषयमा ऋणको थिचो कथा लेखे । यसरी

औपचारिक रूपमा साहित्यको फाँटमा प्रवेश गरेका इस्मालीले हालसम्म १२५ भन्दा बढी कथाहरू चारवटा कथासङ्ग्रहमा दिइएका छन् । यसका अतिरिक्त महेश पौडेलका नामबाट उनले थुप्रै बालकथाहरू रचना गरेका छन् । उनका बालकथाहरू अत्यन्तै रोचक किसिमका छन् । 'ऋणको थिचो' (२०३१) कथा गाउँघरमा जीविका चलाउन ऋण लिन बाध्य भएको तर ऋणको साँवा र व्याजको हिसाब गर्दा उसको जायजेथाले नपुगेपछि साहुद्वारा उसको सबै सम्पत्ति हडप गरेर निकालिएको परिवारको कथा हो । यस्तै उनका अन्य कथाहरूले पनि समसामयिक परिदृश्यलाई उतार्ने काम गरेका छन् । इस्मालीका नामबाट परिचित हुनुभन्दा पहिले उनले 'गरिब' उपनामबाट कथाहरू लेखेका थिए । उनका कथाहरूमा निम्न वर्गको चित्रण तथा सामाजिक यथार्थसँगै शोषण विरुद्ध सुधारवादी भावना प्रतिविम्बित भएको पाइन्छ । इस्मालीका कथाहरू चारवटा सङ्ग्रहमा प्रकाशित भएका छन् । उनका **माछो माछो भ्यागुतो** (२०५२), **घाम घामजस्तो छैन** (२०५८), **काट् जर्किन डी** (२०६४) र **इस्मालीका प्रतिनिधि कथाहरू** (२०६७) प्रकाशित छन् । यिनका कथाहरूले समाजमा घटेका घटनाहरुका साथै राजनीतिक पार्टीका चरित्र, देशको स्थितिलाई पनि बौद्धिक दृष्टिले विश्लेषण र मूल्याङ्कन गरेका छन् । आफ्ना कथाको विषयवस्तु आफू बाँचेको समाजकै हुनुपर्छ भन्ने मान्यता राख्ने इस्माली समाजलाई समुन्नतिको शिखरमा पुऱ्याउने मानव श्रमको मूल्य चिनाउनु पर्ने र बहुसङ्ख्यक जनताको हितमा लाग्नुपर्ने कुरा बताउँछन् । यसबाट उनका कथाको विषयवस्तु र सन्देश थाहा हुन्छ । सटिक शीर्षक, काव्यात्मक भाषा, र मर्मस्पर्शी भनाइ भएका उनका कथाले पाठकलाई व्युँझाउने काम गरेको पाइन्छ (भट्ट, २०६८ : १९) । यसरी २०३१ सालबाट औपचारिक रूपमा कथाका फाँटमा प्रवेश गरेका इस्माली हालसम्म निरन्तर लागिरहेका छन् । उनका कथाहरूले इस्मालीको कथाकार व्यक्तित्वलाई गहकिलो बनाउने काम गरेका छन् ।

### २.३.२.४ उपन्यासकार व्यक्तित्व

उपन्यासका क्षेत्रमा पनि इस्मालीले कलम चलाएका छन् । वि.सं. २०३९ सालमा **सेतो आतङ्क** नामक उपन्यास प्रकाशित गरेर आफूलाई उपन्यासकारका रूपमा परिचित गराएका छन् । २०३६ सालको जनमत सङ्ग्रह पश्चात्को वातावरण र त्यसभित्रका घटनालाई छर्लङ्ग पार्ने काम यस उपन्यासले गरेको छ । बहुदल र निर्दल कुन ठीक भन्ने पक्षको बहुमत भएपछि बहुदलवादीलाई तत्कालीन शासकबाट हुने गरेको छलफल र नाङ्गो

गुण्डागर्दीको यथार्थ प्रस्तुति उपन्यासकारले गरेका छन् । उपन्यासको शीर्षकबाट पनि त्यस बेलाको राज्यको आतङ्क कति सफेद थियो भन्ने कुरा थाहा हुन्छ (रेग्मी, २०५७ : २७) । इस्मालीको **जिरोमाइल** (२०५६) दोस्रो प्रकाशित उपन्यास हो । यस उपन्यासमा राज्यले युवाहरूका आवश्यकतालाई बेवास्ता गर्दा युवा शक्ति समाज निर्माणमा जुट्नु पर्नेमा बाटो बिराएर हिंडेको अवस्था छ । युवाहरू समाजमा बदनाम भइरहेका छन् । यदि यो शक्तिलाई सही बाटोमा ल्याउन सकिएमा राष्ट्र निर्माणमा युवाहरूको ठूलो योगदान हुने कुरा यस उपन्यासले सन्देश दिन खोजेको छ (भट्ट, २०६८ : २०) । इस्मालीको **गणतान्त्रिक चेतोन्मुख** (२०६२) तेस्रो प्रकाशित उपन्यास हो । यस उपन्यासमा सम्पूर्ण नेपाली समाजलाई गणतन्त्रको चेतना जगाउने र गणतन्त्र प्राप्तिका लागि एकजुट हुनुपर्ने कुरा प्रस्तुत गरिएको छ ।

### २.३.२.५ अनुवादक व्यक्तित्व

इस्मालीको बहुआयामिक व्यक्तित्वभित्र अनुवादक व्यक्तित्व पनि पर्न जान्छ । उनले विभिन्न भाषामा लेखिएका रचनाहरूको अनुवाद गरेका छन् । यसले इस्माली एक सशक्त अनुवादक हुन् भन्ने परिचय दिन्छ । ती निम्नानुसार छन् :

१) भीष्म प्रतिज्ञा छु म (प्यालेस्टाइनी कविता विहानी, वर्ष २, अङ्क ३)

२) रगतको समुद्र (कोरियाली अपेरा जनमत पाक्षिक, वर्ष १, अङ्क १७ पौष ३०, २०४१)

यसका साथै कुनै धनादेश आएन (मलायस), सिमेन्टको बोरा (जापानी), घाम झुल्कनु अघि (पाकिस्तानी कथा) जस्ता रचनाहरू अनुवाद गरेका छन् (रेग्मी, २०५७ : २८) । कुनै पनि रचनालाई अनुवाद गर्दा त्यसको मूल मर्म र उद्देश्य क्षय नहुने गरी अनुवाद गर्नुपर्छ । मैथिली र हिन्दी भाषामा रहेका रचनाहरूलाई नेपाली भाषामा अनुवाद गर्ने काम इस्मालीले गरेका छन् । यसरी अनुवाद गर्ने क्रममा गद्य विधालाई छनौट गरेका इस्मालीको **अकलान्त कौरव** उपन्यास पनि अनुवादित छ । यसरी मूल रचनाको मर्म नबिगारी रूपान्तरण गर्ने क्षमता इस्मालीमा भएकाले उनी एक सफल अनुवादक हुन भन्न सकिन्छ ।

### २.३.२.६ बाल साहित्यकार व्यक्तित्व

इस्मालीले बालकथाको रचना गरेको देखिन्छ । उनका बालकथाहरू **गोरखापत्र**, **नवयुवा**, **महेन्द्रवाटिका** जस्ता पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । **मुना**मा 'रमाइलो गणित' शीर्षकमा र गणित सम्बन्धी अन्य रचनाहरू पनि प्रकाशित भइसकेका छन् । 'ज्ञानको ढोका', 'पश्चाताप', 'कोलम्वसको चतुऱ्याइँ', 'मार्कटवेनको चलाखी', 'विनय फेरि पढ्न थाल्यो' जस्ता शीर्षकका बालकथाहरू उल्लेख्य कथा हुन् । इस्मालीले अन्तराष्ट्रिय साहित्यका उत्कृष्ट कथा, कविताहरू पनि अनुवाद गरेको देखिन्छ । कोरिया, इन्डोनेसिया, प्यालेस्टाइन, तान्जानिया, इरान, जापान, बङ्गलादेश र पाकिस्तान जस्ता मूलुकका कथा, कविताहरू अङ्ग्रेजी र हिन्दीबाट अनुवाद गर्ने काम गरेको देखिन्छ । यसरी इस्मालीलाई बालसाहित्यकार व्यक्तित्वका रूपमा मानिन्छ ।

### २.३.३ साहित्येतर व्यक्तित्व

इस्मालीको साहित्यिक व्यक्तित्वका अतिरिक्त साहित्येतर व्यक्तित्व पनि रहेको छ । उनका साहित्येतर व्यक्तित्वमा लेखक व्यक्तित्व, शिक्षक व्यक्तित्व, प्रशासनिक व्यक्तित्व र विभिन्न सङ्घ सङ्गठनमा आबद्ध व्यक्तित्व रहेका छन् ।

### २.३.३.१ गैरसाहित्यिक लेखक व्यक्तित्व

साहित्यिक व्यक्तित्व सँगसँगै इस्मालीको साहित्येतर व्यक्तित्वमा गैरसाहित्यिक लेखक व्यक्तित्व पनि देखिन्छ । इस्मालीले विद्यालय तहका लागि थुप्रै गणितका रचनाहरू प्रकाशित गरेका छन् । आफ्नो पढाउने विषय पनि गणित भएकाले र आफ्नो दक्षता देखाउने क्रममा विभिन्न पत्रपत्रिकामा महेश पौडेलका नामबाट रचनाहरू प्रकाशित गरेका छन् । गणित विषयलाई रुचिकर बनाउने उद्देश्यले महेश पौडेलले "ज्यामितिको आत्मकथा", "अल्जेब्राको न्वारन" जस्ता गणितसम्बन्धी रोचक रचनाहरू **नवयुवा** मासिक पत्रिकामा प्रकाशित गरिसकेका छन् । महेश पौडेलको "साञ्चारिक गणित: प्रचलन, प्रयोग र अपेक्षा" (प्रज्ञा ३७, ने.रा.प्र., काठमाडौं) गणितीय भाषाका सम्बन्धमा लेखिएको उत्कृष्ट लेख हो । साथै इस्मालीले महेश्वरप्रसाद उपाध्यायको नामबाट "अप्टिमाइजेशन एण्ड लिनियर प्रोग्रामिङ्" नामक बी.ए., बी.एस्सीका लागि गणित विषयको सहायक ग्रन्थ पनि रचना गरेका छन् ।

इस्मालीले विभिन्न दैनिक तथा साप्ताहिक पत्रपत्रिकाहरूमा समसामयिक स्तम्भहरू लेख्ने गरेको पाइन्छ । **पृष्ठभूमि** साप्ताहिकमा २०३९-२०४७ सालको अवधिमा प्रायजसो स्तम्भकारका रूपमा इस्मालीले कलम चलाएको देखिन्छ (रेग्मी, २०५७ : ३१) । **जनएकता** साप्ताहिकमा समसामयिक टिप्पणीकारका रूपमा कलम चलाएको कुरा इस्मालीले बताउँछन् । उनी प्रगतिशील लेखक संघको मुखपत्र **प्रलेस**को सम्पादक मण्डलका सदस्य हुनुका साथै 'इन्द्रेनी' सांस्कृतिक समाज नेपालको केन्द्रीय समितिको साहित्य विभागका सदस्य पनि हुन् । यसरी कलम चलाउँदा उनले कहिले इस्माली र कहिले महेश पौडेल नामलाई प्रयोग गरेका छन् ।

### २.३.३.२ शिक्षक व्यक्तित्व

शिक्षण पेसा अङ्गाल्दै जीवनको प्रारम्भ गर्ने इस्माली सक्षम एवम् सचेत शिक्षक व्यक्तित्वका रूपमा चिनिन्छन् । इस्मालीले आई.एड. उत्तीर्णपश्चात् बर्दिवासस्थित श्री जनता निम्न माध्यमिक विद्यालयमा केही वर्ष पढाएको देखिन्छ । त्यस्तै गरी सिन्धुपाल्चोक, नुवाकोट र काठमाडौंका विभिन्न विद्यालयहरूमा गणित र विज्ञान शिक्षकका रूपमा इस्मालीले काम गरेको थाहा हुन्छ । विद्यालयमा अध्यापन गर्दै र आफ्नो स्नातकोत्तर तहको अध्ययनलाई सफलतापूर्वक अगाडि बढाएर इस्मालीले स्नातकोत्तर उपाधि ग्रहण गरेको देखिन्छ । यसबाट उनको परिश्रम र लगनशीलता स्पष्ट हुन्छ ।

इस्मालीले रत्न राज्यलक्ष्मी क्याम्पसमा स्थायी उपप्राध्यापकका साथै महेन्द्र आदर्श विद्याश्रम, ललितपुरमा सहायक प्रधानाध्यापकका रूपमा पनि कार्य गरेको देखिन्छ । यसरी शिक्षण, अध्यापन कार्य अनि शिक्षण क्षेत्रसँग नै सम्बन्धीत हुँदै राष्ट्र विकासको पहिलो आधार जनचेतना जगाउनमा शिक्षाको अपरिहार्य भूमिकामा आफ्नो तर्फबाट सक्दो योगदान पुऱ्याउन इस्माली दत्तचित्त देखिन्छन् । मूलतः गणित र विज्ञान विषयको शिक्षण गर्ने इस्माली पाठ्यक्रम निर्देशित विषयवस्तु मात्रको सतही ढङ्गले आदान प्रदान गर्नु अनि परीक्षामुखी अध्ययन अध्यापनमै सीमित शिक्षणको विरोध गर्दछन् र विद्यार्थीहरूलाई जरैदेखिको ज्ञान दिएर शिक्षण गर्नुपर्ने मान्यतामा विश्वास गर्दछन् (रेग्मी, २०५७ : ३१) । इस्माली हाल सानोठिमी क्याम्पस भक्तपुरमा गणित विषयमा प्राध्यापनरत छन् । उनको शिक्षणको लामो अनुभव र दक्षताको कदर गर्दै उनलाई गणित विभागको विभागीय प्रमुखको

जिम्मेवारी समेत दिइएको छ । जागिरे जीवनको सुरुवातमा देखा परेको यिनको शिक्षक व्यक्तित्व समग्र जीवनको एक महत्त्वपूर्ण पाटो भई देखापर्दछ ।

### २.३.३.३ प्रशासनिक व्यक्तित्व

शैक्षिक क्षेत्रसँग सम्बद्ध रहेर लामो समयसम्म आफ्नो सेवा प्रदान गर्ने इस्मालीका लागि कर्तव्यप्रति निष्ठा, लगनशीलता, कार्यदक्षता तथा इमानदारीता आदि जस्ता गुणहरू सहजसाध्य हुनु अत्यन्तै स्वभाविक छ र यसैबाट इस्मालीको प्रशासनिक व्यक्तित्व पनि झल्कन्छ (रेग्मी, २०५७ : ३२) । इस्माली महेन्द्र आदर्श विधाश्रमको सहायक प्रधानाध्यापक र रत्न राज्यलक्ष्मी क्याम्पसमा गणित विभागको विभागीय प्रमुखको भूमिकामा रही काम गरेको देखिन्छ । कार्यालयमा तहगत आचरण र जिम्मेवारी पूरा गर्नुपर्दछ । साथै प्रशासकले पनि जिम्मेवारी अनुसार काम लिनुपर्दछ । मानवीय आचरण अनुसारका मागहरूलाई ध्यानमा राखी संस्थालाई हानी नपुग्ने गरी सम्बन्धित मागहरूलाई हेर्नुपर्दछ । कर्मचारीहरूलाई सुविधा सहुलियत दिंदै सन्तुलनमा राखेमा सामूहिक कार्य सफल हुन सक्दछ भन्ने विचार राख्ने इस्माली हाल सहप्राध्यापकका रूपमा सानोठिमी क्याम्पस भक्तपुरमा गणित विभागको विभागीय प्रमुख पदमा कार्यरत छन् ।

### २.३.३.४ विभिन्न सङ्घ सङ्गठनमा आबद्ध व्यक्तित्व

इस्माली सानैदेखि वामपन्थी राजनीतिबाट प्रभावित थिए । उनी एम.एड. पढ्दा स्वतन्त्र विद्यार्थी युनियनको सचिव पदमा रही विद्यार्थी हक र अधिकारका लागि काम गरेको देखिन्छ (रेग्मी, २०५७ : ११) । इस्मालीले “प्रगतिशील लेखक कलाकार सङ्घ” को सङ्गठन निर्माणका लागि तयार पारिएको बाग्मती अञ्चल तयारी समितिको सचिव पदको जिम्मेवारी सम्हालेको देखिन्छ । उनी प्रगतिशील लेखक सङ्घको मुखपत्र **प्रलेस**को सम्पादक मण्डलका सदस्यका साथै ‘इन्द्रेनी सांस्कृतिक समाज नेपाल’को केन्द्रीय समितिको साहित्य विभागका सदस्य पनि रहेका छन् । इस्माली त्रि.वि.प्राध्यापक सङ्गठनको केन्द्रीय सदस्य पनि भएका थिए (भट्ट, २०६८ : २३) । उनी नेपाली गणित समाजका आजीवन सदस्यका साथै बुद्धिजीवी सङ्गठनसँग हालसम्म संलग्न रहेका छन् । इस्माली विभिन्न लेखक सङ्गठनहरूसँग पनि आबद्ध रहेको जानकारी प्रष्ट हुन्छ ।

## २.४ निष्कर्ष

कथाकार इस्मालीले आफ्नो जीवन भोगाइका अनुभवहरू आफ्ना कृतिमा आफू जन्मे हुर्केको गाउँ, ठाउँ, घरपरिवार, समाज, संस्कार, परम्परा र जीवन भोगाइका क्रममा आइपरेका तीता मीठा अनुभवलाई समेटी कथा सिर्जना गरेका छन् । कुनै पनि कृतिको अध्ययन गर्नुपूर्व कृतिकारको जीवनी अध्ययन गर्नु आवश्यक हुन्छ । उनको **घाम घामजस्तो छैन** कथा सङ्ग्रहको अध्ययन गर्नुपूर्व उनको पारिवारिक पृष्ठभूमिको अध्ययन गरिएको छ । यस अध्यायमा इस्मालीको जन्म, बाल्यकाल, प्रारम्भिक शिक्षा, शिक्षा-दीक्षा, विवाह तथा पारिवारिक जीवन, बसोबास तथा आर्थिक अवस्था कार्यक्षेत्र र संलग्नता, पुरस्कार र सम्मानको अध्ययन गर्नुका साथै इस्मालीको व्यक्तित्वमा साहित्यकार र साहित्येतर व्यक्तित्वको अध्ययन गरिएको छ । साहित्यकार व्यक्तित्वमा कवि, निबन्धकार, कथाकार, उपन्यासकार, अनुवादक र बालसाहित्यकार व्यक्तित्व रहेका छन् भने साहित्येतर व्यक्तित्वमा लेखक, शिक्षक, प्रशासनिक र विभिन्न सङ्घ सङ्गठनमा आबद्ध व्यक्तित्व भएको कुरा पुष्टि हुन्छ ।

# अध्याय तीन

# विधातात्विक दृष्टिले घाम घामजस्तो छैन कथासङ्ग्रहको विश्लेषण

## ३.१ विषय परिचय

**'घाम घामजस्तो छैन'** (२०५८) इस्मालीको दोस्रो कथासङ्ग्रह हो । यसमा २०३७ सालदेखि २०५३ सालसम्मका सोह्र वर्षका विभिन्न समयमा विभिन्न पत्रिकामा प्रकाशित भइसकेका कथाहरू सङ्गृहीत छन् । सङ्गृहीत कथाहरूले दुई राजनैतिक कालखण्ड समेटेका छन् पञ्चायती व्यवस्था र बहुदलीय व्यवस्था । पञ्चायती व्यवस्थाको पनि उत्तरार्द्ध चरण अर्थात् जनमत सङ्ग्रहपछिका कथाहरू समेटिएका छन् । २०३७ सालपछिको र बहुदलीय व्यवस्थाको पहिलो चरण अर्थात् २०४७ सालदेखि २०५२ मा माओवादी विद्रोह सुरु भएको प्रारम्भिक वर्ष अर्थात् २०५३ सालसम्मका पूर्वप्रकाशित कथाहरूलाई यस कथासङ्ग्रहमा समेटिएको छ । यस सङ्ग्रहभित्र सामाजिक, सांस्कृतिक, पारिवारिक र राजनीतिक विषयवस्तुलाई समेटेर लेखिएका कथाहरू सङ्गृहीत छन् । प्रस्तुत सङ्ग्रहका कथाहरूले निरङ्कुश पञ्चायती व्यवस्थाको उत्तरार्द्धको यथार्थ र बहुदलीय व्यवस्थाको पहिलो चरणको यथार्थलाई प्रतिबिम्बित गरेको स्पष्ट हुन्छ ।

## ३.२ विधातात्विक दृष्टिले घाम घामजस्तो छैन कथा सङ्ग्रहको विश्लेषण

**घाम घामजस्तो छैन** कथासङ्ग्रहको कथानक, चरित्रचित्रण, दृष्टिबिन्दु, पर्यावरण, सारवस्तु र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

### ३.२.१ कथानक

कथाकारले कथामा गर्ने घटनाहरूको व्यवस्थापन नै कथानक हो । यसमा घटनाको क्रमलाई लेखकले कारण सहित विभिन्न किसिमले व्यवस्थापन गर्ने गर्छ । कथानकमा घटना घट्नुको कारण समेत उल्लेख हुन्छ र त्यसभित्र तर्क, बुद्धि, कल्पना तथा कौतुहलको पनि प्रयोग भई त्यसलाई कलात्मक बनाइएको हुन्छ । घटनाको शृङ्खलालाई कथा, कारण र प्रभावसहित व्यवस्थापन गरिएका घटनाको ढाँचालाई कथानक भनिन्छ ।

समयक्रममा उनिएका घटनाका अतिरिक्त बुद्धितत्त्व, स्मृति, कल्पना, रहस्य आदिको मिश्रण पनि कथानकमा हुन्छ । द्वन्द्व र क्रियाको प्रयोगले कथानकलाई आर्कषक बनाउनुका साथै विभिन्न मोड लिन र कथालाई कौतुहलपूर्ण बनाउँछ (बराल, २०६९ : ५७) ।

कथानकको आङ्गिक विकास आदि, मध्य र अन्त्यद्वारा समृद्ध हुन्छ । कथानक क्षीण भएको अवस्थामा र अकथामा कथानकको यस खालको पूर्ण विकास सम्भव हुदैन । कथानकको विकासका क्रममा आदि, मध्य र अन्त्य क्रमशः नआएर अन्त्य, मध्य र आदि भाग पनि आउन सक्छ । कथामा गरिने यो खालको प्रयोगलाई पूर्वदीप्ति शैली भनिन्छ । कथानकलाई मुख्य, सहायक, सरल र संयुक्त, सुगठित र व्यवस्थित, रैखिक र वृत्ताकारीय, द्वन्द्व र क्रिया गरी विभिन्न प्रकारमा विभाजन गरेको देखिन्छ ।

प्रस्तुत कथासङ्ग्रहमा देखा परेका कथाहरू विभिन्न प्रकारको कथानक ढाँचामा रहेका छन् । 'चिठ्ठीका हरफहरू' पहिलो पटक २०३७ सालमा **सेरोफेरो** पत्रिकामा प्रकाशित कथा हो । यस कथाको कथावस्तु सङ्क्षिप्त आयामको छ । सहरको कुनै कार्यालयमा 'म' पात्र (दाजु) काम गर्दै गर्दा गाउँमा भोकमरी लागेको यथार्थ चित्रण गरिएको भाइको चिठ्ठी आउँछ । गाउँमा रहेको भाइले गाउँको विपन्नतालाई चित्रण गर्दै अनिकालको कारण मान्छेहरू मरिरहेका छन् भन्ने कुरालाई यसरी देखाइएको छ :

"अचेलहुँदो गाउँतिर अर्थात् यतातिर अनिकालको बिगबिगी छ । खान नपाएर मान्छेहरू भोकभोकै मर्दैछन् । कोही भोकको पीडा खप्न नसकेर विष खाएर मर्दैछन् । हिँजो भर्खर माइला कामी मर्‍यो, विष खाएर मर्‍यो वा त्यसै मर्‍यो भन्न सकिन्न तर ऊ मर्‍यो र हामीले उसलाई बगरमा गाडेर आयौँ । सायद गाउँको ऊ पहिलो मुर्दा होला जसलाई पोलिएन । दाउराको अभाव जो छ" (पृ.२) ।

यस कथामा खान नपाएका कारण सरकार समक्ष भरीपेटको माग गर्दा पुलिस प्रशासन मार्फत गरिएको आक्रमणलाई यसरी देखाउन खोजिएको छ :

"ए ऽऽ तिमीहरू भोका छौ हैन ? लौ पेट भर त...भन्दै उसले सुइचय... पारेर ह्वीपल बजायो । त्यसपछि त के थियो र !" (पृ.४ ) ।

त्यसैगरी बर्दीधारीहरूले छोरीबुहारीलाई अश्लील व्यवहार गरेको र लोग्ने मान्छेलाई कोर्राले हान्दै नाङ्गो सडकमा घिसारिरहेको अवस्था छ । भाइले गरिबीको कारण पढाइसम्म

छोडेको, आन्दोलनमा आफ्नो खुट्टा भाँचिएको कुरालाई चित्रण गर्दै सुविधा सम्पन्न काठमाडौं सहरमा अधिकृत सरहको जागिर गरी ऐस आराममा भुलेर गाउँका आफन्तलाई भुलेको कुरा यसरी चित्रण गरिएको छ :

"तपाई त काठमाडौंमा हुनुहुन्छ । जे भए पनि सुविधा सम्पन्न ठाउँ ! गतिलो जागिर ! मोजैमा दिनहरू बित्दै होलान् हैन त ?" (पृ. २) । त्यस्तै :

"अब त आँखाभरि हरिया नोटहरू नाच्दा होलान् हैन त ? सुन्दछु, भतिजा भतिजीहरू पनि कन्भेन्टमा पढ्छन् रे, भाउजुलाई त हाइसन्चो भयो होला, हैन त ? हामीलाई पाल्नु परेननी...!" ( पृ.३ ) ।

'म' पात्रलाई चिठ्ठीका हरफहरू पढिसकेपछि आत्मग्लानि बोध हुन्छ । 'म' पात्रले श्रीमतीका कारण घरपरिवारलाई बिर्सेको कुराबाट आफूलाई धिकार्दै डेरातर्फ लागेपछि यस कथाको कथानक टुङ्गिएको छ ।

प्रस्तुत कथाको आदि भागमा गाउँमा लागेको भोकमरीबाट सुरु भई गरिबीको कारण भाइले पढाई छोडेसम्मका घटना रहेका छन् । मध्यभागमा सरकार समक्ष खान माग्दै जुलुस निस्केको घटनादेखि स्त्रीमाथि जबरजस्ती गरेसम्मका घटना रहेका छन् । जुन चरमोत्कर्षमा पुगेको छ । अन्त्य भागमा 'म' पात्रको पश्चताप बोध जस्ता घटना रहेका छन् । यसैमा कथानक टुङ्गिन्छ । यसरी आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकोले यस कथाको कथानक ढाँचा रैखिक प्रकारको छ ।

'घिडघिडो' कथा सर्वप्रथम २०४५ सालमा **हलकारा** पत्रिकामा प्रकाशित भएको हो । यो कथा मध्यम आयामको छ । यसमा ग्रामीण परिवेशमा जरा गाडेर बसेको सांस्कृतिक धरातललाई प्रस्तुत गरिएको छ । यस कथाको कथानक सांस्कृतिक विषयमा केन्द्रित छ र यो पूर्व स्मृति कथनशैलीमा प्रस्तुत गरिएको छ । पण्डित शिवहरि पाण्डे कुनै जमानामा प्रख्यात पण्डित हुन् । उनी बिरामी परेका छन् । बिरामी परेदेखि पूजाकोठाको एक छेउमा ओछ्यानमा परेका छन् । उनलाई पुरोहित्याँइको धङ्धडीले दरिलो तरिकाले समातेको छ । बिरामी परेपछि भगवानको सेवा गर्न नसकेकोमा उनलाई ठूलो चिन्ता छ । पूजाका सामग्री कोठामा असरल्ल देखेपछि उनी ग्लानिले बर्बराउँछन् :

"हे प्रभो ! यो सेवकलाई चाँडै आराम गराइदिए चाँडै भक्ति भाव गर्न पाउथेँ प्रभुले निराहार बस्नु पर्दैनथ्यो ! कठै...! के बिजोग...! के समकाल देख्नु पर्‍यो..." (पृ. ७-८) ।

उनी पुराना संस्कार र प्रचलनहरूको निरन्तरता चाहन्छन् । नयाँ पुस्ताले पुराना मान्यता विपरीत काम गरेकामा निकै चिन्तित छन् । त्यही चिन्ताले उनी निकै पीडित छन् तर समाज त्यसको विपरीत दिशातिर बगिरहेको छ । त्यसको अगुवा पात्र उनको एकमात्र आफ्नै पुत्र रहेको छ । शिवहरि पाण्डे ओछ्यानमा परेका बेला आफ्ना पूर्व स्मृतिका घटनाहरू सम्भन्छन् । उसबेला आफू इलाकाकै विद्वान ठहरिएको र अङ्ग्रेजी पढ्नेहरूसँग तर्क गरेकोमा जसरी भएपनि जितेको कुरा उल्लेख छ :

''नाकको डाँडीमा आइपुगेको चस्मा समाउँदै आफ्नो वाक्पटु शैलीमा भन्थे 'हेर बाबु हो ! तिमीहरू अङ्ग्रेजीको फूर्ति लाउँछौ नि तर तिनै अङ्ग्रेजहरू कतै क्वै शान्ति नपाएर यै धरतीमा आएर हरिकीर्तन गर्न लागेका छन्' र धक फुकाएर गलल्ल हाँस्थे'' (पृ. १०) ।

पुरानो संस्कृत शिक्षाको ठाउँमा अङ्ग्रेजी शिक्षाको प्रचार प्रसारले गर्दा दैवी सृष्टिका ठाउँमा विकासवादी सिद्धान्तको निकै प्रचार प्रसार देखेर पण्डित दुःखी छन् । विस्तारै पण्डित आफ्नो तर्कबाट हार्दै गएका छन् । औषधी उपचार गर्न आउने धामीझाँक्री, डाक्टर, वैद्यले समेत निराशा व्यक्त गर्न थालेपछि कथानकले गति लिन्छ । पण्डितले मृत्युपूर्व गरिने दानकर्म गराउँदै  जान थाल्छन् । यिनलाई कसैले आफ्नो छोराको सत्बुद्धि फिराईदेला भन्ने आशा लागेको थियो । छोरो नास्तिक प्रवृत्तिको थियो । उसले रूढिवादी परम्परालाई बेवास्ता गर्दथ्यो र अन्याय अत्याचारको विरोध गर्दथ्यो, जुवातास नराम्रा कर्म हुन् भनी नामै लिदैनथ्यो । यस कुराबाट पण्डित शिवहरि खुसी थिए तर नास्तिक भएको कारण दुःखी थिए । दिनभर पण्डित बाजेको घरमा इष्टमित्रहरू आउने गर्थे । तिनीहरूमध्ये कुनैले पनि छोरालाई आस्तिक बाटोमा ल्याउन खोजेका थिएनन् । बाजेलाई  मामाको छोरा भाई मार्फत् छोरालाई सम्झाई बुझाई गर्दा मान्ला र पितृकर्म गर्लाकी भन्ने आशा लागेको थियो तर भाइले सम्झाउनुको सट्टा वर्तमानको परिवर्तनशील जमाना अनुरूप हामीहरू आफै बदलिनुपर्छ भनेकाले अन्तिम घिड्घिडो पनि समाप्त हुन्छ ।

प्रस्तुत कथामा पुरानो पुस्ता र नयाँ पुस्ताको द्वन्द्व देखाइएको छ । द्वन्द्वमा पुरातनवादी पुरानो पुस्ता आधुनिक परिवर्तनशील नयाँ पुस्ताका अगाडि यसरी झुकेको छ :

"नभनेर के गरौं ? जुगजमाना अनुसार चल्नैपर्‍यो । जहिले पनि 'मेरो गोरूको बाह्रै टक्का' भनेर हुँदो रहेनछ । कस्ता-कस्ता मैं हुँ भन्ने पण्डितले गाह्रोसाह्रो फुकाइसके भने तपाई हामी त । सिमलको भुवाजस्तो मनलाई जता लगाए नि जान्छ, मनलाई मनाउनु पर्छ, चित्त वुझाउनुपर्छ !" (पृ. १३) ।

यसबाट सामन्तवादी, पुँजीवादी सत्ताको अन्त्यपछि समाजवादी वा विकासवादी युग वा सत्ता आउँछ भन्ने मार्क्सवादी चिन्तन समेत देखा परेको छ । प्रस्तुत कथाको कथानक ढाँचा वृत्ताकारीय रहेको छ । सुरुमा बिरामी भएको घटना, त्यसपछि आफ्नो स्मृतिका घटनाहरू आएका छन् । अनि फेरि बाजेको व्यथा ठिक नहुने सङ्केत देखा परेको छ । यस कथामा बाजेले छोरालाई आफू अनुरूप बनाउन खोजेको तर नसकेको घटना अन्त्यमा आएका छन् ।

'आड' कथा पहिलो पटक २०४६ सालमा **गरिमा** पत्रिकामा प्रकाशित भएको हो । यस कथामा तराईको ग्रामीण समाजमा विद्यमान धामीझाँक्री, बोक्सी जस्ता कुसंस्कृतिलाई आफ्नो विषयवस्तु बनाइएको छ । ग्रामीण समाजमा बोक्सीको नाममा समाजका नारीहरूलाई उपल्लो वर्गका मानिसहरूले कसरी शोषण गर्दछन् भन्ने कुराको चित्रणबाट कथानकको आरम्भ भएको छ । 'आड' कथामा फुलेसरीकी आमा र फुलेसरी आर्थिक विपन्नता, सामाजिक आरोप, अबहेलना र विभिन्न खाले शारीरिक शोषण र उत्पीडनको मारमा परेका छन् । फुलेसरी वंशीलालहरूबाट बलात्कृत भएकी छ तर उसले सामाजिक न्याय पाएकी छैन । उनीहरू सन्त्रासका बिचमा जीवन गुजारिरहेका छन् । जसलाई यसरी देखाउन सकिन्छ :

"गाउँमा साँडेहरूको रजाँइ छ । घरमा दरो मान्छे नभएपछि ! आग्लो लाएर घरभित्र बसे पनि ढोकै नभएको घरमा बस्या जस्तो हुँदो रैछ" (पृ . १६) ।

यस्तो सन्त्रासका बिचमा उनीहरू रातमा सुत्दा सिरानीमा हँसिया राखेर सुतेका छन् । छिमेकी देवीलालको छोरो सिकिस्त बिरामी परेकोले धामी राखिएको छ । धामीले प्रस्तुत गरेको बोक्सीको फेहरिस्तमाथि छलफल गर्न पञ्चायत बसेको छ । पञ्चायतले फुलेसरीकी आमालाई वरिष्ठ बोक्सी ठहराई तीन दिन भित्र गाउँ निकाला गर्ने निर्णय गरेको छ । उसको जायजेथा पञ्चभलाद्मी नामका ठालुहरूले नै नाम मात्रको पैसामा हडप्छन् । फुलेसरीकी आमा र फुलेसरीलाई आफ्नो घरमा बाबु भएको भए यस्तो हुने थिएन भन्ने

लाग्छ । गाउँका सहरमा पढ्ने केही विद्यार्थी र चुनावमा हारेकाहरूले त्यस प्रकारको निर्णयको विरोध गर्दछन् तर तिनीहरूको कुरा कसैबाट सुनुवाई हुँदैन । रामसेवकले उनीहरूको सहयोगी भएर कानुनी लडाइँ लड्नु पर्ने कुरा गरी ती दुई आमा छोरीलाई फकाई भारतको वेश्यालयमा बिक्री गर्न लैजान्छ तर भारतमा औषधी विज्ञान पढिरहेको माइती गाउँको युवक फेला पर्छ । उसको सहारामा ती दुई आमा छोरी वेश्यालयमा बेचिनबाट बचेको घटनाबाट कथानकको अन्त्य हुन्छ ।

यस कथामा कथानकको आदि भागमा ग्रामीण निम्नवर्गीय परिवारका नारीमाथि गरिने सामाजिक, शारीरिक शोषण हुने तर तिनीहरुले न्याय नपाएको अवस्था आएको छ । मध्य भागमा घरैमा ढोका लगाई सुते पनि सन्त्रस्त अवस्थामा बस्नुपर्ने स्थिति देखि उनीहरूको जायजेथा हडप्नुसम्मका घटनाहरू आएका छन् । जुन यस कथाको चरमोत्कर्षमा पुगेको छ । अन्त्य भागमा कानुनी लडाइँ लडिदिने भनी ललाई फकाई भारतको वेश्यालयमा लैजानुदेखि युवकले उनीहरूको उद्धार गरेको घटनाहरू आएका छन् । यसरी आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकाले यस कथाको कथानक ढाँचा रैखिक प्रकारको छ ।

'बुद्धिप्रसादको काँचुली' पहिलो पटक २०४७ सालमा **लहर** पत्रिकामा प्रकाशित भएको हो । यस कथामा २०४६ सालको परिवर्तनपछि पञ्चायती पृष्ठभूमिका मान्छेहरू व्यापक रूपमा संसदीय दलमा प्रवेश गरे त्यसको प्रभावमा काङ्ग्रेस मात्र होइन आमूल परिवर्तनमा विश्वास गर्ने कम्युनिस्ट दल पनि परेको कुरालाई विषयवस्तु बनाइएको छ । बुद्धिप्रसाद शर्मा व्यस्त राजनीतिक कार्यकर्ता हो । एक दिन प्रजातान्त्रिक विषयक गोष्ठीमा भाषण गर्दा कसैले उसलाई "हिँजोसम्म पहेलाको तलुवा चाटेर बस्थ्यो, आज पानीमाथिको ओभानो भएर चुरीफुरी गर्दो रैछ" (पृ. २५) भनी सबैले सुन्ने गरेर भनी दिएपछि कथानकको आरम्भ हुन्छ । त्यस घटनाले उसलाई विगतको जीवनतिर पुऱ्याउँछ । ऊ पेमा सेर्पिनीको भट्टी पसलमा छ । भट्टी पसलको एउटा कुनामा चारपाँच जना सिल्लडहरू छन् । अर्को भित्तातिर कालो माउसुली र सेतो फुस्रो माउसुली देख्छ । सेतो माउसुलीले झिङ्गालाई लखेट्दै जान्छ तर कालो माउसुलीले त्यो झिङ्गालाई कप्लक्क खान्छ । बुद्धिप्रसादले यो दृष्य हेरिरहेको थियो । राता, निला, पहेँला, हरिया चिमहरूको झिलिकमिलिकले कोठामा थरिथरिका रङ्गीन प्रकाश छरिरहेको थियो । बुद्धिप्रसादले त्यो माउसुली कोठा सबैलाई रङ्गीचङ्गी देख्यो र दुनियाँ नै रङ्गी चङ्गी छ भन्ने कुरा बोल्यो । बुद्धिप्रसाद गरिमामय पद

हात पार्न गइरहेको छ । त्यसको निकट सम्भावना छ । त्यसैले उसका आफन्त र शुभचिन्तकहरूको उसँगको सरोकार र भेटघाटमा बढोत्तरी भएको छ । बधाई आइरहेका छन् । जलपान, रसपान र खानपान जस्ता कुराहरूको चाँप बढेको छ । लगभग त्यो पद उसले पाउने निश्चित भइसकेको छ तर सदाभैँ हाकुचाले ल्याएको अखबार किनेर पढ्दा त्यस पदमा अरूकै नाम परेको देख्छ । ऊ जिल्लिन्छ, मात्र आश्वासन पाउँछ । प्रजातन्त्र आयो २०४६ पछि ऊ पनि पञ्चायत बिरोधीका रूपमा देखापर्छ । पत्रकार सम्मेलन गर्छ । प्रजातन्त्रको पक्षमा चर्को भाषण गर्दै हुन्छ । कुनै सचेत सहभागीले उसको अवसरवादी चरित्रमाथि 'पहेँलाको तलुवा चाट्ने' उपमा दिएर गरेको प्रहारबाट ऊ घाइते बन्छ । भट्टी पसलमा बसेर रक्सी पिउँछ । कथाको कथानक यहीँ टुङ्गिन्छ ।

यसरी यस कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको शृङ्खलामा मिलेको छैन । सुरूमा पेमा सेर्पिनीको भट्टीमा गएको घटनाबाट कथानकको आरम्भ भएको छ र त्यसपछि मात्र अगाडिका घटनाहरू उसको स्मृतिमा आएका छन् । त्यसैले गर्दा यस कथाको कथानक ढाँचा वृत्ताकारीय किसिमको छ ।

'बेनीपुरवाली' पहिलो पटक २०४८ सालमा **अनुपम** पत्रिकामा प्रकाशित भएको कथा हो । यस कथामा पूर्वी तराईको निम्नवर्गीय ग्रामीण समाजको पारिवारिक समस्याको चित्रण गरिएको छ । आर्थिक दुरवस्थाका कारण बेनीपुरवालीको परिवारमा बेमेलको स्थिति सिर्जना हुन्छ । सधैंजसो बेनीपुरवालीले छिमेकीकोमा मागेर गुजारा चलाउँछे । त्यस दिन बेनीपुरवालीले गाउँघरबाट खाने कुरा खोजी तर कतैबाट पाइन । घरमा बेलुकीको खाना पाकेको छैन । छोराछोरी भोकले कङ्कला शब्दमा कराउँदैछन् । बेनीपुरवाली विभिन्न गाली गलौज गर्दै बसेकी छ । त्यसैबेला उसको लोग्ने मातेर आइपुग्छ र खानेकुरा माग्छ । लोग्नेले खानेकुरा माग्दा बेनीपुरवालीले "हाँडीमा पाक्ने कुरा पोसेर त कुकुर्नीको भोल धोकिहाल्यौ, किन चाहियो अर्थोक" (पृ. ३६) ? भनेर भन्किन्छे । मातेको लोग्नेले बेनीपुरवालीलाई पिट्न सुरु गर्छ । छोराछोरीले आमालाई बचाउन खोज्दा उनीहरूलाई पनि पिट्छ । सबैजना छिमेकीको शरणमा पुग्छन् । छिमेकीहरूकै सल्लाह बमोजिम ऊ न्याय निसाफका लागि प्रधानपञ्च कहाँ पुग्छे । भगडा गरेको भोलिपल्ट बिहान पञ्चायत बस्छ । पञ्चायतले बेनीपुरवालीको लोग्नेलाई केरकार गर्छ । ऊ बोल्दैन, मौन बस्छ । पञ्चायतकै एक भलाद्मीले उसलाई भाटाले बजाउँछ र ऊ डङ्रङ्ग भुईमा लड्छ । त्यो देखेर बेनीपुरवालीले

"खबरदार ! कसैले चलाउन पाउँदैनौ मेरो खसमलाई । निसाफ गरिदिन पो गुहारेथेँ...पिटाउन गुहाऱ्या हुँ र...चाहिँदैन तिमीहरूको निसाफ..." (पृ.३८) भन्दै लोग्नेको रक्षामा उभिन्छे । लोग्नेलाई डोऱ्याएर बेनीपुरवाली घर फर्किन्छे । पञ्चायत बसेकाहरू दङ्ग पर्छन । बाटोमा लोग्नेले बेनीपुरवालीसँग माफी माग्छ । यत्तिकैमा कथाको कथानक टुङ्गिन्छ ।

प्रस्तुत कथाको आदि भागमा बेनीपुरवालीको आर्थिक अभावका कारण विकास भएको गाली गलौजको बानी देखि उसले गाउँभरि माग्दा पनि कतैबाट खान नपाएका घटनाहरू आएका छन् । मध्यभागमा मजदुरी गरेर जम्मा गरेको धान उसको लोग्नेले भट्टीमा बेचेर मातेर आएदेखि बेनीपुरवाली छिमेकीको शरणमा पुगेकोसम्मका घटना आएका छन् । जुन यस कथाको चरम अवस्था हो । अन्त्य भागमा न्याय दिलाउन पञ्चायत बसेदेखि पञ्चायतलाई हप्काएर लोग्नेलाई लिएर हिंडेको र लोग्नेले माफी मागेको घटना आएका छन् । यसरी आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको हुँदा यस कथाको कथानक ढाँचा रैखिक प्रकारको छ ।

'घाम घामजस्तो छैन' पहिलो पटक २०४८ सालमा **समष्टि** पत्रिकामा प्रकाशित भएको कथा हो । यस कथाले २०४६ सालको परिवर्तन, बहुदलीय व्यवस्था र श्रमजीवी वर्गको जीवन स्तरलाई विषयवस्तु बनाएको छ । यस कथामा २०४६ सालको परिवर्तनपछि नीलकान्त जस्ता शोषक उत्पीडकहरूको मारमा परेर सहर पसेको सुखीपुर गाउँको सुखवीर साह घाम नझुल्कदै कामको खोजीमा कोठाबाट जाडाले स्युस्यु गर्दै निस्केको घटनाबाट कथानकको आरम्भ हुन्छ । ऊ न्यानो घाम र कामको खोजीमा चोकमा पुग्छ । त्यहाँ ऊ जस्तै अरू साथीहरू पनि काम र घामको पर्खाइमा थिए । ऊ आफ्ना मजदुर साथीहरूसँग कामका बारेमा गुनासा र निराशाहरू साटासाट गरेर बसिरहेको छ । काम पाइने सङ्केत कतैबाट पनि देखा पर्दैन । उनीहरू धेरै दिनदेखि बेरोजगार रहेका छन् । सुखवीरलाई उसको साथीले ढुङ्गा बोक्ने भन्छ र ढुङ्गा बोकेर पुऱ्याउने ठाउँ सोध्दा उसले टायल लाएको तीनतले घर बताउँछ । त्यस कुराले सुखवीरलाई आफ्नो गाउँको पितनाथ साहुको याद गराउँछ । पितनाथ सुखीपुर गाउँको पुँजीपति मानिने गर्दछ । ऊ गाउँका टाठाबाठा युवालाई मुग्लान पठाउँथ्यो र छोरीबुहारीलाई मुम्बईको कोठीमा बेचेर गाउँमा एकछत्र रजाँइ गर्दथ्यो ।

त्यसबखत उनीहरूको नाइके नरहरि आइपुग्छ । सुखवीरलाई नाइके नरहरि र आफ्नो गाउँको सामन्ती नीलकान्त उस्तै-उस्तै लाग्छ तर पनि उसले नरहरिलाई काम मिलाइदिन

अनुरोध गर्छ । नरहरिले काम मिलाई दिएबापत उनीहरूबाट कमिसन लिने गर्दछ । नाइके नरहरिले कतैबाट पनि काम नपाएको कुरा गर्दै आफ्नो घरको काम सित्तैमा गर्न लगाउँछ । नाइके नहरिले आफ्नो काम गऱ्यो भने सुखवीरलाई यसरी फकाउँथ्यो "सुखवीर ! लाउन खान नपेर त तिमीलाई जिन्दगी भरि मै पाल्थे" (पृ. ४५) । सुखवीरलाई गाउँमा छँदा नीलकान्तले पनि यसैगरी फकाएर आफ्नो स्वार्थ पुरा गर्दथ्यो । गाउँमा प्रजातन्त्र आएपछि आफूलाई भोट नहाल्नेलाई नीलकान्तले खेदेथ्यो । त्यसमा ऊ पनि परेथ्यो । नाइके नरहरिबाट पनि कुनै काम नपाउँदा सबै निराश हुन्छन् । त्यसैबखत महङ्गी, गुण्डागर्दी, भ्रष्टाचार, अशान्ति र कालाबजारी विरुद्ध दिउँसो विरोध प्रर्दशन र सहिद मञ्चमा आमसभा हुने कुरा माइकबाट प्रचार-प्रसार गरेको सुखवीर र उसका साथीहरूले सुन्छन् । समय निकै बितिसक्दा पनि केही काम पाउँदैनन् । केही कुल्ली साथी र नाइके नरहरि हिँडिसकेका छन् । सुखवीरले घाम चर्किसकेपछि पनि जाडो नघटेकाले आफ्नो विवशता यसरी व्यक्त गर्छ :

"धत् ! के घाम लाग्या होला, घाम घामजस्तो छैन, आङै तताउन नसक्ने घाम के काम !" (पृ. ४७) ।

त्यस पश्चात् सुखवीर आफ्ना मजदुर साथीहरू सहित दिउँसो जुलुसमा सहभागी हुने निर्णय सहित त्यस चोकबाट मूल चोकतिर लाग्छ र कथानकको अन्त्य हुन्छ ।

यस कथाको आदि भागमा सुखवीर कामको खोजीमा चोकतिर निस्केदेखि साथीहरूसँग गुनासा र निराशाहरू व्यक्त गरेसम्मका घटना आएका छन् । मध्य भागमा नाइके नरहरिको आगमनदेखि उसबाट कुनै पनि काम नपाइने सङ्केत, नीलकान्त र नरहरिको व्यवहारमा कुनै कमी नआएको सम्मका घटनाहरू रहेका छन् । अन्त्य भागमा सुखवीर र उसका अन्य साथीहरू आङै तताउन नसक्ने घामको के काम भन्दै निराश भएर जुलुसमा सहभागी हुन गएसम्मका घटना आएका छन् । यसरी प्रस्तुत कथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकाले रैखिक प्रकारको छ ।

'सङ्क्रमण' कथा पहिलो पटक २०५० सालमा **कलम** पत्रिकामा प्रकाशित भएको हो । यो कथाले तराईको ग्रामीण जनजीवनलाई अत्यन्त डरलाग्दो किसिमले ग्रस्त पारेको दाइजो प्रथालाई विषयवस्तु बनाएको छ । यस कथामा दाइजो प्रथा र त्यसको नकारात्मक आर्थिक, सांस्कृतिक र सामाजिक असरमाथि प्रकाश पार्न खोजिएको छ । आर्थिक दुरवस्था र दाइजो प्रथाजस्तो कुरीतिको भुमरीमा परेको चुल्हाइ राय छोरीको विहेको लागि केटा खोज्न गएर

घर फर्कदाबाट कथानकको आरम्भ हुन्छ । ऊ घर जाँदैछ । घरमा उसकी श्रीमती गाउँवाली, छोरो विशेशर, तीन छोरी र गाउँवालीले बिहेमा ल्याएको गुजराती भैँसी छ । त्यसमध्ये एउटी छोरीको बिहे भएको छ । उसले गुजराती भैँसीको दुध बेचेर छोरालाई बी.एड. सम्म पढाएको छ । विशेशरले गाउँको स्कुलमा मास्टरी पेशा अँगालेको छ । ठूली छोरीको विवाहमा दाइजोको रूपमा गुजराती भैँसीको पाडी दिएका थिए तर त्यो पाडी मरेपछि घरमा आएर किचकिच गर्छन । ज्वाइँ र ससुराले पछि छोरी ज्योतियालाई दाइजो कम भयो भनेर जलाउँछन् । विशेशर लगायत परिवारका सबै सदस्यहरू यस कुराले विक्षिप्त बन्दछन् । विशेशर पढे लेखेको शिक्षित हुनाले विवाहमा दाइजो केही नलिकनै गाउँको गरिब परिवारकी केटीसँग विवाह गर्दछन् । उनी समाजमा विद्यमान दाइजो जस्तो कुरीतिको अन्त्य गर्न चाहन्छन् तर त्यस्तो समाजमा सजिलै अन्त्य गर्न नसक्ने कुरा यसरी चित्रण गरिएको छ : "विशेशर ! तँ के समाजलाई बदलिदिन्छस्, समाजले तँलाई बदलिदिन्छ...!" (पृ. ५२) । लामो सुस्केरा हाल्दै चुल्हाइ राय घरमा आएर मझेरीमा बस्छ । खानपिन गरेर गएको कामका बारेमा गफ चल्दछन् । चुल्हाइ राय विरक्तिएको स्वरमा "दुनियाँमा बेइमान चोरचकारहरूको सङ्ख्या दिनदिनै बढ्दैछ, सज्जन भलाद्मी घट्दैछन् । कस्तो जुगजमाना आयो" (पृ. ५४) भन्छ र छोराको नयाँ जमाना छिट्टै आए हाइसञ्चो हुने आशा गर्दछ । गाउँवालीले काम के भयो भन्दा चुल्हाइ राय काम ढिलो चाँडो हुन्छ भन्दै यसरी बेलीविस्तार लगाउँछ : "यस पाली पनि दुई ठाउँमा हेरियो तर के गर्ने कसैलाई मोटर साइकल चाहिने, कसैलाई रेडियो क्यासेट त कसैलाई टी.भी., कसैलाई बीसहजार नगद, कसैलाई दुई विघा खेत । आफू त एक विघा खेतमा गुजारा चलाइरहेछौं भने..." (पृ. ५४) । विशेशर बुबालाई सम्झाउँदै घाँटी हेरी हाड निल्न खोज्नु पर्ने कुरा गर्छ र भन्छ "हामी त्यस्तासँग मात्र व्यवहार गर्न सक्छौँ-जो आचार, विचार र व्यवहारमा हामी समानका छन् । हतारिएर कुनै निर्णय गरिहालेर म सुनैनालाई पनि अर्को ज्योतिया हुनदिन चाहन्नँ बुबा !" (पृ. ५६) । त्यसपछि चुल्हाइ रायले सम्पूर्ण जिम्मेवारी छोरालाई दिएर आफू दुई चार दिनको पाहुना भएको कुरा गर्छ र कथानकको अन्त्य हुन्छ ।

यस कथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा मिलेको छैन । चुल्हाइ राय छोरीको विवाहका लागि केटा खोजेर फर्केर घर आउँदा बाटोमा सम्झेका घटना र घर आइसकेपछिका घटनामा सिलसिला मिलेको छैन । सुरुको घटना बिचमा, बिचको सुरुमा र अन्त्यको अन्त्यमा नै आएका छन् । त्यसैले यस कथाको कथानक वृत्ताकारीय ढाँचाको छ ।

'बापती' कथा पहिलो पटक २०५१ सालमा **वेदना** पत्रिकामा प्रकाशित भएको हो । यस कथाको विषयवस्तु २०४६ सालपछिको पुर्नस्थापित प्रजातन्त्र हो । "थाहा पाउनु भो, काइँला बा ? अब त फेरि चतुरमानकै हाइहुकुममा चल्नु पर्ने भो !" (पृ. ५७) बाट यस कथाको कथानक आरम्भ हुन्छ । "जिन्दगी भर त्यै पापिष्टका विरुद्ध लडियो र बल्ल त्यसको दाँत फुकालिएथ्यो । अब फेरि त्यसैका हाइहुकुममा बाँच्नुपर्ने ? के कुरा गर्छौ तिमी ?" (पृ. ५७) । काइँला बा 'ऊ' पात्रसँग कुरा गरिरहँदा समाजमा अन्यायको पक्षमा लडेकाहरूलाई चैते व्यक्तिहरूले निशाना बनाएका हुन्छन् । पार्टीका नवप्रवेशीका कार्यकर्तालाई स्वागत गर्ने र गाउँले सहिद वाणीभक्तलाई माल्र्यापण कार्यक्रमका लागि मन्त्री आएका छन् । यस कार्यक्रमका सभापति काइँला बा बनेका छन् । मन्त्री आउँदा बाटोमा स्वागत र जय जयकार गर्दै एउटा जुलुस निकालिएको थियो । यसै समयमा मन्त्रीको विरोधमा हातमा कालो झण्डा समाएर "जनघाती मन्त्री मुर्दावाद ।" (पृ. ५९) नारा लगाएर अर्को जुलुस आउँछ । दुवैको भिडन्त हुन्छ । भिडन्तमा कालो झण्डा देखाएर विरोध गर्नेहरूलाई पुलिसले लाठी र कोर्रा लगाउँदै थानामा पुऱ्याउँछ । मन्त्री सहितको सरकारी सुरक्षाकर्मीले नेतृत्व गरेको जुलुस गाउँको प्राइमरी स्कुलको प्राङ्गणमा पुगेर सभामा परिणत हुन्छ । काइँला बा लगायतका अन्य आमन्त्रित अतिथीले महामानवका तस्विरदेखि गाउँले सहिद वाणीभक्तको फोटामा माल्र्यापण गर्दछन् । चतुरमानलाई पार्टीमा प्रवेश गराइँदै छ । उही चतुरमानले वाणीभक्तलाई सहिदको मान गरेजस्तो गरेर माल्यार्पण गर्दैछ । त्यो देखेर देशभक्त काइँला बाले सम्पतिको लोभमा लाटो वाणीभक्तलाई त्यही चतुरमानले गोली हानेर मारेपछि उसको लाश बेपत्ता पारेथ्यो र भनेथ्यो सहरको जुलुस हुलचालमा परेर गोलीकाण्डमा मऱ्यो भनी हल्ला फिजाएर पुलिसकोमा रिपोर्ट गरेथ्यो । आज फेरि त्यही चतुरमानले देशको लागि लड्ने महान सहिद भन्दै फोटोमा माल्यार्पण गरेर सहिद घोषणा गरी वाणीभक्तको नाममा आएको पैसा आफूले राख्दछ र "मेरो छोरा ! लाटो भएर पनि तिमीले दुनियाँलाई बाटो देखायौं धन्य हौ...धिक्कार छ हामीलाई, तिमीजस्ता देशका अमूल्य रत्नलाई हामीले चिन्न र पारख गर्न सकेनौं तर ढिलै भए पनि तिमीलाई जनताले सम्मान दिएका छन् । सत्यको जीत भई छाड्छ भन्ने कुरा प्रमाणित भएको छ, तिमी धन्य छौ..." (पृ. ६३-६४) भन्दै घुँक्क घुँक्क रुन्छ । एक हातले आँसु पुछेजस्तो गर्छ र अर्को हातले पैसाको थैली लुसुक्क गोजीमा राख्दछ । यस घटनाले दर्शकको भिडमा खासखुस चल्न थाल्छ । काइँला बालाई त्यस्तो जाली कार्यक्रमको सभापति बनाएकोमा घृणा उत्पन्न हुन्छ र उद्घोषकसँग माइक खोसेर

चिच्याउन थाल्छन् “के हरेक सङ्क्रान्ति चतुरमानकै लागि हुने गर्छ ? सात सालको क्रान्तिमा फल चाख्ने चतुरमान, सत्र सालको बाली भित्र्याउने चतुरमान, सत्चालिस सालको बाली खाने चतुरमान । जनता फगत चतुरमानका भऱ्याङ् हुन् ? अहँ, यो हुन सक्दैन, किमार्थ हुन सक्दैन” (पृ. ६५) । कार्यक्रमको भिडमा रहेका सबैले वास्तविकता थाहा पाउँछन् र उद्घोषक माइकबाट “साबधान, गाउँले दाजुभाइ हो ! हामीलाई जे कुरो हाम्रो जस्तो लागेको थियो त्यो छल रहेछ । हामी अझ पनि निद्रामा रहेछौ ? उठौं, निद्राबाट उठौं र एकै स्वरमा भनौं चतुरमान जस्ता अपराधीलाई काँध थाप्ने  व्यवस्था मुर्दावाद ! मुर्दावाद !” (पृ. ६५) भन्छ ! यो सबै काइँला बाले देखेको सपना हुन्छ यसैमा कथानकको अन्त्य हुन्छ ।

प्रस्तुत कथाको कथानक काइँला बाजेको सपनाबाट सुरु भई सपनामा नै अन्त्य भएको छ । यस कथाको आदि भागमा देख्नु भो काइँला बादेखि प्रजातन्त्रका पक्षमा लड्नेलाई नै चैतेहरूले निशाना बनाएसम्मका घटना रहेका छन् । मध्य भागमा पार्टीमा नवप्रवेशीलाई स्वागत गर्ने कार्यक्रममा मन्त्री आएको घटनादेखि सभापति काइँला बा मञ्चबाट उठेर चतुरमान जस्ता व्यक्तिलाई काँध थाप्ने व्यवस्था मुर्दावाद ! मुर्दावाद ! भन्ने सम्मका घटना रहेका छन् । जुन यस कथाकै चरमोत्कर्षका रूपमा पुगेको छ । अन्त्य भागमा काइँला बा निद्राबाट व्युँझेर प्रतिगामी व्यवस्थाको रूप मासिए पनि गुण जस्ताको त्यस्तै रहेको कुरा आएका छन् । यसरी प्रस्तुत कथाको कथानक ढाँचा आदि, मध्य र अन्त्यको शृङ्खलामा मिलेकाले रैखिक प्रकारको रहेको छ ।

‘कर्तव्य’ कथा पहिलो पटक २०५१ सालमा **विपुल** पत्रिकामा प्रकाशित भएको हो । यस कथाको विषयवस्तुका रूपमा परिवारमा बाबु आमाले आफ्ना छोराछोरीप्रतिको जिम्मेवारी पूरा गरेको तर छोराछोरीले आफ्ना बाबु आमा प्रति गर्नुपर्ने उत्तरदायित्व वहन नगरेको घटना आएका छन् । सुन्तलीले मातातीर्थको लागि थाल माग्न कान्छी बज्यैको ढोका ढ्याक ढ्याक गरेबाट यो कथाको कथानक आरम्भ हुन्छ । मातातीर्थको दिन सुन्तलीको पहिलो पट्टीको लोग्नेको छारो पनि आउँछ तर कान्छी बज्यैका आफ्नै तीन छोराहरू आउँदैन । उनलाई त्यही पिरले पिरोल्छ । कान्छी बज्यैको लोग्ने मरिसकेको छ । उनका तीन छोराहरू र एउटी छोरी छ । जेठो छोरा मन्त्रालयमा अफिसर छ । माइलो छोरा सडक विभागमा इन्जिनियर छ । कान्छो छोरा विदेश जापानतिर कमाई गर्न गएको छ । सबैले आ-आफ्नो

मेसो गरेर बसेका छन् । घरकी बूढी आमाको कुनै वास्ता गर्दैनन् । एउटी छोरीको बिहे भइसकेको छ । छोराले आमालाई वास्ता नगरे पनि त्यही एउटी छोरीको हेरचाहमा बूढी आमा बाँचेकी छन् । पुर्ख्यौली घरमा कान्छी बज्यैले सुन्तलीलाई भाँडा माझिदिए बापत् भाडा नलिई राखेकी छन् । त्यही सुन्तली नै कान्छी बज्यैकी साथी बनेकी छ । बूढो घरमा कान्छी बज्यै एक्लै छन् । बेलाबखत छोरी आउँछे र "आमा ! यो बूढो घर कुरेर कतिञ्जेल बस्नुहुन्छ ? हिड्नुस् जाऊँ । भएको बाँडीचुँडी खाउँला" (पृ. ६८) भन्छे तर कान्छी बज्यैले "आफ्नो थातबास हुँदाहुँदै छोरीसँग बसेर पापको भारी बोकौं म ?" (पृ. ६८) भन्छिन् र छोरीकोमा जाँदिनन् । कान्छी बज्यै र सुन्तली बसेर आफ्ना दुःख सुखका कुरा गरेर दिन काट्दछन् । कान्छी बज्यैका भविष्यका सहारा छोराहरूले त्यो बूढो घर बेचेर भाडामा बस्नोस् हामी पालैपालो भाडा तिरिदिन्छौं भन्छन् तर आमालाई सँगै लगेर पाल्ने कुनै कुरा गर्दैनन् । कान्छी बज्यैलाई हल्का ज्वरो आउँछ । आमालाई भेट्न त्यही समयमा छोरी आउँछे । आमाको अवस्था देखेर विक्षप्त बन्छे । आमालाई आफ्नो घर लैजाने इच्छा लाग्छ तर आमाले मानेकी छैनन् । छोरीले कान्छी बज्यैलाई अस्पताल जाने निऊँ पारी सबै सरसमान सुन्तलीको सहायताले ठिक पार्छे । कान्छी बज्यैलाई ज्वाँइ आउनु भएको छ भन्छे  र ज्वाँइले गाडी लिएर आउँछन् । ज्वाँइ आएकोमा कान्छी बज्यै आत्तिन्छिन् । छिटो छिटो गरेर कान्छी बज्यैलाई गाडीमा राख्छन् । बज्यैले सुन्तलीलाई घरको राम्रोसँग हेरविचार गर्नु भन्छिन् । सुन्तलीले कान्छी बज्यैकी छोरीलाई "धन्य छ्यौ नानी..., बज्यैका छोरा त तिमी नै रहिछ्यो..!" (पृ. ७२) भन्दै रुन्छे । अनयासै  हल्ली खल्ली मच्चिन्छ । मान्छेहरूको भागाभाग हुन्छ । उनीहरू बसेको गाडी थरर्र काम्छ । भुइँचालो आएको हुन्छ । बज्यै बसेको घर भत्किन्छ । 'अय्या' सुन्तलीको आवाज सुनिन्छ । कान्छी बज्यैले "म ढल्नुपर्ने यो पो ढलेछ ! नानी ! मालमत्ता झिक्नुपर्ने ...सुन्तली...!" (पृ. ७३) यही आएर यस कथाको कथानकको अन्त्य हुन्छ ।

प्रस्तुत कथानकको आदि भागमा सुन्तलीले मातातीर्थको लागि थाल माग्न कान्छी बज्यैको ढोका ढ्याकढ्याक पारेदेखि छोराहरूले बूढी आमाको कुनै वास्ता नगरेको घटनासम्म रहेको छ । मध्य भागमा छोरीले कान्छी बज्यैलाई आफूसँगै घरमा जाउँ भनेदेखि पुन उपचारको निउँपारी आफ्नो घरमा लैजान तयार पारेको सम्मका घटना रहेका छन् । यही नै यस कथाको चरमोत्कर्ष हो । अन्त्य भागमा कान्छी बज्यै गाडीमा बसेको र त्यही

समय भूइँचालोले बूढो घर र सुन्तली ढलेको घटना रहेका छन् । यसरी आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकाले यस कथाको कथानक ढाँचा रैखिक किसिमको छ ।

'आजकी शकुन्तला' कथा पहिलो पटक २०५१ सालमा **बगर** पत्रिकामा प्रकाशित भएको हो । यो कम्युनिस्ट आन्दोलन, प्रेमसम्बन्ध र नारी उत्पीडनसँग सम्बन्धित विषयमाथि लेखिएको कथा हो । ओछ्यानमा पल्टिएर मनमा खेलिरहको अनेक तर्कना र पीडाहरूलाई सम्झेर विगततर्फका घटनाको स्मरणबाट यस कथाको कथानकको आरम्भ हुन्छ । सरस्वती आफ्नो गाउँबाट टाढा उच्चशिक्षा अध्ययनका लागि आफ्नो आफन्तसँग सहरमा बसेकी थिई । साहित्य पढ्ने, इतिहास सोच्ने र संस्कृति भोग्ने सरस्वतीले समाज सेवामा लागेका विश्वका समाजसेवीको बलिदानी कथा पढ्थी र त्यस्तै बन्ने अभिलाषा राख्थी । एकदिन क्याम्पसको चउरमा बसिरहेका बेला उसका तीन चार जना साथीहरू हातमा रसिदप्याड लिएर आउँछन् । उसले तिनीहरूको विधान पढ्छे । उनीहरूका विचारहरू मनपर्छ र त्यसैको सदस्य बन्छे । त्यसपछि सरस्वती सङ्गठनको गतिविधिमा सक्रिय बन्न थाली । सङ्गठनको काममा हिंड्दा उसलाई त्यही सङ्गठनको अर्को सदस्य शङ्करसँग नाम जोडेर गिज्याउन थाल्छन् र नानाथरि लाञ्छना लगाउँछन् । सुरुमा उसले प्रतिकार गर्छे तर विस्तारै सरस्वती र शङ्करको सामीप्य बढ्न थाल्छ । दुबै एक अर्काप्रति आकर्षित हुन्छन् । उनीहरूका बिचमा शारीरिक सम्पर्क समेत हुन पुग्छ । त्यही सङ्गठनकी सदस्य गङ्गादीले सरस्वतीलाई "सरस्वती ! हाम्रो जीवन रोमान्स र मोजमस्तीका लागि होइन भन्ने कुरा तिमीले बिर्सनु नपर्ने हो । तिमी सङ्गठनको प्राण हौ । तिमीलाई सङ्गठनले ठूलो जिम्मेवारी सुम्पेको छ । तिमी यसरी बहकिएर नहिंड, सरू !" (पृ. ७९) भनेर सतर्क र सचेत रूपमा सल्लाह दिन्छे तर त्यो त सरस्वतीलाई ईर्ष्या र शत्रुतापूर्ण लाग्दछ र गङ्गादीलाई भन्छे "बडो आएकी छ्यौ उपदेश झार्न ! आफू त जिन्दगी थारै बस्ने भयौ भयौ अरूलाई नि त्यस्तै पार्ने सुर छ कि कसो ? कि गाडेकी छ्यौं आँखा ?" (पृ. ६९) । गङ्गादीलाई उसको विचार र शिक्षामाथि घृणा लाग्छ । गङ्गादीले भविष्यको खतरा बताउँछिन् । सरस्वतीलाई त्यसको कुनै वास्ता हुँदैन । सरस्वती गर्भवती हुन्छे । शङ्करसँग विवाहको प्रस्ताव गर्दा अनेक थरिका क्रान्तिकारी कुरा गर्छ विवाह नगर्ने तर्क अगाडि सार्छ । उसले सङ्गठनकै सदस्य पार्वतीसँग टन्न धन सम्पत्ति सहित बिहे गर्छ । सरस्वतीलाई अनेक लाञ्छना लगाउँछ । चरित्र हत्याको आरोपमा सरस्वतीलाई सङ्गठनबाट निकालिन्छ । उसले न्याय माग्न सङ्गठन गुहार गर्छे तर पुरुष वादी सोच र संस्कृतिले गाँजेको समाजमा कतैबाट पनि न्याय पाउँदिन । आफ्नो

पेटमा रहेको गर्भपतन गराउन डाक्टर कहाँ पुगी । धेरै समय नाघेकाले डाक्टरले ठूलो रकम माग्छ र अभिभावक लिएर आउनु भन्छ । यसबाट सरस्वती पूरै विक्षप्त बन्छे र आत्महत्या गर्ने सोचमा पुग्छे । आत्महत्या समस्याको समाधान होइन भन्ने ठानेर गङ्गादीको सम्झना हुन्छ र गङ्गादी कहाँ जान्छे । गङ्गादीसँग आफ्नो भूलको प्रायश्चित्त गर्छे र आफ्नो सम्पूर्ण घटना सुनाउँछे । गङ्गादीको सङ्घर्षशील, प्रेरक विचार र व्यक्तित्वले सङ्घर्ष गर्ने निष्कर्षमा पुग्छे । हेपिएका र शोषिएका नारीका पक्षमा लड्ने प्रण गर्छे । स्कुलमा जागिर गर्छे । एक छोरी जन्माएकी छ । उसमा जीवनप्रतिको प्रतिबद्धता छ, त्यो प्रतिबद्धता उत्पीडित मानव समुदायको उत्थानप्रतिको प्रतिबद्धता हो । स्कुलमा कामदारकी छोरीलाई पढाएर प्रगति गर्छे । रिजल्टको खुसीयालीमा लड्डु बाँड्न आएकी कमलाकी आमालाई पनि धन्यवाद दिन्छे । कमलाकी आमाले भगवतीले भेट्ने इच्छा गरेको भन्छे । सरस्वतीले "कति आशीष दियो होला कमलाकी आमाको आत्माले मलाई । यो बाँच्नु पो बाँच्नु !" (पृ. ८७) । सोँच्दै उनीहरू गएको हेरिरहन्छे । यही आएर कथानकको अन्त्य भएको छ ।

प्रस्तुत कथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा मिलेको छैन । सरस्वतीले छोरी पाएको, छोरी स्कुल गएको घटनाबाट सुरु भएर क्याम्पस पढ्दाका घटना आएका छन् र पुनः पहिलेकै घटनामा आएर कथानक टुङ्गिएकाले यस कथाको कथानक ढाँचा वृत्ताकारीय प्रकारको छ ।

'हजुरको मान्छे' कथा पहिलो पटक २०५२ सालमा **समकालीन साहित्य** पत्रिकामा प्रकाशित भएको हो । २०४६ सालको परिवर्तनपछि प्राप्त भएको पुँजीवादी संसदीय प्रजातन्त्रमा देखिएको चुनाव, चुनावको भित्री यथार्थ र असली रूपलाई 'हजुरको मान्छे' कथाले आफ्नो विषयवस्तु बनाएको छ । यस कथाको ऊ चरित्र ओछ्यानमा सुतेको छ । श्रीमतीले धेरै दिनदेखि चुनावको कारण सुत्न नपाएको श्रीमानलाई नउठाएको घटनाबाट कथानकको आरम्भ हुन्छ । ऊ अर्थात् 'हजुरको मान्छे' संस्थाको डाइरेक्टर ब्युँझदा अत्यन्त टाउको दुख्छ । हिजो पाण्डवराजको पार्टीमा धेरै पिएकोले उसको टाउको दुखेको हुन्छ । पाण्डवराज पार्टीले टिकट नदिएको कारण उसको उक्साहटमा स्वतन्त्र रूपमा चुनावमा उठेको उम्मेदवार हो । पाण्डवराजले चुनाव हारेको छ । चुनाव हारे पनि ऊ निकै खुशी छ किनभने पाण्डवराजले आफ्नै पार्टीका नेतालाई हराएको कुरा यसरी देखाइएको छ "हारे त के भो, हराए पनि ...नामी नेतालाई हराउन सफल भएकोमा खुसी नै थिए" (पृ. ९०) । उसले 'हजुरको मान्छे'

नामको संस्था खोलेको छ । त्यसको डाइरेक्टर आफु छ । त्यसको उपल्लो पदमा श्रीमती, साली, छोरा, ससुरा छन् भने सदस्यमा कसाइ टोलका केटालाई राखेको छ । यही 'हजुरको मान्छे' नामक संस्थाबाट चुनावमा सबै पार्टीका नेताहरूका पर्चा, पम्प्लेट, छाप्ने र वितरण गर्ने गर्दछ । पालैपालो विभिन्न नेतालाई उक्साउने, विभिन्न बाढी पीडित, अपाङ्ग, भूमिहीन वर्गका नाममा टन्न पैसा जम्मा गर्छ । केही काममा खर्च गर्छ भने बाँकी आफूले फाइदा गर्छ जसले उसलाई मनग्गे मुनाफा भएको छ । आफ्ना संस्थाका मान्छेलाई नेताको पार्टीबाट पोस्ने काम गर्छ र सबैको प्यारो बन्छ । यस पटकको चुनावमा कसैले पनि बहुमत प्राप्त नगरेकाले ऊ मध्यावधि चुनाव हुने आशामा रहेको छ । यसबाट उसलाई मनग्गे फाइदा हुने देखेको छ । ऊ यही खुसीका साथ टोलका भेटेजतिका साथीसँग हेलो, हाई, लालसलाम, जय नेपाल गर्दै हिंड्छ । हिंड्दा हिंड्दै हाकुचासँग भेट हुन्छ । हाकुचा हजुरको मान्छेको सदस्य थियो । पैसा नमिलेको कारण त्यो संस्था छोडेको हुन्छ । यसपालीको चुनावमा दुबैले टन्न कमाएका छन् । एकले अर्कासँग व्यङ्ग्य गर्दै कुरा गर्छन् । ऊ अर्थात् हजुरको मान्छेको डाइरेक्टरलाई चियापसलका एक हुल युवाले उसको अवसरवादी चरित्रलाई "यल्ले पोहोरको चुनावमा 'गाई' को पैसा लुट्नु लुट्यो, यसपाली फेरि 'त्रिशुल' को लुडुँयायो । यस्ताको विश्वासै नहुने छि :... त्यस्तो काम पनि गर्नु ..., पैसाका लागि बिक्न त हुन्न नि...। मान्छेको आफ्नो नीति हुनुपर्छ, सिद्धान्त हुनुपर्छ....। यस्ता पनि के मान्छे ...!" (पृ. ९६) भनेर सुनाउँछन् । उसले सबै सुन्छ र भन्छ "मैलाई भनेका हुन । सरकारको मति बिग्र्या नदेख्ने, ठूलाबडा, बुद्धिजीवी पैसामा बिकेको नदेख्ने, हामी जस्तालाई पाए ताना कस्ने ....? तिम्रा बातले केही लछार्दैन" (पृ. ९६) । उनीहरूको कुरालाई कुनै वास्ता नगरी अर्को शिविरतर्फ लाग्छ । यही आएर कथाको कथानक टुङ्गिन्छ ।

प्रस्तुत कथाको आदि भागमा मध्य भाग आएको छ । मध्य भागमा आदि भाग आएको छ । अन्त्य भाग अन्त्यमा नै आएको छ । यसरी यस कथाको आदि, मध्य र अन्त्यको शृङ्खला नमिलेकाले कथानक ढाँचा वृताकारीय किसिमको रहेको छ ।

'आज शनिबार' कथा पहिलो पटक २०५२ सालमा **मूल्याङ्कन** पत्रिकामा प्रकाशित भएको हो । यस कथाको विषयवस्तुका रूपमा बहुमत प्राप्त सरकारले संसदीय व्यवस्थामा गर्ने एक लौटी मनोमानी आएको छ । यस कथामा संसद्मा शनिवारका विषयमा मतदान हुने कुराले आश्चर्य मानेका सर्वसाधारणको घटनाबाट कथानकको आरम्भ हुन्छ । बिहानको

अधिवेशन समाप्त भएपछि अपराह्न सत्रको अधिवेशनको लागि सभामुखबाट घोषणा भएको छ । अपराह्न सत्रको अधिवेशनको प्रस्ताव 'आज शनिवार हो' का पक्ष विपक्षमा मतदान गर्ने रहेको छ । यसका लागि कसैले प्रवेश पास पाइसकेका छन् । नपाउनेले पासका लागि आफ्ना नेता कुरेर बसेका छन् भने अरूहरू प्रवेश गर्न नपाए पनि ढोकाबाट चियाउन पाइन्छ भनेर खुसी नै थिए । मुलुकमा संसदीय अभ्यास भर्खर भर्खर सुरु भएको थियो । दुई तिहाई बहुमत अब्बल दर्जाको प्रजातान्त्रिक दलले सरकार बनाएको थियो । त्यसैले सरकारले एक पछि अर्को गर्दै जनविरोधी प्रस्तावलाई पार गराउँदै थियो । त्यसैको पराकाष्ठाका रूपमा संसद्मा शनिवारका विषयमा मतदान गर्ने प्रस्ताव पेस गऱ्यो । सांसद्हरू आज त शनिवार हैन भन्ने कुरा गर्दा सरकार यसो भन्छ "तिमीहरू पहिले दलका हौ, त्यसपछि सांसद् । दलै नरहे तिमी सांसद् रहँदैनौ । दलको अस्तित्त्व नरहे तिम्रो हाम्रो पनि अस्तित्त्व रहँदैन । त्यसैले दलको अस्तित्वको रक्षाका खातिर भने पनि आ-आफ्नो विवेक थाती राखेर भए पनि सो प्रस्तावको पक्षमा आँखा चिम्लेर मतदान गर्नैपर्छ" (पृ. १००-१०१) भनी प्रमुख सचेतक ह्वीप जारी गर्दछन् । त्यसै समयमा अर्थमन्त्रीले हतार हतारमा सभामुखसँग अनुमति मागेर शनिवारको दिनको बैठकका लागि सांसद्लाई एक एक महिनाको तलब, सांसद्का श्रीमान् वा श्रीमती, छोरा छोरीलाई शाखा अधिकृत र नायव सुब्बा सरहको तलब राहत स्वरूप दिने घोषणा गर्दछ । यस घोषणाबाट सांसद्हरू खुसी हुन्छन् । त्यसको केही समयमा गोप्य मतदान सुरु हुन्छ । 'आज शनिवार हो' भन्ने पक्ष सर्वसम्मतिबाट पारित हुन्छ र सांसद्को कारबाही समाप्त हुन्छ । रेडियो, टेलिभिजन र पत्रपत्रिकाले 'आज शनिबार हो' भन्ने निर्णयलाई विशेष रूपमा प्रसारण गर्दछन् । यसबाट घर, टोल, समाज, विद्यालय जतातते आज शनिवार रहेछ भन्दै सबै आ-आफ्नो बाटो लागेबाट कथानकको अन्त्य हुन्छ ।

प्रस्तुत कथानकको आदि भागमा संसद्मा शनिवारका विषयमा मतदान हुने सर्वसाधारणको घटनादेखि संसद्को अपराह्न सत्रको अधिवेशन आह्वानसम्म रहेको छ । मध्य भागमा 'आज शनिवार हो' भन्ने प्रस्तावका पक्षमा मतदान गर्न आफ्ना सांसद्लाई ह्वीप जारी गरेदेखि 'आज शनिवार हो' भन्ने प्रस्ताव सर्वसम्मतबाट पास भएसम्मका घटना रहेका छन् । यही नै यस कथाको चरमोत्कर्ष हो । अन्त्य भागमा रेडियो, टेलिभिजन, पत्रपत्रिकाले विशेष प्राथमिकताका साथ उक्त समाचार प्रसारण गरेदेखि सबै सर्वसाधारण आज शनिवार र छ भनी आ-आफ्नो बाटो लागको घटना रहेको छ । यसरी यस कथामा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेकाले कथानक ढाँचा रैखिक प्रकारको छ ।

'नयाँ वर्षको नासो' कथा पहिलो पटक २०५२ सालमा **गरिमा** पत्रिकामा प्रकाशित भएको हो । यस कथामा नेपालको प्रशासन व्यवस्थालाई मुख्य विषयवस्तु बनाइएको छ । नयाँ वर्षको अघिल्लो चैत मसान्तको दिन 'म' पात्रका मनमा खेलिरहेका कुराबाट यस कथाको कथानकको आरम्भ हुन्छ । 'म' पात्र चालीस वर्षको पुगेको छ । नयाँ वर्षसँगै भित्ताको क्यालेण्डर सहित सबै चीज पुराना लाग्छन् । हुँदाहुँदै 'म' पात्रलाई आफु पनि पुरानो भएको र जीवनमा केही गर्न नसकेकोमा चिन्ता पर्छ । 'म' पात्र आफूसँगसँगैका व्यक्तिले कति प्रगति गरिसकेको सम्भन्छ । संसारकै महान् मानिने राष्ट्र सेवकको जीवनी सम्भन्छ । राजकुमार सिद्धार्थ, ईसामसीह, गङ्गालाल, चिनियाँकाजी, बेलायतका क्रिष्टोफर कडवेल, ग्यालिलियो ग्यालिलि, शुकरात, युक्लिड जस्ता व्यक्तिले कति चाँडै प्रगति गरेथे उनीहरूको जीवन कसरी अविस्मणीय बन्यो तर म भने एउटा सरकारी कार्यालयको हाकिम मात्र छु भन्ने लाग्छ । प्रशासनबाट पनि राष्ट्रको सेवा गर्न सकिन्छ तर प्रशासनको लाहप्रवाही र भ्रष्टाचारी तन्त्रका कारण 'म' पात्र आजित बन्दछ । 'म' पात्रले कुनै भ्रष्टाचार र बेइमानी गरेको छैन । यसै कारणले 'म' पात्रको परिवार सामान्य अवस्थामा छ । श्रीमती कराउँछे । कार्यालयका अन्य कर्मचारीका नजरमा 'म' पात्र असल राष्ट्रसेवक बन्न सक्दैन । 'म' पात्रलाई अफिसरले डबल भत्ता आउने ठाउँमा सरुवा गर्दिन्छ । त्यहाँ उसको राम्रो प्रशंसा हुन्छ । यो देखेर अफिसरले फेरि कार्यालयमा नै काजमा ल्याउँछ । 'म' पात्रले भ्रष्टाचार, राम्रो कामका लागि कसैसँग भनसुन, भेटघाट, मरमेलाहिजा, चाकरी चप्लुसी गर्ने काम कहिल्यै गर्दैन यो अपराध हो भन्दछ । त्यसैले उसलाई सबैले ''उद्धव माडसाव पनि क्या एक्टिभ हुनुहुन्छ । अब यो एक्काइसौं शताब्दीको संघारमा आइपुग्दा पनि सत्रौं शताब्दीका सोचाइ राख्नु हुन्छ । कुँडे अगाडि राखि दिएर बिरालालाई दुध नखा भन्ने ? सिनो अगाडि राखि दिएर कुकुरलाई मासु नखा भन्ने ? मृग अगाडि राखि दिएर बाघलाई सिकार नगर भन्ने ? यो त महाअपराध हो, प्राणी अपराधको चरम हनन् त्यसै राष्ट्रसेवकलाई घुस नखा भन्नु पनि । किन नखाने ? सरकारका मन्त्रीहरूले कमिसन खानु हुन्छ, नजराना लिनुहुन्छ, उपहार लिनु हुन्छ, पार्टीले सेठसाहूकार तस्कर व्यापारीसँग चन्दा लिनुहुन्छ भने हामीले चिया खान नहुने ? उद्धव माड्साव ! तपाइँका उपदेशहरू यो कालो कोटको अस्तरमा राखेर भित्री बगलीमा राख्नुस् र गोजीको टाँक लगाउनुहोस्'' (पृ. १०९) भनेर व्यङ्ग्य गर्दथे । सरकारी कार्यालयका कर्मचारीले 'म' पात्रलाई कतिसम्म भन्दछन् भने "हामीले घुस नलिईकन नखाईकन जनताको काम गर्दिने हो भने उनीहरूलाई आफ्नो काम भएकामा विश्वासै

लाग्दैन । मनमा शङ्का लागिरहन्छ, कतै केही गोलमाल छ । त्यसैले उनीहरूकै चित्त बुझ्काइदिन पनि खाइ दिनुपर्छ, यसो विधि मात्रै पुऱ्याउनु पर्छ" (पृ. १०९) यो सुनेर 'म' पात्रले 'घुस लिन्या दिन्या दुबै देशका दुस्मन हुन्' भन्ने पृथ्वीनारायणको अर्ती सम्झन्छ र कार्यालयमा हाकिमहरूसँग यो कुरा भन्दा "वीरवलले तारा गनेर त कमाएको थियो भन्छन्, हामीले त कामै गरेर लिया त हो नि" (पृ. ११०) भनेको सुनेर केही बोल्नै सक्दैन । यत्तिकैमा केटाकेटीको हल्ली खल्लीले 'म' पात्रको तन्द्रा टुट्छ । ठूली छोरीले नयाँ वर्षको क्यालेण्डर भित्तामा झुण्ड्याउँछे र पुरानो क्यालेण्डर गाता राख्न लैजान्छे । ऋषि अङ्कलको छोराले नपढ्ने रे ! जागिर गर्न जाने रे छोरीले भनेको सुनेर केही समय अगाडि बेपत्ता भएको उसको साथीलाई सम्झन्छ । भोलिपल्ट नयाँ वर्षको दिन केराको कोसेली लिएर ऋषिको घरमा जान्छ । 'म' पात्रले ऋषिको छोरालाई जगदीशले काममा लगाइदिने भन्ने सुनेर उसको बारेमा भन्छ र आफैले उसको पढाइ नछुटाउन अनुरोध गर्दै फिस, किताब, कापीको खर्च व्यहोर्ने आश्वासन दिन्छ र फर्कन्छ । 'म' पात्रलाई नयाँ वर्षले उपहार स्वरूप एउटा नासो सुम्पिदिएको छ र उसको जीवन सार्थक बनाइदिएको घटनासँगै कथानकको अन्त्य हुन्छ ।

प्रस्तुत कथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा नमिलेकोले वृत्ताकारीय कथानक ढाँचा रहेको छ ।

'कटमिरो सहिदको पीडा' कथा पहिलो पटक २०५२ सालमा **गरिमा** पत्रिकामा प्रकाशित भएको हो । २०४६ सालको जनआन्दोलन र त्यसपछिको राजनैतिक यथार्थको प्रतिविम्बन, बहुदलीय, संसदीय व्यवस्थाको आलोचना र भण्डाफोर गर्नु यस कथाको प्रमुख विषयवस्तु हो । 'ऊ' पात्रलाई अचेत अवस्थामा अस्पतालको शैय्यामा ग्लुकोज पानी दिएपछि उसको होस खुलेबाट यस कथाको कथानक आरम्भ हुन्छ । 'ऊ' चेतमा आउँदा नर्सले हातगोडा नभएको मान्छे भीडभाडमा किन जानुपऱ्यो भनेर झपार्छे । 'ऊ' यस्ता वचन सुन्दा सुन्दा अभ्यस्त भएको थियो त्यसैले कुनै प्रतिवाद नगरी चुपचाप बसी रह्यो । उसले कोठाको वरिपरि हेर्दा अस्पतालको आकस्मिक कक्षमा आफूलाई भएको पायो । नर्सले उसको होस खुलेको बताएपछि दुईजना युवक उसलाई लक्ष्य गर्दै आए । उसको अवस्था सोध्दा आफूलाई बचाई दिएकोमा धन्यवाद दिन्छ । तपाईं यस्तो अवस्थामा भिडभाडमा नजानुपर्ने घरमा खबर गर्नुपऱ्यो भन्दा उसले छोरीको औषधी किन्न गएको र श्रीमती काममा भएको

बताउँछ र श्रीमतीलाई नभन्न अनुरोध गर्छ । ती युवकले उसलाई नआत्तिई बस्न र गाह्रो परेमा खबर गर्न भन्दछन् । उसलाई छोरीको आकृति र जुलुस आँखाबाट नाचिरह्यो । उसको पछाडि विद्रोहीको लस्कर छ । सेना तैनाथ छन् । विद्रोही लस्करले सेनामाथि धावा बोल्दछन् केही सेना मिसिन्छन् भने केही सेनाले विरोध गर्दछन् । धेरैको ज्यान जान्छ, जसमा उसले पनि हातखुट्टा गुमाएको छ तर उनीहरूकै जीत भएको छ । "उनीहरूको बलिदानले मुलुकमा नयाँ घाम झुल्केको छ । नयाँ घामले उनीहरू जस्ता दुःखी पीडित, पिछडिएका र गरिखानेहरूको आङ् तताउने छ" (पृ. ११७) यही भनेर 'ऊ' आनन्दित हुन्छ । उनीहरूलाई विभिन्न सङ्घ संस्थाबाट सम्मान, छोराछोरीलाई पढाइको व्यवस्था भएको, छोरीले वोर्डिङ् स्कुलमा पढ्दै गरेको, 'ऊ' छोरीलाई भेट्न स्कुल पुगेको, छोरीलाई अङ्गाल्न जाँदा गन्द्रम्म लड्छ । यो सबै उसले देखेको सपना हुन्छ । घर जाने इच्छा गर्छ । दुई युवकले अस्पतालमा लागेको उसको सबै खर्च तिरिदिन्छन् । आफ्नो कारणले युवकले दुःख पाएको गुनासो गर्छ । वैशाखीको सहाराले उभिंदा उसलाई अगाडिको दृश्य आँखामा घुम्न थाल्यो । सहिद मैदानमा सहिदको सम्झनामा उरालेको नाराले उसलाई रिस उठ्छ । औषधी किन्न पैसा नपुगेर 'ऊ' फर्केको हुन्छ । भिडमा पस्छ र हेर्छ । मञ्चमा आन्दोलन दबाउन प्रतिकार समितिमा रहेको नाइके देख्छ, आज त्यसैले सहिदको सम्झनामा नारा उरालेको देखेर 'उ' चिच्यायो "हुँदैन, हुँदैन । त्यो पातकी ज्यानमारा हो । त्यसलाई मञ्चबाट ओराल । सहिदहरूलाई नबिटुल्यायो" (पृ. १२०) । उसलाई भाउन्न भयो । धेरैले चुटे पछि आफूलाई त्यहाँ ती युवकसँग भएको पाउँछ । दुई युवकले उसलाई ट्याक्सीमा राखेर घरमा ल्याउँछन् । उसले "सब छल रहेछ । नेताहरूले जनता र मुलुकको दशा सुधार्न हैन, आफ्नो दशा सुधार्न यो आन्दोलन गऱ्या र छन् । अहिले हेर्नुस् त, मुलुकमाराहरूको राइँदाइँ ...." (पृ. १२२) भन्छ । ट्याक्सी चालकको भाइ पनि आन्दोलनमा मरेकाले 'ऊ' पात्रको भाडा लिन मान्दैन । उनीहरू सानो अँध्यारो कहिल्यै घाम नलाग्ने, दुर्गन्ध आउने गल्लीबाट एउटा छिंडीमा पसे । त्यहाँ उसकी छोरी सुतेकी छ । कोठाको अवस्थाले ती युवक अचम्म पर्छन् । 'ऊ' दिदीसँग आफूलाई बचाएर ल्याएका युवकको चिनारी दिन्छ । युवकले देशको बिग्रँदो अवस्था बताउँदा उसले "हजुर ! जनताको सुदिन ल्याउन लडिने जुनसुकै लडाइँमा मलाई अगाडि पठाउनुस् । मैले उहिल्यै यो ज्यान देश र जनताका नाउँमा अर्पिसकें" (पृ. १२४) भन्छ । उसको कुराले उनीहरू हौसिंदै जान्छन् । उनीहरू हिंडेपछि उसले जनताको रगतमा रजाइँ गर्ने फटाहाका अगाडि यस्ता भगवान् जस्ता व्यक्ति पछाडि परेको कुरा सोच्छ र छोरीको खोकीले उसलाई

वर्तमानमा ल्याउँछ । उसले श्रीमतीलाई आफ्नै पसल खोल्न भन्छ तर गरिबीको कारणले पिल्सिन्छ । छोरीले गरिबको लागि प्रजातन्त्र कहिले आउँछ भन्दा उसले "यो हात र यो खुट्टो नचढाईकन हामीलाई चाहिने प्रजातन्त्र आउँला जस्तो छैन नानी ! यो मुलुकले थुप्रै 'म'हरू खोजेको छ" (पृ. १२६) भनेबाट कथानकको अन्त्य हुन्छ ।

प्रस्तुत कथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा मिलेको छैन । त्यसैले यस कथाको कथानक वृत्ताकारीय ढाँचाको रहेको छ ।

'दयारामकी दुलही' कथा पहिलोपटक २०५३ सालमा **गरिमा** पत्रिकामा प्रकाशित भएको हो । यस कथाको विषयवस्तुका रूपमा पारिवारिक समस्यालाई लिइएको छ । 'म' पात्रले बसबाट दयारामकी दुलहीलाई देखेको घटनाबाट यस कथाको कथानकको आरम्भ हुन्छ । दयारामकी दुलही देखेपछि 'म' पात्रको मनमा विगतका घटनाहरू झल्झली देखिन थाल्दछ । आफ्ना सामानहरू लिएर एउटा घरमा डेरा गर्न 'म' पात्र जान्छ । नयाँ ठाउँ, नयाँ विस्तारा सबै सबै नयाँ लागेको 'म' पात्रलाई निद्रा लाग्दैन । उसले एउटा विशाल सभा कक्षमा विभिन्न देशका ख्यातिप्राप्त व्यक्तिका बिचमा आफूलाई देख्छ । त्यहाँ एकदम नारीवादका पक्षमा बहस हुन थाल्छ । नारीवादीहरू एकदम आवेशमा आएर हात हालाहालको स्थिति हुन्छ । गोली चल्छ भागदौडमा उसको खुट्टा अल्झन्छ र झल्याँस्स व्युँझन्छ । त्यो उसको सपना हुन्छ तर विपनामा पनि ड्याङ्ड्याङ् र डुङ्डुङ्को आवाज आउँछ । सुरुमा त ऊ भूतप्रेतले तर्साएको होला भन्छ तर नारीको कर्कर स्वर सुनिन्छ । आफ्ना श्रीमान्लाई नानाथरि गाली गरिरहेको सुन्छ । ऊ धेरै समयसम्म निदाउन सक्दैन । भोलिपल्ट 'म' पात्र धारामा हातमुख धुन जाँदा एक युवकसँग आफ्नो परिचय दिन्छ तर उसले 'ए' मात्र भन्छ । 'म' पात्र बसेको घरमा अर्को एक जना फारस हमाल पनि बस्छ । 'म' पात्रले हिजो रातीको घटना हमाललाई सुनाउँछ । प्रत्येक दिन घटिरहने त्यो झगडालाई हमालले सहज रूपमा बेली विस्तार लगाउँछ । त्यसबाट 'म' पात्रलाई दयारामको परिवारको बारेमा जानकारी हुन्छ । दयारामकी दुलही, दयारम र उसको छोरो रहेछन् । दयारामले अन्तरजातीय गान्धर्व विवाह गरेको रहेछ । दयाराम र उसकी दुलही प्रेम विवाह गरी आसाम र दार्जलिङ्गबाट काठमाडौं डेरा सरेर आएका हुन् । दयारामकी दुलही साह्रै सोखिन थिई । आफूलाई राम्रो राम्रो कपडा नभएको, तारेहोटलमा खान नपाएको, प्रत्येक दिन विभिन्न ठाउँ घुम्न र फिलिम हेर्न नपाएको रिसले प्रत्येक रात दयाराम अफिसबाट फर्केपछि शारीरिक र

मानसिक तनाव दिन्थी । उसका इच्छा पूरा गर्न दयाराम सक्दैनथ्यो । दयारामले स्कुल, स्कुल ट्युसन र होम ट्युसन पढाउँथ्यो तर त्यसबाट आएको पैसाले उसकी श्रीमतीको ओभार खर्च पुग्दैनथ्यो । बेलाबखत उसकी साली आएर नानाथरिका अर्डर गर्न लगाउँथी । दयारामले अर्डर पूरा गर्न नसकेपछि दुबै जनाले पिट्छन् । सधैं सधैंको किचकिचले दयाराम आजित भएर 'म' पात्रसँग गुनासो गर्थ्यो "घरबाट निस्कुँ र निस्केपछि फर्कनै नपरे हुन्थ्यो जस्तो लाग्छ तर के गर्नु, त्यही बच्चाको अनुहारले तान्दै तान्दै ल्याइपुऱ्याउँछ" (पृ. १३४) । दयारामलाई आफ्नो छोराको मायाले तान्छ । दयारामको कोठामा हुने झगडा घरमा बस्नेलाई सामान्य लाग्न थाल्छ । कहिलेकाहिँ झगडा नगर्दा अभाव खट्के जस्तो हुन्छ । दयारामले एक्लै घरको ओभर खर्च धान्न गाह्रो परेर श्रीमतीलाई तिमीले पनि जागिर गर । त्यसपछि दुबै मिलेर घर चलाउँला भन्दा श्रीमतीले "तिमीलाई सरम लाग्दैन आफ्नी स्वास्नीको कमाई खान ...? लाछी नामर्द ...। आइमाईको कमाई खाने त भँडुवा हुन् भँडुवा, रण्डीको कमाई खान पल्केका भँडुवा ..." (पृ. १३५) भन्थी र दयारामलाई झम्टन्थी । दयारामलाई मुटुमा शूल गाडेझैं हुन्थ्यो तर "खबरदार मुख छ भन्दैमा ..."(पृ. १३५) भन्दा अरू केही बोल्दैनथ्यो । फारस हमालले र 'म' पात्रले दुवैलाई धेरै पटक सम्झाउँछन् । दयारामले सम्झन्थ्यो तर उसकी दुलहीले टेर्दिनथी । दयारामकी दुलहीलाई कसैको वास्ता नै हुँदैनथ्यो । आफ्नो माग पूरा नभए दयारामसँग "म सेरिएर मर्छु वा झुण्डिएर मर्छु वा भीरबाट हाम फालीहाल्छु" (पृ. १३६) भन्थी ।  दयारामले आफै मर्छु भन्यो । त्यसै दिन साँझ आसामबाट दयारामका आमा बाबु उसको डेरामा आएका थिए । दयाराम आमा बाबुलाई 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' भन्दथ्यो र औधी माया गर्दथ्यो । दयारामका शरणार्थी बाबु आमालाई देख्नासाथ उसकी दुलहीले "दुनियाँका शरणार्थी बस्ने ठाउँ यही र' छ .... "  (पृ. १३६) भन्दै सप्तरङ्गी देख्थी र दयारामले आफ्ना आमाबुवाको अपमान सहन नसकेर गाली गर्छ । उसकी श्रीमतीले दयारामलाई "तिम्रा बाउँआमाको छाला तरेर सुट सिलाइनछु भने प्रधानकी छोरी होइन बुझ्यौ ?" (पृ. १३६) भन्दै झम्टीहाल्छे । छोराले बाबालाई नकुट ममी भन्दा छोरालाई पिट्छे । बाबु आमा बुहारीको टोकेसो सहन नसकेर हिड्छन् । दयारामले नजान भन्छ तर बाबु आमा जान लाग्दा 'म' पात्रले आफ्नो कोठामा लगेर राख्छ, फेरि दयारामको कोठामा महाभारत मच्चिन्छ । दयाराम, उसका बाबु आमा र 'म' पात्रले कुरा गर्छन् । भोलिपल्ट बारीको कुनामा दयारामको लास झुण्डिएको अवस्थामा हुन्छ । उसको छोरो बाबा बाबा भन्दै रुन्छ तर दयारामकी दुलहीको न आँसु

झर्छ न अनुहारमा वेदना हुन्छ । यो देखेर 'म' पात्र दुःखीत बन्दछ । बाबु आमालाई केही भन्न सक्दैन । दयारामका बाबु आमा र छोरालाई फारस हमाल र 'म' पात्रले केही सामान किनिदिन्छन् र एउटा घुम्ती चियापसल सञ्चालन गरिदिन्छन् । दयारामका बाबु आमाले आशीर्वाद दिन्छन् । यत्तिकैमा 'म' पात्र बसपार्क आइपुग्छ । दयारामकी दुलहीलाई स्मृतिको कुनामा थन्क्याएर घुम्ती चियापसल खोज्न थालेको घटनाबाट कथानकको अन्त्य हुन्छ ।

प्रस्तुत कथाको कथानक जुन अवस्थाबाट सुरु भएको छ । अन्त्य पनि त्यहीं अवस्थामा आएर भएको हुँदा यसको कथानक वृत्ताकारीय ढाँचाको रहेको छ ।

### ३.२.२ चरित्रचित्रण

कथात्मक कृतिभित्र उपस्थित भएर विभिन्न घटनाहरू घटाउँदै वा घटित घटनाहरूबाट प्रभावित हुँदै कथानकलाई गतिशील तुल्याउने व्यक्ति, प्राणी वा वस्तुलाई नै पात्र भनिन्छ । कथामा पात्र मानवीय र मानवेतर पनि हुने गर्दछ । पात्र वा चरित्रहरूले नै कथालाई उर्जा प्रदान गर्ने भएकाले यो अङ्गविना कथा संरचनाको कल्पना नै गर्न सकिदैंन (श्रेष्ठ, २०६७ : १०) । चरित्रलाई कुनै पनि कथाको एक महत्त्वपूर्ण संरचक घटक भनिन्छ किनभने क्रिया व्यापार र द्वन्द्व विना कथानक न त गतिशील हुन्छ न त प्रभावोत्पादक नै हुन्छ । त्यसैले क्रिया व्यापार र द्वन्द्वको स्थिति सिर्जना गर्न चरित्रको अनिवार्य उपस्थित रहनुपर्छ ।

काल्पनिक व्यक्तिको व्यक्तित्वलाई प्रकाश पार्दे तिनीहरूको चरित्र कस्तो छ भन्ने देखाउने लेखकको तरिकालाई चरित्रचित्रण भनिन्छ । यसमा कुनै पनि व्यक्तिको चरित्र कस्तो छ भन्ने कुरा पाठकलाई बताइन्छ । यो एक प्रकारले लेखकद्वारा कल्पित व्यक्ति वा पाठकसँग पात्रको परिचय गराउने प्रविधि हो । चरित्रचित्रणको सफलतामा नै कथा अगाडि बढेको हुन्छ । चरित्र चित्रण प्रत्यक्ष प्रविधि, कार्यमा चरित्र, स्वयम्को सहभागिता र चरित्रको आन्तरिक स्वको प्रस्तुतिका आधारमा गरिन्छ । कथामा प्रस्तुत गरिने पात्रहरू वा चरित्रहरू गोला र च्याप्टा, गतिशील र गतिहीन, सार्वभौम र आञ्चलिक, वर्गीय र व्यक्तिगत, अन्तर्मुखी र बहिर्मुखी, पारम्परिक तथा मौलिक खालका हुन्छन् (बराल, २०६९ : ६८) । यिनै प्रविधिका आधारमा चरित्रको चित्रण गर्ने काम गरिन्छ ।

**घाम घामजस्तो छैन** कथासङ्ग्रहमा रहेका चरित्रहरू विभिन्न प्रकारका छन् । ती चरित्रहरू कार्यका आधारमा प्रमुख, सहायक र गौण, लिङ्गका आधारमा महिला र पुरुष, आबद्धताका आधारमा बद्ध र मुक्त, गतिशीलताका आधारमा गतिशील र गतिहीन, वर्गका आधारमा उच्च वर्ग, निम्न वर्ग, जीवन भोगाईका आधारमा गोला र च्याप्टा, अनुकूलताका आधारमा अनुकूल र प्रतिकूल र आसन्नताका आधारमा मञ्चीय र नेपथ्यीय चरित्रको प्रयोग गरिएका छन् ।

### ३.२.२.१ कार्यका आधारमा चरित्र चित्रण

कार्यका आधारमा प्रमुख, सहायक र गौण गरी तीन प्रकारका चरित्रहरू हुन्छन् । कथामा सबै पात्रले उत्तिकै महत्त्वको कार्य गरेका हुँदैनन् । त्यसैले सबैभन्दा बढी काम गर्ने वा मुख्य कार्य भएको चरित्र प्रमुख चरित्र हो । कथामा प्रमुख चरित्रलाई अगाडि बढाउन सहयोग गरी सहायक भूमिका खेल्ने चरित्र सहायक र कथामा ज्यादै थोरै कार्य भएको चरित्र गौण चरित्र हो । **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा कार्यका आधारमा प्रमुख, सहायक र गौण चरित्रहरू रहेका छन् । प्रमुख चरित्रका रूपमा भाइ, शिवहरि पण्डित, फुलेसरीकी आमा, बुद्धिप्रसाद, बेनीपुरवाली, सुखवीर, चुल्हाइ राय, काइँला बा, कान्छी बज्यै, सरस्वती, दयारामकी दुलही, सांसद्हरू र हजुरको मान्छे, नयाँ वर्षको नासो, कटमिरो सहिदको पीडा शीर्षक कथामा प्रयोग गरिएका 'ऊ' पात्र आएका छन् । यस कथासङ्ग्रहमा सहायक चरित्रका रूपमा दाजु, पुलिस प्रशासन, शिवहरि पण्डितको छोरो, शिवहरि पण्डितको मामाको छोरो (भाइ), फुलसरी, रामसेवक, भारतमा औषधी विज्ञान पढिरहेको युवक, देवीलाल बेनीपुरवालीको श्रीमान्, नाइके नरहरि, विशेशर, चुल्हाइ रायको ज्वाँइ, चतुरमान, सुन्तली, शङ्कर, गङ्गा दिदी, पाण्डवराज, युवकहरू, दयाराम र ऊ चरित्र रहेका छन् । गौण चरित्रका रूपमा भाइका बा, आमा, दाजुकी श्रीमती, केटाकेटी गाउँलेहरू, माइला कामी, आन्दोलनकारीहरू, सिरेमान साहु, पण्डित बाजेकी श्रीमती, बैद्य, डाक्टर, धामीझाँक्री, छिमेकी, गाउँका ठिटाहरू, इष्टमित्र, फुलसरीको बाबु, गाउँवाली, खुशीलाल, वंशीलाल, मालिनी, रेलका मानिसहरू, पुलिस, भीडका मान्छेहरू, पेमा, कालुचा भिखारी साहु, पञ्चभलादमीहरू बेनीपुरवालीका छोराछोरी, लालबहादुर घर्ती, पितनाथ, निलकान्त, धनजिते, माइला तामाङ, कान्छा सुनुवार, बखत बहादुर, कलेजका विद्यार्थीहरू, ज्योतिया, मन्त्री, वाणीभक्त, पार्टीका केटाहरू, निरु, कान्छी बज्यैका छोराछोरी, सरस्वतीकी छोरी,

पार्वती, सङ्गठनका सदस्यहरू, कमला र कमलाकी आमा, हजुरको मान्छेकी श्रीमती, ससुरो, साली, हाकुचा, चियापसलका केटाहरू, शिक्षक, सभामुख, श्रीमान्-श्रीमती, ऋषि, ऋषिको छोरो, हाकिम, ट्याक्सिवाला, दिदी, फारस हमाल, दयारामका आमा बाबु र साली आएका छन् ।

भाइ गरिबीका कारण पढाई छाड्न विवश, खानका लागि आन्दोलन गर्दा खुट्टा भाँचिएको एक क्रान्तिकारी चरित्र हो । ऊ वर्तमान अवस्थाको भोकमरी र चरम गरिबीको पीडालाई प्रस्तुत गर्ने ग्रामीण विपन्न परिवारको प्रतिनिधित्व गर्ने प्रतिनिधि प्रमुख चरित्र हो । कथामा भाइको भूमिका सर्वोपरि छ । त्यसैले भाइ कार्यका आधारमा प्रमुख चरित्र हो ।

शिवहरि पण्डित यथास्थितिबाट माथि उठ्न नसकेको पुरानो पुस्ताको प्रतिनिधित्त्व गर्ने प्रतिनिधि प्रमुख चरित्र हो । उसले बाबु बाजेदेखि चलिआएको धर्म संस्कृतिको खुलेर वकालत गरे पनि पतनशील संस्कृतिको पक्षमा आफूलाई उभ्याएकाले पराजित बन्न पुगेको चरित्र हो । सामन्ति संस्कृतिको कट्टर हिमायती र त्यस संस्कृतिको रक्षाका सवालमा अति संवेदनशील बन्न पुगेको शिवहरि पण्डित पूजापाठ गर्न, शङ्ख फुक्न, स्वर्ग, नर्क र भाग्य जस्ता कुराप्रति अटल आस्था राख्ने चरित्र हो । कथाको सम्पूर्ण संरचना उसकै वरिपरि घुमेको र कथामा प्रमुख भूमिका खेलेकोले कार्यका आधारमा प्रमुख चरित्र हो ।

प्रस्तुत कथासङ्ग्रहमा फुलेसरीकी आमा शोषण र दुर्भाग्यमा परेकी गरिब निर्धन परिवारका नारीहरूको प्रतिनिधित्त्व गर्ने प्रतिनिधि चरित्र हो । ऊ श्रीमान्‌बाट त्यागिएकी वरिष्ठ बोक्सीको आरोपमा जायजेथा छोडेर गाउँ निकाला भएकी कसैको थोरै आश्वासनबाट पनि फकिने असहाय चरित्र हो । ऊ न्याय पाउने आशामा रामसेवकसँग सदरमुकाम जान हिडेकी तर वेश्यालयमा पुग्न आँटेकी प्रतिवाद गर्न नसक्ने चरित्र हो । भारतमा पुगेपछि माइती गाउँको युवकसँग भेट भई वेश्यालय जस्तो नर्ककुण्डमा पर्नबाट बचेकी छ । यसरी हेर्दा कथा सुरुदेखि अन्तसम्म उसकै केन्द्रीयतामा घुमेकोले कार्यका आधारमा ऊ प्रमुख चरित्र हो ।

बुद्धिप्रसाद आफ्नो स्वार्थ पूर्तिका लागि जुनसुकै काम गर्न पछि नपर्ने स्वार्थी र अवसरवादी प्रवृत्तिको चरित्र हो । उसले पञ्चायती राजनीतिमा प्रवेश गरेपछि आफ्नै सहयात्रीहरूका विरुद्ध षड्यन्त्र र अपराधहरू गरेको छ । ऊ अवसरवादी सामन्ती राज्य व्यवस्था र संस्थाप्रतिको आत्मसमर्पण, त्यसको आडमा गरिने षड्यन्त्र र तस्करीको

प्रतिनिधित्त्व गर्ने चरित्र हो । ऊ एउटा निकृष्ट खलनायक हो, जब प्रजातन्त्रको पुर्नस्थापना भयो । त्यसपछि उही लोकतन्त्र विरोधी बुद्धिप्रसाद लोकतन्त्रको जब्बर हिमायतीमा परिवर्तन भएको छ । ऊ आफ्नो निजी हितलाई केन्द्रमा राखी राजनीति गर्ने अवसरवादी चरित्र हो । यसरी बुद्धिप्रसाद पञ्चायती व्यवस्थाको खलनायकहरूको यथार्थको प्रतिनिधित्त्व गर्ने नकारात्मक चरित्र हो । कथामा बुद्धिप्रसादको भूमिका सुदेखि अन्त्यसम्म रहेकाले कार्यका आधारमा प्रमुख चरित्र हो ।

यस कथासङ्ग्रहमा देखा परेकी बेनीपुरवाली गरिबीका कारण आफ्नो परिवार धान्न नसकेर श्रीमान्लाई तथानाम गाली बेइज्जती गरेर समाजमा रडाको मच्चाउने निम्न आर्थिक दुरवस्थामा बाँचेकी शोषित उत्पीडित वर्गको प्रतिनिधित्त्व गर्ने प्रतिनिधि चरित्र हो । आर्थिक दुरवस्था नै पारिवारिक बेमेल र बैमनस्यको कारक हो भन्ने कुरा बेनीपुरवालीका माध्यमबाट प्रस्तुत गरिएको छ । बेनीपुरवाली सधैँ श्रीमान्सँग झगडा गरिरहन्छे, त्यही कारण श्रीमान् जड्याहा हुन्छ र बेनीपुरवाली कर्कश बन्न पुगेकी छ । बेनीपुरवाली आफूलाई श्रीमान्ले कुटेकाले न्याय माग्न पञ्चप्रधान कहाँ जान्छे । प्रधानपञ्चले न्यायको नाममा उसको श्रीमान्लाई पिटेपछि “खबरदार कसैले चलाउन पाउँदैनौ, मेरो खसमलाई ! निसाफ गरिदिन पो गुहारेथे ...पिटाउन गुहाऱ्याँ हुँ र ...चाहिँदैन, मलाई तिमीहरूको निसाफ !” (पृ. ३६) भनेर लोग्नेको पक्ष लिने चरित्र हो । कथामा बेनीपुरवालीको भूमिका सुरुदेखि अन्त्यसम्म नै रहेकाले र कथालाई अगाडि बढाउन प्रमुख भूमिका खेलेकाले कार्यका आधारमा प्रमुख चरित्र हो ।

सुखवीर पञ्चायत कालमा पितनाथ जस्ता स्थानीय सामन्तहरूको शोषणमा परेको र २०४६ सालपछि नीलकान्त, नरहरि जस्ता दलालहरूको शोषणमा परेको चरित्र हो । सुखवीर पञ्चायतकाल र बहुदलीयकाल दुबै समयमा समान रूपमा उही प्रवृतिका फरक-फरक चरित्रहरूबाट शोषणमा परेको शोषित चरित्र हो । ऊ बहुदलीयकालमा गाउँको नयाँ सामन्त नीलकान्तको शोषणबाट बँच्न सहर पसेको छ, तर सहरमा नरहरिबाट शोषणमा परेको छ । ऊ शोषक वर्गको विरोध गर्ने पक्षमा छ तर भोको पेटको कारण उनीहरूको विरोध गर्न सकेको छैन । यसबाट सुखवीर सर्वहारावादी प्रमुख चरित्रको रूपमा आएको छ ।

चुल्हाइ राय तराईको ग्रामीण जनजीवनमा डरलाग्दो रूपमा रहेको दाइजो प्रथाको मारमा परेको निम्न आय भएको चरित्र हो । उसले आफ्ना छोरीको विवाहका लागि कसैलाई

टी.भी., कसैलाई बीस हजार नगद, कसैलाई दुई विघा खेत, कसैलाई मोटर साइकल, कसैलाई रेडियो क्यासेट दाइजो दिन सकेको छैन । आफ्नो छोरोले कुनै दाइजो तिलक विना नै विवाह गरेकाले समाजले उसको बारेमा कुरा काटेकोमा ऊ पिडित छ । जेठी छोरीको विवाहमा गुजराती भैँसीको पाडी दिएको तर त्यो पाडी मरेपछि उसकी जेठी छोरी ज्योतियालाई ज्युँदै जलाइएको घटनाले विक्षिप्त बनेको चरित्र हो । समाजमा व्याप्त दाइजो प्रथाको खुलेर विरोध गर्न नसके पनि छोराको परिवर्तनकारी कुराबाट सन्तोष लिने प्रमुख चरित्र हो ।

काँइला बा सङ्घर्ष, न्याय र सत्यको प्रतीक मानिएका छन् । उनी आफ्नो सम्पूर्ण जीवन, राजनीतिक विश्वास र सक्रियतालाई जनता न्याय र प्रजातन्त्रका लागि समर्पित गरेका राजनेताका प्रतीकका रूपमा रहेका चरित्र हुन् । काँइला बा बुढो उमेरतिर लागेका भए पनि आफ्नो आस्था र विश्वासलाई दृढतापूर्वक बचाउने जोश र जाँगर उनमा छ । उनले निडरतापूर्वक चतुरमान जस्ताहरूको भण्डाफोर गर्छन् । उनी छलकारी व्यवस्थाका विरुद्धमा छन् । उनी बहुसङ्ख्यक श्रमजीवी जनताको शासनसत्ता चाहन्छन् । यसकारण उनी गरिखाने वर्गका नेता हुन् । “सावधान, गाउँले दाजु भाइ हो ! हामीलाई जे कुरो हाम्रो जस्तो लागेको थियो, त्यो छल रहेछ । हामी अझ पनि निद्रामा रहेछौँ ? उठौँ, उठ्ने प्रयत्न गरौँ र एकै स्वरमा भनौँ चतुरमान जस्ता अपराधीलाई काँध थाप्ने व्यवस्था मूर्दावाद मूर्दावाद” (पृ. ६५) भन्ने काँइला बाको अभिव्यक्तिले उनको सङ्घर्षशीलता र जनवादी व्यवस्थाप्रतिको आस्थालाई स्पष्ट गर्दछ । उनी कथाको सुरुदेखि अन्त्यसम्म प्रमुख भूमिकामा रहेकाले कार्यका आधारमा प्रमुख चरित्र हुन् ।

कान्छी बज्यै छोरा बुहारीबाट कुनै पनि सेवाभाव नपाएकी बुढेसकालमा एक्लो जीवन बिताउन विवश चरित्र हुन् । उनी तीन छोरा र एक छोरीकी आमा हुन् । उनी श्रीमान्को मृत्युपछि घरमा एक्लै परेकी छन् । उनी विवाहित छोरीको पूर्ण रेखदेख र सेवाभावमा छिन् तर छोराको बेवास्ताका कारण चिन्तित छिन् । कान्छी बज्यै वास्तवमा सांस्कृतिक अन्धता र रुढिले ग्रस्त छिन् । उनमा छोरीको हेरचाहमा पालिनु पाप बोक्नु हो भन्ने भ्रम छ । उनलाई छोरा बुहारीले मात्र आफ्नो पालनपोषण गरुन् भन्ने चाहना छ । त्यसैले उनी पुरानो सामन्ती सांस्कृतिक वैचारिक दुष्प्रभावबाट पीडित बनेकी छन् । उनी

यथास्थितिबाट माथि उठ्न नचाहने, पुरानो संस्कृतिको समर्थनमा रहने र प्रचलित परम्पराको प्रतिनिधित्त्व गर्ने प्रतिनिधि चरित्र हुन् ।

सरस्वती नारीमुक्ति, स्वतन्त्रता र अधिकारका लागि सङ्घर्ष गर्ने चरित्र हो । उसमा रहेको अपरिपक्क र रुमानी दृष्टिदोषका कारण शङ्करबाट शोषित भएकी छ । त्यसले उसमा लडाइँबाट, सङ्घर्षबाट हार नमान्ने र नभाग्ने दृढता जन्माएको छ ।

ऊ सङ्गठनका लागि समर्पित भए पनि त्यही सङ्गठनबाट त्यागिएकी चरित्र हो । आफूमा आएको आत्महत्या जस्तो घातक र जीवन विरोधी चिन्तनलाई उसले जितेकी छ । अहिले ऊ शिक्षिका छ । ऊ आफू जस्तै धेरै असहाय, गरिब, उत्पीडित र शोषित महिलाहरूको भरपर्दो सहयोगी भित्र बन्न पुगेकी छ । गङ्गा दिदीको पूर्ण सहयोग र साथ पाएकी सरस्वती जीवनको बाङ्गोटिङ्गो यात्रामा खारिएर परिपक्क बनेकी चेतनशील चरित्र हो । यसबाट ऊ सांस्कृतिक-वैचारिक वग पक्षधरतामा परिपक्क भइसकेकी नारीमुक्तिको सन्दर्भमा गतिशील र प्रतिनिधि चरित्र हो ।

'हजुरको मान्छे' कथाको ऊ पात्र मूलत : एन.जी.ओ. वादी हो । उसले 'हजुरको मान्छे' नामको एन.जी.ओ. खोलेको छ । त्यसैले ऊ हजुरको मान्छे नामबाट परिचित छ । उसले सामाजिक सेवाको नाममा र विकासको नाममा धेरै पैसा पचाउने काम गरेको छ । उसले भूकम्प पीडित, बाढी पीडित, भुटानी शरणार्थी जस्ता प्राकृतिक प्रकोप पीडित जनताको नाममा चन्दा उठाएको पैसा समेत भ्रष्टाचार गरेको छ । २०४६ सालपछि नेपाली राजनीतिमा एन.जी.ओ. ले पकड जमाए जस्तै 'हजुरको मान्छे' ले पनि चुनावमा सबै दलका उम्मेदवारलाई पर्चा पम्प्लेट गरि दिएबाट ठूलो रकम हात पारेको छ । उसले सबै नेताप्रति घनिष्ठ र निकट बनेर राजनीतिक नेतृत्वलाई प्रभाव पार्ने र गैरलोकतान्त्रिक बाटोतर्फ डोऱ्याउने काम गर्छ । चुनावमा दलका नेतालाई साथ दिन भनेर टन्न गुण्डा पालेर राख्ने खलनायकी चरित्र हो । खलनायकी चरित्रको काम गरे पनि ऊ 'हजुरको मान्छे' कथाको प्रतिनिधि प्रमुख चरित्र हो ।

सांसद्हरू रसरङ्गका लागि लुब्ध देखिन्छन् । निरर्थक विषयमाथि व्यापक विवाद र बहस गरिरहने उनीहरू पार्टीको निर्देशनमा बालक झैँ लुरुलुरु सबै स्वीकार गरी निरीहता प्रदर्शन गर्ने चरित्र हुन् । निजी स्वार्थका लागि चमत्कारिक रूपमा एकमत हुन पुगेका छन् । उनीहरू राष्ट्रघात गर्न तयार देखिएका छन् । उनीहरू कथित जनप्रतिनिधि भनिएका

सांसद्हरूको भूमिकामा देखापर्ने विवेकहीन संस्कृति जनता र राष्ट्रको हितमा नभएका चरित्र हुन् ।

'नयाँ वर्षको नासो' कथामा प्रयोग गरिएको 'ऊ' पात्र इमान्दार कर्मचारी हो । चाकरी, भ्रष्टता जस्ता जनविरोधी क्रियाकलापमा उसको संलग्नता छैन । त्यसकारण ऊ प्रशासन संयन्त्रका साना ठुला सबैका दृष्टिमा घृणा, परिहास र व्यङ्ग्य प्रहारको पात्र बन्न पुगेको छ । सम्पूर्ण प्रशासन नै उसको प्रतिबद्धता र इमान्दारिताको विरुद्धमा छ तर पनि आफ्नो इमानबाट विचलित बनेको छैन । उसले जनउत्तरदायी प्रशासनको आदर्श नमुनाको प्रतिनिधित्त्व गरेको छ । उसका माध्यमद्वारा २०४६ सालको प्रशासन संयन्त्रमा पनि ऊ जस्ता व्यक्ति थिए भन्ने कुराको सङ्केत गरिएको छ । अर्कोतिर ऊ सहयोगी, मानवीय भावना भएको सकारात्मक सोच राख्ने, मनोविज्ञान बुझ्केको वर्ग सचेत चरित्रका रूपमा आएको छ । आफ्नो साथी ऋषिको छोराले आर्थिक अभावका कारण बिचैमा पढाइ छाड्ने कुरा थाहा पाएपछि उसको छोरोलाई पढाउने बाचा गर्दछ । यसबाट ऊ जिम्मेवार अभिभावकको रूपमा देखापर्दछ । समाजका ठूलावडा भनाउँदाहरूले भोज भतेर गरेर नयाँ वर्ष मनाउँछन् तर सच्चा व्यक्तिले गरिबको सेवामा नयाँ वर्षको आरम्भ गर्दछन् भन्ने कुराको प्रतिनिधित्त्व ऊ चरित्रले गरेको छ । प्रशासन संयन्त्रमा रहेको चाप्लुसी र भ्रष्टाचारको विरोधमा रहेको ऊ असल र प्रमुख चरित्र हो ।

'कटमिरो सहिदको पीडा' कथाको ऊ पात्र अर्थात् सानीको बा प्रजातन्त्रप्रति आस्थावान्, सङ्घर्षशील र आँटिलो चरित्र हो । उसले आफूलाई प्रजातन्त्र स्थापनाको लागि लड्दा हातखुट्टा गुमाएर अपाङ्ग बनाएको छ । नक्कली हातखुट्टा र वैशाखीको सहारामा हिड्ने ऊ सहरीया श्रमजीवी वर्गको प्रतिनिधि चरित्र हो । एउटा सानो कोठामा श्रीमती र छोरीका साथमा श्रम गरेर गुजारा चलाएको उसले श्रमजीवी, सर्वहारा र गरिखाने वर्गको सत्ता चाहेको छ । प्रजातन्त्र प्राप्त अगाडि सजाएको सुन्दर सपना प्रजातन्त्र प्राप्ति पछि नदेख्दा निराश भएको छ । प्रजातन्त्र स्थापनाका लागि लड्ने सहिदको सम्मानका दिन ऊ निर्ममतापूर्वक कुटिन्छ । यसबाट देश र जनताका लागि लड्ने व्यक्तिहरू सधै पछाडि पर्दछन् र तिनीहरूको उचित सम्मान हुन सक्दैन भन्ने यथार्थलाई उसका माध्यमबाट प्रस्तुत गर्न खोजिएको छ । दुई जना आन्दोलनकारी युवकबाट नयाँ जिन्दगी पाएको ऊ अन्याय र अत्याचारको पक्षमा खुलेर विरोध गर्ने चरित्र हो ।

दयारामकी दुलही उत्पीडक, बिलासी र गैर जिम्मेवारी चरित्र हो । उसलाई आफ्नो रूपको घमण्ड छ । ऊ पारिवारिक जिम्मेवारी सम्पूर्णतः दयाराममाथि थोपरेर बसीबसी मोज-मस्ती गर्ने सुविधा भोगी चरित्र हो । उसले आफ्नो श्रीमान्को कमजोर आर्थिक अवस्थाको कुनै वास्ता नगरी प्रत्येक दिन नयाँ नयाँ ठाउँ घुम्ने, फिलिम हेर्ने र मिठो खाने माग गर्छे तर निम्न आय भएको डेरामा बसेर गुजारा चलाउनु पर्ने दयारामले त्यो विलासिता पुऱ्याउन सक्दैन । त्यसपछि उसले श्रीमान्लाई कुट्ने, पिट्ने र तथानाम गाली गर्ने गरेकी छ । यसबाट ऊ परपीडक चरित्र पनि हो । दयारामका बुबा आमालाई कुनै मान सम्मान नगरेर तुच्छ व्यवहार गर्छे यही कारणले गर्दा श्रीमान्ले आत्महत्या गरेको छ । आफ्नो श्रीमान्को आत्महत्याबाट ऊ कत्ति पनि विचलित बन्दिन । आफ्नो छोराको पनि कुनै वास्ता गर्दिन । सधैं भरी राम्रो लाउने र मीठो खाने स्वभावकी दयारामकी दुलही अरूको इज्जतमाथि कुनै वास्ता नगर्ने अहमतावादी चरित्र हो ।

प्रस्तुत कथासङ्ग्रहमा देखा परेका यी चरित्रहरूले सबै कथालाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । यिनीहरूको केन्द्रीयतामा नै यस कथासङ्ग्रहको कथानक अगाडि बढेकाले र आ-आफ्नो कार्यलाई सफलताका साथ सम्पन्न गरेकाले यी चरित्रहरू कार्यका आधारमा प्रमुख हुन् ।

प्रस्तुत कथासङ्ग्रहमा आएको 'चिठ्ठीका हरफहरू'को 'म' अर्थात् दाजु कम्युनिस्ट आन्दोलनको अवसरवादी धारको प्रतिनिधित्त्व गर्ने सहायक चरित्र हो । ऊ एक जमानामा चर्को क्रान्तिकारी देखिन्छ तर अहिले त्यसबाट पूर्णतः विमुख भएर व्यक्तिगत स्वार्थ र सम्पत्तिप्रति लुब्ध बनिसकेको छ । ऊ राम्रो पदमा पुगेपछि आफ्नो घर परिवार र आफ्नो वास्तविकता बिर्सेर मोज-मज्जामा जीवन बिताउने वर्गको प्रतिनिधित्त्व गरेको कम्युनिस्ट आन्दोलनको नकारात्मक र पतनशील सहायक चरित्र हो ।

कथामा पुलिस प्रशासनले राज्यको प्रतिनिधित्त्व गरेका छन् । पुलिस प्रशासनलाई विरोधी चरित्रको रूपमा प्रस्तुत गरिएको छ । उनीहरू गरिबीका कारण खानका लागि आफ्नो माग राख्ने गरिब निर्धन परिवारका व्यक्तिमाथि निर्ममतापूर्वक गोली चलाउने, लाठी चार्ज गर्ने र समाजका छोरी बुहारीमाथि मनपरी गर्ने शोषक, उत्पीडक र दमनकारी भूमिकामा देखा परेका छन् । यस आधारमा पुलिस प्रशासन खल चरित्रका रूपमा आएका सहायक चरित्र हुन् ।

शिवहरि पण्डितको छोरो कथामा थोरै भूमिका भए पनि बदलिदो समयको गति र दिशाको प्रतिनिधित्त्व गर्ने विजयी चरित्र हो । ऊ पुरानो संस्कारप्रति तीब्र विरोध र असहमति जनाउने सांस्कृतिक जडताप्रति ठूलो रोष राख्ने चरित्र हो । ऊ पुरानो संस्कृतिले ईश्वर, स्वर्ग, नर्क र भाग्यजस्ता कुरा मार्फत् गरिरहेको शोषणप्रति सचेत रही सकारात्मक संस्कृतिको संरक्षणमा रहेको छ । पुराना जड र शोषणमुखी संस्कृतिलाई कति पनि स्वीकार नगर्ने शिवहरि पण्डितको छोरो नयाँ पुस्ताको प्रतिनिधि सहायक चरित्र हो ।

शिवहरि पण्डितको मामाको छोरो (भाइ) पुरानो पुस्तामा रहेर पनि नयाँ पुस्ताको समर्थनमा रहेकाले समय अनुसार परिवर्तन हुन सक्ने परिवर्तित चरित्र हो । ऊ सधैंभरि मेरो गोरुको बाह्रै टक्का नगरेर समय अनुसार आफ्नो सेंच र चेतनालाई ढाल्नुपर्छ भन्ने चेतनशील वर्गको सहायक चरित्र हो ।

फुलेसरी शोषण र दुर्भाग्यमा परेकी शोषित चरित्र हो । पितसृत्तात्मक र वर्गीय दुबै मारमा परेकी फुलेसरीले आफूमाथि परेको अन्यायप्रति कुनै विरोध गर्न सकेकी छैन । उसले “बाउ भा’ भए आज हामीलाई यसरी हियाउँन पाउँदैनथे हगि आमा ?” (पृ. २०) भनेबाट आफूमा कुनै चेतना नभएकी निरीह सहायक चरित्र हो ।

रामसेवक विभिन्न नाममा समाजका असहाय नारीहरूमाथि शोषण गर्ने शोषक चरित्र हो । उसले फुलेसरी र फुलेसरीकी आमालाई सदरमुकाममा लगेर न्याय दिने बहानामा भारतको वेश्यालयमा पुर्‍याउन लागेको छ । यसबाट ऊ समाजको सचेत व्यक्तिको नाममा अरूको दुःखमा रमाउने भ्रष्ट र पतित सहायक चरित्र हो ।

देवीलाल रामसेवक जस्तै शोषक चरित्र हो । उसले फुलेसरीकी आमालाई धामीको फेहरिस्तमा वरिष्ठ बोक्सी ठहर्‍याई गाउँ निकाला गरेको छ । यसले समाजका निरीह नारीलाई आफ्नो बासनाको शिकार बनाएको छ । देवीलाल गरिबहरूको घरबार उठाएर उनीहरूलाई फुटपाते बनाउने पतित र भ्रष्ट चरित्र हो । ऊ कार्यका आधारमा सहायक चरित्र हो ।

भारतमा औषधी विज्ञान पढ्ने युवक गरिब निमुखा वर्गको संरक्षण गर्ने निम्न वर्गको पक्षमा रहेको सहायक चरित्र हो । उसले फुलेसरीका आमा छोरीलाई वेश्यालय पुग्नबाट बचाएको छ । यसबाट ऊ समाजको सचेत वर्गको चेतनशील चरित्र हो ।

बेनीपुरवालीको खसम आर्थिक दुरवस्था खप्न विवश गरिब चरित्र हो । ऊ श्रीमतीको रातदिनको कचकचले दिनभरि मागेको खर्च भिखारी साहुको भट्टीमा बेचेर रक्सी खाने र घरमा आएर श्रीमती र छोराछोरीहरूलाई कुट्ने, कुलतमा फसेको, सहायक चरित्र हो ।

नाइके नरहरि २०४६ सालको परिवर्तनपछि उदाएको दलाल र शोषक चरित्र हो । उसले श्रमिकहरूलाई काम मिलाए बापत् कमिसन खाने गर्दछ । सुखवीर जस्ता श्रमिकलाई मौका पारेर विना पारिश्रमिक आफ्नो काम गर्न विवश तुल्याउँछ । नरहरिमा २०४६ साल पूर्वको पञ्चायती पृष्ठभूमिका पितनाथमा रहेको चरित्रसँग समानता छ । त्यसैले नरहरि श्रमिकको पसिना शोस्न पल्केको शोषक चरित्र हो । ऊ कार्यका आधारमा सहायक चरित्र हो ।

विशेशर दाइजो प्रथाको विरोध गर्ने शिक्षित र सचेत चरित्र हो । ऊ निकै साहसी, जुझारु, चेतनशील र आशालाग्दो चरित्र हो । सांस्कृतिक चेतनामा आउँदै गरेको परिवर्तनको प्रतिनिधित्त्व गर्ने विशेशर त्यस परिवर्तन र सङ्घर्षको नायक हो । उसले आफुले बिहेमा दाइजो लिएन । ऊ कसैलाई दाइजो दिने पक्षमा पनि छैन । दाइजो प्रथा विरोधी सङ्घर्षमा उसले वैचारिक र भौतिक दुबै प्रकारको सङ्घर्षको नेतृत्त्व गरेको छ । विशेशर शोषक र शोषणमुखी सांस्कृतिकताको विरोधी सहायक चरित्र हो ।

चुल्हाइ रायको ज्वाइँ दाइजोका लोभले विवाह गर्ने दाइजो भोगी चरित्र हो । दाइजो जति दिए पनि नपुगेर आफ्नी श्रीमतीलाई ज्युँदै जलाउने असत् चरित्र हो । यसले समाजमा दाइजोको कुप्रथालाई निरन्तरता दिएको छ । कार्यका आधारमा चुल्हाइ रायको ज्वाइँ सहायक चरित्र हो ।

चतुरमान नकारात्मक प्रवृत्ति भएको शक्तिशाली चरित्र हो । ऊ राजनैतिक दलभित्रको चाप्लुसी गर्ने अवसरवादी चरित्र हो । ऊ पञ्चायती व्यवस्थाको खुङ्खार षड्यन्त्रकारी र छली सामन्त हो । उसले लाटो वाणीभक्त जस्ता सरल, इमान्दार र सोझा मान्छेहरूलाई अनेक प्रलोभनमा फसाउने नमाने हत्या गर्ने गरेको छ । प्रजातन्त्र पुर्नस्थापना भएपछि चतुरमान संसदीय पार्टीमा प्रवेश गर्छ । उसको हाली मुहाली पार्टीमा चल्ने अवस्था रहेको छ । चतुरमानलाई कथित मन्त्री भनाउँदाहरूले पार्टीमा स्वागत गरिरहेका छन् । यसबाट ऊ २०४६ सालपछि प्रजातन्त्रको विरोधी भए पनि भेष बदलेर प्रजातन्त्रको समर्थन गर्ने अवसरवादी खल चरित्र हो । खल चरित्रका रूपमा रहे पनि चतुरमान कार्यका आधारमा सहायक चरित्र हो ।

सुन्तली आर्मी श्रीमान् र छोरोलाई छोडेर अर्कोसँग पोइल गएकी र उसले पनि छोडेर एकल जीवन बिताएकी चरित्र हो । ऊ कान्छी बज्यैको घरमा भाँडा माझ्न बसेकी छ । ऊ प्राकृतिक प्रकोपमा परेर ज्यान गुमाएकी असहाय सहायक चरित्र हो ।

शङ्कर पुरुष हैकम र महिलामाथि हुने गरेको उत्पीडनको प्रतिनिधित्त्व गर्ने अवसरवादी चरित्र हो । ऊ कम्युनिस्ट आन्दोलनमा लागेको युवक हो । ऊ विद्यार्थी सङ्गठनमा जिम्मेवार पदमा क्रियाशील रहेको र सङ्गठनको नाममा चलखेल गर्ने चरित्र हो । ऊ सरस्वतीसँगको प्रेम सम्बन्धलाई लिएर अनेक तर्क गर्ने तर गर्भवती बनाएपछि विवाह गर्न अस्वीकार गर्ने चरित्र हो । धन सम्पत्तिको लोभमा सङ्गठनकै अर्को सदस्य पार्वतीसँग विवाह गर्ने धूर्त चरित्र हो । उसको व्यवहारमा सांस्कृतिक रुपान्तरणका सन्दर्भमा प्रतिक्रियावादी व्यक्तिहरूमा भन्दा कुनै गुणात्मक भिन्नता छैन । उसले आफ्नै सङ्गठनकी नारी सहयोद्धा र कार्यकर्ताहरूमाथि शोषण गरेको छ । त्यसकारण शङ्कर क्रान्तिकारी आवरणमा रहेको नारीहरूमाथि शोषण र उत्पीडन गर्ने नारीमुक्ति, स्वतन्त्रताको अवरोध सहायक चरित्र हो ।

गङ्गा दिदी नारीमुक्ति, स्वतन्त्रता र अधिकारका लागि सङ्घर्ष गर्ने सचेत चरित्र हुन् । उनले  पुरुषहरूबाट हुने अन्याय र अत्याचारलाई बुझेर त्यस बिरुद्धमा नारीलाई सचेत गराउने गर्दछिन् । शङ्करको शोषण र क्षणिक बासनाको सिकार बनेकी सरस्वतीलाई मृत्युबाट जोगाउने र सही मार्गमा हिडाउने काम गर्ने चरित्र हुन् । समाजमा उत्पीडनको मारमा परेका नारीहरूलाई एकजुट गराई आफूप्रतिको अत्याचारका बिरुद्धमा प्रतिकार गर्न सफल बनाउने परिवर्तनकारी चरित्र हुन् । कार्यका आधारमा गङ्गा दिदी सहायक चरित्र हुन् ।

पाण्डवराज राजनैतिक कार्यकर्ता हो । ऊ पार्टीमा इमान्दार रहे पनि चुनावमा पार्टीको टिकट हात पार्न असफल छ । त्यसबाट उसलाई बागी उम्मेदवार बन्ने निष्कर्षमा पुऱ्याउँछ । हजुरको मान्छे जस्तो एन.जी.ओ.वादीको उक्साहटमा परेर ऊ बागी उम्मेदवार बन्छ तर चुनाव हार्छ । चुनावमा हारे पनि उसले पार्टीको उम्मेदवारलाई पराजित गरेकोले खुसीयालीमा भोजको आयोजना गर्छ । त्यस भोजमा पाण्डवराजलाई चुनावमा मद्दत गर्ने गुण्डा, लफङ्गा, दादा, आवाराहरूको जमघट चल्छ । उसले आउँदो चुनावमा यस्ता गुण्डालाई उपयोग गर्नका लागि उनीहरूलाई खुशी पार्ने काम भोजबाट गरेको छ । यिनीहरूले पाण्डवराजलाई चुनावमा बुथ कब्जा गर्ने, विरोधी उम्मेदवारहरूलाई अपहरण

गर्ने, नक्कली भोट खसाल्ने जस्ता कुरामा दह्रो रकम लिएर जीउ ज्यानले सहयोग गरेका छन् । यसरी प्रतिबद्ध इमानदार कार्यकर्ता र जनताको सहयोगमा नभएर गुण्डाहरूको सहयोगमा चुनाव लड्ने राजनीतिक नेताको प्रतिनिधित्त्व पाण्डवराजले गरेको छ । यसबाट पाण्डवराजको चरित्रले २०४६ सालपछिको संसदीय पार्टीका ठूला सङ्ख्यामा रहेका नेताहरूको सामूहिक झलक दिन्छ । यसकारण पाण्डवराज संसदीय व्यवस्थाको कुरूप नेतृत्त्वको प्रतिनिधि चरित्र हो । कार्यका आधारमा ऊ सहायक चरित्र हो ।

युवकहरूले 'कटमिरो सहिदको पीडा' कथामा रहेको 'ऊ' पात्रलाई आर्थिक र भावनात्मक रूपले सहयोग गरेका छन् । उनीहरूले प्रजातन्त्र ल्याउनको लागि आन्दोलन गर्दा आफ्नो हात खुट्टा गुमाएको 'ऊ' पात्रलाई अस्पतालमा पुऱ्याएर उपचारको सम्पूर्ण खर्च बेहोर्नुका साथै उसलाई घरसम्म ल्याई पुऱ्याएका छन् । यसबाट उनीहरू सचेत, प्रतिबद्ध, गरिबको पक्षमा लड्ने, सहयोगी र मानवतावादी सहायक चरित्र हुन् ।

दयाराम यस कथासङ्ग्रहमा आएको सहायक चरित्र हो । ऊ सहरमा बस्ने शिक्षित वर्गको जागिरे व्यक्ति हो । ऊ कथामा दोहोरो उत्पीडनमा परेको सरल चरित्र हो । ऊ एकातिर शैक्षिक संस्थाबाट शोषित छ, भने अर्कातिर श्रीमतीको शासन र उत्पीडनको मारमा परेको छ । ऊ शिक्षित भए पनि पारिवारिक, आर्थिक र शारीरिक उत्पीडनलाई सहन नसकी आत्महत्या गर्न विवश चरित्र हो । यसबाट कार्यका आधारमा दयाराम सहायक चरित्र हो ।

'दयारामकी दुलही' कथाको 'ऊ' पात्र दयारामको विवशता, बाध्यता र दयारामकी दुलहीको कर्कश व्यवहारलाई वर्णन गर्ने चरित्र हो । उसले दयारामका बाबु आमालाई चियापसल खोल्न सहयोग गरेको छ । यसबाट उसलाई मानवतावादी भावना भएको चरित्र हो भन्न सकिन्छ । कार्यका आधारमा 'ऊ' सहायक चरित्र हो ।

प्रस्तुत कथासङ्ग्रहमा देखा परेका यी चरित्रहरूले कथालाई अगाडि बढाउन उल्लेख भूमिका खेलेका छन् । कथालाई सक्रिय रूपमा अगाडि लैजानका लागि प्रमुख चरित्रलाई सहयोग गर्ने यी चरित्र सहयोगी सहायक चरित्र हुन् ।

**घाम घामजस्तो छैन** कथासङ्ग्रहमा देखा परेका गौण चरित्रहरूले कथानकलाई अगाडि बढाउने क्रममा सीमित भूमिका खेलेका छन् । गौण चरित्रहरूलाई कथासङ्ग्रहबाट

झिकिदिँदा पनि खासै असर पर्दैन तर कथासङ्ग्रह भित्रै रहेर विषयवस्तुलाई उद्देश्यमा पुऱ्याउन सहयोग गरेकाले उनीहरूको उपस्थिति सफल छ ।

### ३.२.२.२ लिङ्गका आधारमा चरित्रचित्रण

**घाम घामजस्तो छैन** कथासङ्ग्रहमा लिङ्गका आधरमा पुरुष र महिला गरी दुई थरीका चरित्र रहेका छन् । पुरुष चरित्रका रूपमा भाइ, शिवहरि पण्डित, बुद्धिप्रसाद, सुखवीर, चुल्हाइ राय, काँइला बा, सांसद्हरू, 'हजुरको मान्छे', 'नयाँ वर्षको नासो', 'कटमिरो सहिदको पीडा' शीर्षकमा प्रयोग भएको 'ऊ', दाजु, पुलिस प्रशासन, शिवहरि पण्डितको छोरो, शिवहरि पण्डितको मामाको छोरो, रामसेवक, भारतमा औषधी विज्ञान पढ्ने युवक, देवीलाल बेनीपुरवालीको श्रीमान्, नाइके नरहरि, पितनाथ, विशेशर, चुल्हाइ रायको ज्वाँइ, चतुरमान, शङ्कर, पाण्डवराज, युवकहरू, दयाराम, 'दयारामकी दुलही' कथाको 'ऊ', भाइका बा, माइला कामी, सिरेमान साहु, वैद्य, डाक्टर , धामीझाँक्री, गाउँका ठिटाहरू, फुलेसरीको बाबु, खुशीलाल, वंशीलाल, पुलिस, कालुचा, भिखारी साहु, पञ्चभलाद्मीहरू, लालबहादुर घर्ती, नीलकान्त, धनजीते, माइला तामाङ, कान्छा सुनुवार, बखतबहादुर, कलेजका ठिटाहरू, मन्त्री, वाणीभक्त, पार्टीका केटाहरू, ससुरो, चिया पसलका केटाहरू, शिक्षक, सभामुख, श्रीमान्, ऋषि, ऋषिको छोरो, हाकिम, ट्याक्सीवाला, फारस हमाल र दयारामको बाबु रहेका छन् । प्रस्तुत कथासङ्ग्रहमा महिला चरित्रका रूपमा फुलेसरीकी आमा, फुलेसरी, बेनीपुरवाली, कान्छी बज्यै, सरस्वती, गङ्गा दिदी, कमला, दयारामकी दुलही, दयारामकी साली, हजुरको मान्छेकी श्रीमती र साली, सुन्तली, भाइकी आमा, दाजुकी श्रीमती, पण्डित बाजेकी श्रीमती, गाउँवाली, मालिनी, पेमा, बेनीपुरवालीका छोरीहरू, ज्योतिया, सरस्वतीकी छोरी, पार्वती, कमलाकी आमा, दयारामकी आमा र दिदी रहेका छन् ।

प्रस्तुत कथासङ्ग्रहमा भाइ, शिवहरि पण्डित, बुद्धिप्रसाद, सुखवीर, चुल्हाइ राय, काँइला बा, सांसद्हरू र 'ऊ' पुरुष चरित्र प्रमुख भूमिकामा आएका छन् । फुलेसरीकी आमा, बेनीपुरवाली, कान्छी बज्यै, सरस्वती र दयारामकी दुलही महिला चरित्र प्रमुख भूमिकामा आएका छन् ।

१)	**परम्परावादी पुरुष चरित्र**

**घाम घामजस्तो छैन** कथासङ्ग्रहमा परम्परावादी पुरुष चरित्रका रूपमा पुलिस प्रशासन, शिवहरि पण्डित, रामसेवक, पञ्चभलाद्मीहरू, बेनीपुरवालीको श्रीमान्, नाइके नरहरि, पितनाथ, चुल्हाइ रायको ज्वाँइ, चतुरमान, शङ्कर, धामीझाँक्री, वंशीलाल, नीलकान्त र जगदीश आएका छन् । पुलिस प्रशासनले परम्पराबाट चलिआएका नियम कानुनलाई आत्मसात् गरी नेतालाई राजा र जनतालाई रैतीका रूपमा गरिने व्यवहार प्रदर्शन गरेका छन् । उनीहरूले माथिको आदेश पालना गरी गरिब जनतालाई गासको माग गर्दा निर्मम दमन गर्ने काम गरेका छन् । त्यसैले पुलिस प्रशासन परम्परावादी पुरुष चरित्र हुन् ।

शिवहरि पण्डित परम्परादेखि चलिआएको धर्म संस्कृतिको कट्टर समर्थक छ । ऊ आफू बिरामी परेर मरणासन्न अवस्थामा पुग्दा समेत आफ्नो छोराले उक्त संस्कृतिलाई निरन्तरता दिँदैन कि भन्ने ठूलो चिन्तामा परेको छ । ऊ उक्त संस्कृतिभन्दा एक कदम पनि पछि हट्न चाँहदैन । त्यस कारणले गर्दा ऊ परम्परावादी पुरुष चरित्र हो ।

रामसेवक, नाइके नरहरि, पितनाथ, नीलकान्त, चतुरमान, वंशीलाल र जगदीश पितृसत्तात्मक सोंच भएका पुरुष चरित्र हुन् । यिनीहरूले समाजमा आफूहरूलाई सर्वसत्तावादी ठानी गरिब दुःखी जनताका पसिना चुस्ने, अशिक्षित महिलाहरूलाई विभिन्न प्रलोभनमा पारी वेश्यालयमा पुऱ्याउने, गाउँमा रहेका असहाय एक्ला नारीहरूलाई बोक्सीको आरोपमा घरबार बिहीन बनाउने, बलात्कार गर्ने, अहम्वादी सोच भएका परम्परावादी  पुरुष चरित्र हुन् ।

पञ्चभलाद्मीहरू आफूलाई सच्चा न्यायका पहरेदार ठानी जनतालाई न्यायका नाममा यातना दिने, बोक्सी जस्तो रुढीवादी कुपरम्परालाई स्वीकार गरी बोक्सीको आरोपमा फुलेसरीकी आमा जस्ता एकल महिलाहरूलाई घरबार बिहीन बनाई सम्पत्ति हडप्ने परम्परावादी पुरुष चरित्र हुन् ।

बेनीपुरवालीको श्रीमान् दिनभरिको ज्याला मजदुरी लिएर भिखारी साहुको भट्टीमा बुझाइ जाँड रक्सी खाने र घरमा आएर श्रीमतीलाई जसरी भए पनि खान टक्र्याउ भन्दै कुट्ने चरित्र हो । श्रीमान्ले जे-जस्तो गरे पनि नारीहरूले घरको सम्पूर्ण धन्दा गर्नुपर्छ र साँझ श्रीमान् फर्केर आउँदा उसको सेवामा हाजिर हुनुपर्छ भन्ने पितृसत्तात्मक सोंचले

ग्रसित चरित्र हो । ऊ आफूले भने बमोजिम नभएपछि श्रीमती छोराछोरी सबैलाई कुटेर लखेट्ने परम्परावादी सों भएको पुरुष चरित्र हो ।

चुल्हाइ रायको ज्वाइँ रुढी संस्कृतिका रूपमा रहेको दाइजो प्रथाको कट्टर समर्थक छ । उसले महिलाहरूलाई बजारमा बेच्न राखिएका बिक्रीयोग्य सामानका रूपमा ठानी आफू मन लागि व्यवहार गर्छ । ऊ विवाहमा अथाह दाइजो माग गर्ने र दाइजो कमी भएको निहुँमा श्रीमती ज्योतियालाई ज्यूँदै जलाएर मार्ने परम्परावादी सोच भएको पुरुष चरित्र हो ।

शङ्कर महिलाहरूलाई खेलौनाका रूपमा ठानी आफ्नो स्वार्थ पूर्ती नहुन्जेलसम्म उपभोग गरिरहने र स्वार्थ पूर्ती भइसकेपछि रद्धिको टोकरीमा फ्याकी पुन : अर्को महिलासँग सम्बन्ध बढाइ महिलाहरूमाथि पुरुषहरूले सम्पूर्ण हाँइहुकुम चलाउनुपर्छ भन्ने मान्यताबाट ग्रसित हैकमवादी सोच राख्ने परम्परावादी पुरुष चरित्र हो ।

उल्लिखित चरित्रहरू समाजमा परम्पराबाट चलिआएका धर्म, संस्कृति, मूल्य, मान्यताका आडमा गरिब जनता र एकल महिलाहरूमाथि आफ्नो वर्चस्व कायम गरी उनीहरूमाथि हाइहुकुम चलाउने परम्परावादी सोच भएका पुरुष चरित्र हुन् ।

**२) परम्परामुक्त पुरुष चरित्र**

**घाम घामजस्तो छैन** कथासङ्ग्रहमा परम्परा मुक्त पुरुष चरित्रका रूपमा भाइ, शिवहरि पण्डितको छोरो, काँइला बा, उद्वव, विशेशर, भारतमा औषधी विज्ञान पढ्ने युवक, दयाराम र डाक्टर आदि रहेका छन् । भाइ प्रस्तुत कथा सङ्ग्रहमा शोषण, दमन, अन्याय, अत्याचारको विरोध गरी आफ्नो हक अधिकार स्थापित हुनुपर्छ भन्ने अग्रगामी चिन्तन भएको चरित्र हो । उसले समाजका गरिब जनताहरूलाई सचेत पार्ने काम गरेको छ । परम्परावादी समाज विपरीत महिलाहरूलाई पनि आफ्नो हक अधिकारका लागि र आफ्नो अस्तित्त्व रक्षाका लागि एकजुट बन्न अभिप्रेरित गर्ने परम्पराबाट मुक्त पुरुष चरित्र हो ।

शिवहरि पण्डितको छोरो परिवर्तित समय अनुसार आफ्नो विचारलाई परिष्कार गर्नुपर्छ भन्ने मान्यता भएको पुरुष चरित्र हो । उसले परम्परागत रूपमा चलिआएको रुढी संस्कारको विरोध गरी नयाँ मूल्य, मान्यता अनुसार चल्नुपर्छ भन्ने सोंच राखेको छ । त्यसैले ऊ परम्पराबाट मुक्त पुरुष चरित्र हो ।

काँइला बा जनताको कल्याण चाहने, जनताका पक्षमा आवाज उठाउने, समाजका शोषक सामन्तीहरूलाई हजुर तपाइँ भनेर नढोगी उनीहरूका कुकृत्यहरूलाई जरैबाट उखेल्नुपर्छ भन्ने अग्रगामी चिन्तन बोकेका परम्पराबाट मुक्त पुरुष चरित्र हुन् ।

उद्धव परम्परादेखि सार्वजनिक प्रशासनमा मौलाएको भ्रष्टाचारबाट परै बस्नुपर्छ, स्वच्छ छवि निर्माण गर्नुपर्छ र देशलाई समुन्नत दिशामा अगाडि बढाउनुपर्छ भन्ने मान्यता राख्ने पुरुष चरित्र हो । ऊ प्रशासनिक संयन्त्रमा भएको भ्रष्टाचारबाट टाढै बसी गाउँका असहाय टुहुरा बालबालिकालाई संरक्षण गर्ने परम्पराबाट मुक्त पुरुष चरित्र हो ।

विशेशर तराई समाजमा जरा गाडेर बसेको दाइजो प्रथाको विरोध गरी परिवर्तन आफैबाट सुरु गर्नुपर्छ भन्ने मान्यता राखेर आफ्नो बिहेमा गरिब परिवारकी केटीसँग विना दाइजो विवाह गर्ने चरित्र हो । ऊ आफू पनि दाइजो नलिने र कसैलाई दाइजो नदिने पक्षमा उभिएको परम्पराबाट मुक्त पुरुष चरित्र हो ।

भारतमा औषधी विज्ञान पढ्ने युवक गरिब असहाय महिलाहरूको हक अधिकार प्राप्त गराउनका लागि लड्ने, भारतको वेश्यालयमा बेचिन पुगेका नेपाली चेलीहरूलाई नर्ककुण्डबाट बचाउने र उनीहरूको अस्तित्त्व रक्षाका लागि निरन्तर रूपमा लागि पर्ने परम्पराबाट मुक्त पुरुष चरित्र हो । ऊ बदलिंदो समयसँगै नारीहरूलाई पनि सचेत र जागरुक बनाउनुपर्छ भन्ने मान्यता बोकेको चरित्र हो ।

दयाराम आर्थिक अवस्था र श्रीमतीबाट पीडित चरित्र हो । उसले महिलाहरू पनि आफ्नो स्वतन्त्र अस्तित्वका लागि लड्नुपर्छ, कसैको दासी बन्नु हुँदैन भन्ने सोच राखेर श्रीमतीलाई आफ्नो खुट्टामा आफै उभिनुपर्छ भन्ने सन्देश दिने परम्पराबाट मुक्त पुरुष चरित्र हो ।

डाक्टर पुरानो रुढिग्रस्त समाजमा मानिस बिरामी पर्दा धामीझाँक्रीको झारफुक जस्तो कुचलनप्रति विश्वास नगरी आधुनिक चिकित्साशास्त्र अनुरूप औषधी उपचार गर्नुपर्छ भन्ने अग्रगामी चिन्तन बोकेको परम्पराबाट मुक्त पुरुष चरित्र हो ।

उल्लिखित चरित्रहरू समाजमा परम्परागत रूपमा चलिआएका मूल्य, मान्यता र पुरानो विचारहरूलाई विस्तारै समयको गति अनुसार परिवर्तन गरी नयाँ मूल्य र मान्यता अनुरूप चल्ने परम्पराबाट मुक्त सोच भएका पुरुष चरित्र हुन् ।

३) **परम्परावादी महिला चरित्र**

**घाम घामजस्तो छैन** कथासङ्ग्रहमा परम्परावादी महिला चरित्रका रूपमा फुलेसरीकी आमा, गाउँवाली, कान्छी बज्यै र दयारामकी दुलही आएका छन् । फुलेसरीकी आमा श्रीमान्बाट त्यागिएकी, समाजमा बोक्सीको सर्वश्रेष्ठ दर्जा पाएकी असहाय नारी चरित्र हो । उसमा समाजका पञ्चभलाद्मीले आफूमाथि थोपरेको बोक्सी जस्तो कुप्रथाको आरोपमा घरबार उठाउँदा पनि कुनै विरोध गर्ने क्षमता छैन । उसले आफ्नो श्रीमान् भएको भए आफूलाई गाउँ निकाला हुनुपर्ने थिएन भन्ने सोचेकी छ । परम्परावादी पुरुष प्रधान समाजले असहाय महिलालाई बोक्सीको आरोपमा निर्मम यातना दिने गर्दछन् भन्ने फुलेसरीकी आमालाई थाहा छ तर आफ्नो सम्पूर्ण सम्पत्ति उठाएर गाउँ छाड्न भन्दा कुनै प्रतिकार गर्न नसकी सहजै स्वीकार गरेकी छ, त्यसैले ऊ परम्परावादी महिला चरित्र हो ।

गाउँवाली महिला भएपछि चुलो चौका गर्नुपर्ने, श्रीमान्को गोडा मोल्नुपर्ने र पुरुषको खुशी नै हामी महिलाको खुशी हो भन्ने परम्परावादी सोच भएकी चरित्र हो । तराई समाजमा जरा गाडेर बसेको दाइजो प्रथाको समर्थनमा रहे पनि आफ्नी छोरी ज्योतियालाई दाइजोको कारण ज्यूदै जलाएको खबरले अत्यन्त दुःखी छ । उसले छोरीको विवाह धनी घरमा पढेलेखेको केटासँग हुन थालेपछि भगवानसँग लड्डु चढाएर प्रार्थना गर्दछे । समाजमा दाइजोको मारमा विशेष गरी महिलाहरू नै पर्ने गरेका हुन्छन् । गाउँवालीले आफूहरूमाथि हुने गरेको शोषण र दमनप्रति कुनै वास्ता नगरी  पुरुषहरूलाई नै आफ्नो भाग्य विधाता ठानेकी छ । त्यसैले ऊ परम्परावादी महिला चरित्र हो ।

कान्छी बज्यै भविष्यको सहारा छोराबुहारी मात्रै बन्ने गर्दछन्, छोरीहरू पराई घरका अंश हुन् भन्ने पुरानो सेंचले भरिएकी चरित्र हो । उसमा ढल्दै गरेको उमेरको अशक्तताप्रति छोरी ज्वाइँको हेरचाहलाई पापको भारी बोक्नु र नर्ककुण्डको बास गर्नु हो भन्ने विचार रहेको छ । आफू बसेको घर जीर्ण अवस्थामा पुग्दा र छोरा बुहारीले बेवास्ता गर्दा पनि त्यही घर र छोराबुहारीका लागि रातदिन प्रार्थना गरिरहने परम्परावादी महिला चरित्र हो ।

दयारामकी दुलही आधुनिक विचार धारामा रहेर पनि महिलाहरूलाई पुरुषले मात्र कमाएर पाल्नुपर्छ र महिलाहरू पूर्णरूपमा पुरुषको संरक्षणमा रहनुपर्छ भन्ने परम्परावादी सोच भएकी चरित्र हो । ऊ आफू दिनभरि घरमा बसेर श्रीमान्ले कमाएर ल्याएको खर्चबाट मोज-मस्ती गर्न चाहने परम्परावादी महिला चरित्र हो ।

उल्लिखित चरित्रहरू समाजमा परम्परागत रूपमा चलिआएका मूल्य, मान्यता र पुराना विचारहरूलाई निरन्तरता दिने परम्परावादी महिला चरित्र हुन् ।

**४) परम्परा मुक्त महिला चरित्र**

**घाम घामजस्तो छैन** कथासङ्ग्रहमा परम्परामुक्त महिला चरित्रका रूपमा बेनीपुरवाली, कान्छी बज्यैकी छोरी, सरस्वती र गङ्गा दिदी आएका छन् । बेनीपुरवाली परम्परागत पुरुष हैकमवादी सोचले ग्रस्त समाजका पुरुष भनाउँदाहरूको चरम यातनाप्रति खुलेर विरोध गर्ने सचेत चरित्र हो । उसले न्यायका नाममा पञ्चभलाद्मीले श्रीमान्लाई कुटेपछि सबैको अगाडि औंला ठड्याएर तिमीहरूको यस्तो अपराधपूर्ण न्याय चाँहिदैन भन्दै घरको समस्या घरमै समाधान गर्ने निर्णय लिएर श्रीमान्लाई माफी मगाएकी छ । यसैका आधारमा ऊ परम्पराबाट मुक्त आधुनिक चिन्तन बोकेकी महिला चरित्र हो ।

कान्छी बज्यैकी छोरी बुढी भइसकेकी एक्ली आमाकी सहारा बनेकी छ । उसले बाबु आमाको हेरचाह गर्नका लागि छोरा बुहारी नै चाहिन्छन् भन्ने गलत मान्यताको विरोध गरी छोराछोरी दुबै बराबर हुन्, आवश्यक परेको अवस्थामा छोरीले पनि सही मार्ग प्रदर्शन गर्न सक्छन् भन्ने कुराको प्रतिनिधित्त्व गरेकी छ । ऊ यसैका आधारमा परम्पराबाट मुक्त महिला चरित्र हो ।

सरस्वती पढेलेखेकी सचेत चरित्र हो । उसले छोटो समयमा सम्पूर्ण रूपमा शङ्करलाई नबुझीकन प्रेममा धोका पाएकी छ । उसले प्रेममा धोका पाएपछि महिलाहरू पनि आफै केही गर्न सक्छन्, पुरुषको थिचोमिचोबाट पीडित बनेका नारीहरूले पनि आफ्नो हक अधिकारका लागि सङ्घर्ष गरी छुट्टै जीवन जीउन सक्छन् भन्ने कुराको प्रतिनिधित्त्व गरेकी छ । आफूले जन्माएको सन्तानको परिचय बाबुबाट मात्र हुन्छ भन्ने गलत मान्यताका विपरीत सरस्वतीले आफ्नी छोरीको अभिभावकत्त्व आफै बहन गरेकी छ । यसैले ऊ परम्पराबाट मुक्त महिला चरित्र हो ।

गङ्गा दिदी राजनीतिक पार्टीको सङ्गठनमा लागेकी राजनीतिक रूपमा सचेत चरित्र हुन् । उनले सानो आश्वासनमा र ललाई फकाईमा पर्ने महिलाहरूलाई सचेत बनाउँदै हिड्ने गर्दछिन् । उनी समाजमा रहेको पुरुषको सहारा विना महिलाहरू बाँच्न सकिदैंन भन्ने गलत मान्यतालाई चुनौति दिंदै एकल रूपमा बाँच्न सफल हजारौं

महिलाहरूको प्रतिनिधि चरित्र हुन् । उनी पुरुष हैकमवादी सोचबाट पीडित बनेका महिलाहरूकी पक्षधर परम्पराबाट मुक्त चरित्र हुन् ।

उल्लिखित चरित्रहरू परम्परागत रूपमा चलिआएका मूल्य, मान्यता र पुराना विचारलाई परित्याग गरी विस्तारै समयको गति अनुसार आफूलाई परिवर्तन गर्ने र आफ्नो स्वतन्त्र अस्तित्त्व रक्षाका लागि निरन्तर रूपमा नयाँ मूल्य र मान्यता अनुरूप चल्ने परम्पराबाट मुक्त महिला चरित्र हुन् ।

प्रस्तुत कथासङ्ग्रहमा लिङ्गका आधारमा रहेका पुरुष र महिला चरित्रहरूमा पनि परम्परावादी पुरुष चरित्र, परम्परा मुक्त पुरुष चरित्र, परम्परावादी महिला चरित्र र परम्परामुक्त महिला चरित्र रहेका छन् । यी चरित्रहरूलाई माथि उजिल्याउने काम गरिएको छ ।

### ३.२.२.३ आबद्धताका आधारमा चरित्रचित्रण

आबद्धताका आधारमा चरित्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध चरित्रलाई कथानकबाट हटाउँदा कथानकको संरचना भत्किन्छ तर मुक्त चरित्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई हटाउँदा कथानकमा खासै फरक पर्दैन । **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा आबद्धताका आधारमा बद्ध र मुक्त चरित्रको प्रयोग गरिएको छ । बद्ध चरित्रका रूपमा भाइ, आन्दोलनकारीहरू, मन्त्री, धामीझाँक्री, वंशीलाल, पेमा, पञ्चलाद्मीहरू, लालबहादुर घर्ती, पितनाथ, नीलकान्त, धनजिते, माइला तामाङ, कान्छा सुनुवार, बखतबहादुर, कान्छी बज्यैकी छोरी, सभामुख, श्रीमान् श्रीमती, ऋषिको छोरो, हाकिम, ट्याक्सीवाला, दयारामका बाबु आमा, शिवहरि पण्डित, फुलेसरीकी आमा, बुद्धिप्रसाद, बेनीपुरवाली, सुखवीर, चुल्हाइ राय, काँइला बा, कान्छी बज्यै, सरस्वती, दयारामकी दुलही, सांसद्हरू, दाजु, पुलिस प्रशासन, शिवहरि पण्डितको छोरो, शिवहरि पण्डितको मामाको छोरो (भाइ), फुलेसरी, रामसेवक, भारतमा औषधी विज्ञान पढिरहेको युवक, देवीलाल, बेनीपुरवालीको श्रीमान्, नाइके नरहरि, विशेशर, चुल्हाइ रायको ज्वाइँ, चतुरमान, सुन्तली, शङ्कर, गङ्गा दिदी, पाण्डवराज, युवकहरू, दयाराम र ऊ रहेका छन् ।

भाइले चिठ्ठीका सम्पूर्ण हरफहरूलाई वाचन गरेर पाठकसामु प्रस्तुत गर्ने काम गरेको छ । ऊ प्रस्तुत कथासङ्ग्रहमा बद्ध चरित्रका रूपमा आएको छ । भाइलाई

कथानकबाट हटाउँदा कथानकको संरचना भत्किन्छ । उसकै केन्द्रीयतामा कथानकमा रहेका सम्पूर्ण घटनाहरू घटित भएकाले ऊ बद्ध चरित्र हो ।

शिवहरि पण्डित प्रस्तुत कथासङ्ग्रहको सम्पूर्ण कथानकको केन्द्र हो । उसलाई नै केन्द्र बिन्दुमा राखेर परम्परादेखि चलिआएको पुरोहित्याइँ प्रथालाई निरन्तरता दिइएको छ र उसको निधनसँगै उक्त प्रथाको पनि निधन गराइएको छ । उसलाई कथानकबाट हटाउँदा कथानकको संरचना नै भत्किने हुँदा ऊ बद्ध चरित्र हो ।

फुलेसरीकी आमा प्रस्तुत कथासङ्ग्रहकी केन्द्रीय चरित्र हो । समाजमा चलिरहेको बोक्सी प्रथाको केन्द्रीय चरित्रमा फुलेसरीकी आमालाई उभ्याइएको छ । उसकै वरिपरि कथानकको संरचना निर्माण भएकाले उसलाई कथानकबाट हटाउँदा कथानकको संरचना बिग्रन्छ त्यसैले ऊ बद्ध चरित्र हो ।

बुद्धिप्रसाद प्रस्तुत कथासङ्ग्रहको केन्द्रीय चरित्र हो । प्रजातन्त्रको पुनर्स्थापनापछि चैते नेताहरूले प्रजातन्त्रमा हालिमुहाली गरेको र सच्चा प्रजातन्त्रवादीहरू पछाडि परेको घटनालाई देखाउनका लागि ‘बुद्धिप्रसादको काँचुली’ शीर्षक दिएर उसलाई प्रस्तुत गरिएको छ । बुद्धिप्रसादलाई कथानकबाट हटाउँदा कथानकको संरचना भत्किन्छ र सिलसिला टुट्छ त्यसैले ऊ बद्ध चरित्र हो ।

बेनीपुरवाली प्रस्तुत कथासङ्ग्रहकी बद्ध चरित्र हो । समाजमा पुरुषहरूले नारीहरूमाथि गर्ने अन्याय, अत्याचारको विरोध गर्ने चरित्रका रूपमा बेनीपुरवाली उपस्थित छ । उसैलाई केन्द्रबिन्दुमा राखेर कथानक सिलसिलेवर रूपमा अगाडि बढेको छ । उसलाई कथानकबाट हटाउँदा कथानकको संरचना भत्किन्छ त्यसैले ऊ बद्ध चरित्र हो ।

सुखवीर प्रस्तुत कथासङ्ग्रहको केन्द्रीय चरित्र हो । उसलाई मुख्य केन्द्रमा राखी बेरोजगार कुल्लीहरू र गरिब दुःखी श्रमजीवी वर्गको प्रतिनिधि बनाइएको छ । कथानकको सम्पूर्ण संरचना सुखवीरकै वरिपरि घुमेकाले ऊ बद्ध चरित्र हो ।

चुल्हाइ राय प्रस्तुत कथासङ्ग्रहको बद्ध चरित्र हो । तराईको मध्यम वर्गीय समाजमा परम्परावादी दाइजो प्रथाले जरा गाडेर बसेको यथार्थलाई चुल्हाइ रायका माध्यमबाट व्यक्त गरिएको छ । उसकै केन्द्रीयतामा कथानकका सम्पूर्ण घटना घटेका छन् । उसलाई कथानकबाट हटाउँदा कथानकको संरचना भत्किन्छ त्यसैले ऊ बद्ध चरित्र हो ।

काँइला बा प्रस्तुत कथासङ्ग्रहका प्रतिनिधि चरित्र हुन् । देशमा प्रजातन्त्रको स्थापना हुनु भन्दा अगाडि जुन व्यक्तिले प्रजातन्त्रलाई दबाउनका लागि भरमग्दुर प्रयास गर्छ त्यही व्यक्ति प्रजातन्त्र आएपछि चैतेको रूपमा आउँछ र प्रजातन्त्रको सच्चा पहरेदार बन्छ, त्यस्ता व्यक्तिको भण्डाफोर गर्नका लागि काँइला बालाई उभ्याइएको छ । उनकै केन्द्रीयतामा कथानकका सम्पूर्ण घटनाहरू घटेका छन् । काँइला बालाई कथानकबाट हटाउँदा कथानकको संरचना भत्किन्छ । उनलाई कथानकबाट हटाउँन मिल्दैन त्यसैले उनी बद्ध चरित्र हुन् ।

कान्छी बज्यै प्रस्तुत कथासङ्ग्रहकी बद्ध चरित्र हुन् । परम्परावादी सांस्कृतिक अन्धता र पुरानो सामन्ती सांस्कृतिक-वैचारिक दुष्प्रभावलाई कान्छी बज्यैका माध्यमबाट व्यक्त गरिएको छ । कथानकको सम्पूर्ण संरचना कान्छी बज्यैका वरिपरि रहेकाले उनलाई कथानकबाट हटाउँदा सम्पूर्ण संरचना नै बिग्रन्छ, त्यसैले उनी बद्ध चरित्र हुन् ।

सरस्वती प्रस्तुत कथासङ्ग्रहकी केन्द्रीय चरित्र हो । नारीमुक्ति, स्वतन्त्रता र अधिकारका लागि सङ्घर्ष गर्ने चरित्रका रूपमा सरस्वतीलाई उभ्याइएको छ । कथानकको आरम्भदेखि अन्त्यसम्म सरस्वतीको भूमिका निरन्तर छ । उसकै वरिपरि रहेर कथानकका सम्पूर्ण घटना घटेका छन् । कथानकबाट सरस्वतीलाई हटाउँदा कथानकको संरचना भत्किन्छ, त्यसैले ऊ बद्ध चरित्र हो ।

दयारामकी दुलही प्रस्तुत कथासङ्ग्रहकी केन्द्रीय चरित्र हो । उत्पीडक, विलासी र गैर जिम्मेवारी चरित्रलाई प्रस्तुत गर्नका लागि उसलाई उभ्याइएको छ । उसकै नामबाट कथाको शीर्षक समेत निर्धारण गरिएको छ । कथानकका घटनाहरू उसकै केन्द्रीयतामा घटेका हुनाले र कथानकको संरचना उसैबाट निर्माण गरिएको हुँदा दयारामकी दुलहीलाई कथानकबाट हटाउँन सकिदैन, त्यसैले ऊ बद्ध चरित्र हो ।

'ऊ' प्रस्तुत कथासङ्ग्रहमा 'हजुरको मान्छे', 'कटमिरो सहिदको पीडा', 'नयाँ वर्षको नासो' कथामा प्रमुख र बद्ध चरित्रका रूपमा रहेको छ । सबै नेताप्रति घनिष्ठ र निकट बनेर राजनीतिक नेतृत्वलाई प्रभाव पार्ने र गैरलोकतान्त्रिक बाटोतर्फ डोऱ्याउने, प्रशासन संयन्त्रमा हुने गरेको भ्रष्टाचार तन्त्रको विरोध गर्ने सच्चा कर्मचारीको रूप बहन गर्ने, प्रजातन्त्रप्रति आस्थावान्, सङ्घर्षशील र आँटिलो चरित्रका रूपमा ऊ चरित्रलाई उभ्याइएको छ । उसकै केन्द्रीयतामा कथानकका घटना घटेकाले र उसकै वरिपरि कथानकको संरचना घुमेकाले उसलाई कथानकबाट हटाउँन सकिदैन । त्यसैले ऊ बद्ध चरित्र हो ।

आन्दोलनकारीहरू, मन्त्री, धामीझाँक्री, वंशीलाल, पेमा, पञ्चभलाद्मीहरू आदि प्रस्तुत कथासङ्ग्रहमा आएका बद्ध चरित्र हुन् ।

उल्लिखित चरित्रहरूकै केन्द्रीयतामा प्रस्तुत कथासङ्ग्रहको कथानक अगाडि बढेकाले यी चरित्रहरू बद्ध चरित्र हुन् । यी चरित्रहरूलाई कथानकबाट हटाउँदा सम्पूर्ण कथानकको संरचना भत्किन्छ, त्यसैले यिनीहरू मुख्य भूमिकामा रहेका छन् ।

यस कथासङ्ग्रहमा मुक्त चरित्रका रूपमा भाइका बा, आमा, दाजुकी श्रीमती र छोराछोरी, गाउँलेहरू, माइला कामी, सिरेमान साहु, पण्डित बाजेकी श्रीमती, वैद्य, डाक्टर, छिमेकी, गाउँले ठिटाहरू, इष्टमित्र, फुलेसरीको बाबु, गाउँवाली, खुसीलाल, मालिनी, रेलका मानिसहरू, पुलिस, भीडका मानिसहरू, कालुचा, भिखारी साहु, बेनीपुरवालीका छोराछोरी, कलेजका विद्यार्थीहरू, ज्योतिया, वाणीभक्त, पार्टीका केटाहरू, कान्छी बज्यैका छोराबुहारी, बान्छी बज्यैको ज्वाइँ, सरस्वतीकी छोरी, पार्वती, सङ्गठनका सदस्यहरू, कमला र कमलाकी आमा, हजुरको मान्छेकी श्रीमती, ससुरो, साली, हाकुचा, चिया पसलका केटाहरू, शिक्षक, ऋषि, दिदी, फारस हमाल र दयारामकी साली रहेका छन् । यिनीहरूले कथानकलाई अगाडि बढाउने क्रममा विभिन्न प्रसङ्गमा बिचमा आए पनि जहाँ यिनीहरूको उपस्थिति रहन्छ, त्यहींबाट यिनीहरूको भूमिका सकिएको छ । त्यसैले यिनीहरूको कथानकमा खासै भूमिका देखिदैंन । यिनीहरूलाई कथानकबाट झिकिदिंदा पनि कथानकको संरचना भत्किदैंन, त्यसैले यिनीहरू गौण भूमिकामा रहेका छन् ।

### ३.२.२.४ गतिशीलताका आधारमा चरित्रचित्रण

गतिशीलताका आधारमा चरित्रहरू गतिशील र गतिहीन गरी दुई प्रकारका हुन्छन् । गतिशील र गतिहीन चरित्रहरू कार्य व्यापारबाट निक्यौंल हुन्छन् । कार्य व्यापारबाट कुनै घटनाले गर्दा प्रभावित भई आफ्ना सिद्धान्त, मान्यता, आचरण, सोचाइमा समय अनुसार परिवर्तन हुने चरित्र गतिशील चरित्र हुन् । सुरुदेखि अन्त्यसम्म स्वभाव, आचरण र कार्य शैलीमा कतैतिर हलचल नगर्ने एउटै खालको कार्य व्यापारमा प्रस्तुत हुने चरित्र गतिहीन चरित्र हुन् । **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा गतिशीलताका आधारमा गतिशील र गतिहीन चरित्रको प्रयोग गरिएको छ । गतिशील चरित्रका रूपमा दाजु, बुद्धिप्रसाद, चुल्हाइ राय, शिवहरि पण्डितको मामाको छोरो (भाइ), कान्छी बज्यै, सरस्वती, सांसद्हरू,

बेनीपुरवालीको श्रीमान्, चतुरमान, शङ्कर, पाण्डवराज, मन्त्री, पितनाथ, नीलकान्त, पार्टीका केटाहरू, कान्छी बज्यैका छोराबुहारी, हाकुचा र ऊ उपस्थित भएका छन् ।

दाजु प्रस्तुत कथासङ्ग्रहको गतिशील चरित्र हो । उसले सुरुमा विद्यार्थी आन्दोलनमा देश र जनताका लागि चर्का चर्का नारा लगाउँछ । बिचमा परिवर्तनका सम्पूर्ण कुरालाई त्यागेर जागिरे जीवन बिताउँछ । गाउँमा छँदा गरिब, दुःखी र भोका नाङ्गाको हक अधिकार खोज्ने अठोट राख्छ तर कार्यालयमा हाकिमको जागिर खाएपछि सम्पूर्ण कुरा बिर्सेर सहरीया मोज-मज्जामा हराउँछ । गाउँबाट पठाएको भाइको चिठ्ठी पढेपछि वर्तमानलाई घृणा गरी पुनः अतिततर्फ फर्केको छ । उसले सहरमा आएपछि त्यहाँको रहन सहनबाट प्रभावित भएर अतितलाई भुलेको छ र आफ्नो आचरण र सोचाइलाई समय अनुसार परिवर्तन गरेको छ । त्यसैले ऊ गतिशील चरित्र हो ।

बुद्धिप्रसाद प्रस्तुत कथासङ्ग्रहको गतिशील चरित्र हो । ऊ पहिले पञ्चायतको पक्षधर पछि काङ्ग्रेसको पक्षधर, त्यसपछि कम्युनिस्ट बनेको र पछि पुनः चैते बनेर काङ्ग्रेसमा प्रवेश गरेको छ । कहिले कुन पार्टी कहिले कुन पार्टीमा पालैपालो लहसिने बुद्धिप्रसाद कुनै एउटा सिद्धान्त मान्यता र पार्टीमा अडिग रहेको छैन । उसले ताक परे तिवारी नत्र गोतामे भन्ने उखानलाई चरितार्थ गरेको छ । त्यसैले ऊ गतिशील चरित्र हो ।

चुल्हाइ राय प्रस्तुत कथासङ्ग्रहको गतिशील चरित्र हो । ऊ सुरुमा समाजमा जरा गाडेर बसेको दाइजो जस्तो कुप्रथाको कट्टर समर्थक छ । उसले आफ्नी छोरीको विवाहका लागि दाइजो दिन आफूसँग बाँकी भएको खेत समेत बेच्न तयार छ । उसले आफ्नो एकमात्र छोरोले विना दाइजो गरिबकी छोरी विवाह गरेकोमा असन्तुष्ट छ । उसले दाइजो कमी भएको आरोपमा आफ्नी छोरीलाई ज्युदै जलाएको घटनाबाट दाइजोको नकारात्मक प्रवृत्तिका बारेमा छोराले दिएको सल्लाहबाट आफ्नो पुरानो मान्यतालाई परिवर्तन गरेको छ । त्यसैले ऊ गतिशील चरित्र हो ।

शिवहरि पण्डितको मामाको छोरो (भाइ) प्रस्तुत कथासङ्ग्रहको गतिशील चरित्र हो । ऊ सुरुमा परम्परावादी पुरोहित्याइँ प्रथाको समर्थक छ । ऊ समयको परिवर्तनसँगै नयाँ पुस्ताका आधुनिक विचार धारासँग सहमत भएको छ । उसले जुगजमाना अनुसार मान्छेको चालचलन र व्यवहार खारिँदै र फेरिदै जान्छ त्यसैले नयाँ पुस्ताले जुन कुरालाई उचित

ठान्दछन् त्यसै अनुरूप चल्नुपर्दछ भन्ने विचार राख्दछ । उसले आफ्नो पुरानो विचार र मान्यतालाई समयसँगै परित्याग गरेको छ त्यसैले ऊ गतिशील चरित्र हो ।

कान्छी बज्यै प्रस्तुत कथासङ्ग्रहकी गतिशील चरित्र हुन् । उनले सुरुमा बुढेसकालको सहारा छोराबुहारी मात्र बन्छन् भन्ने पुरानो मान्यतालाई स्वीकार गरेकी छन् । उनले आफु बिरामी परेपछि छोरीले हेरविचार गरेको र आफ्नो घरमा लगेको घटनाबाट छोरा मात्र बुढेसकालका सहारा हैनन् छोरी पनि हुन्, त्यसैले छोराछोरी दुबै बराबरी भन्ने कुरालाई स्वीकार गरेकी छन् । उनले आफ्नो परम्परावादी सोचाइमा परिवर्तन गरेकी छन् । त्यसैले उनी गतिशील चरित्र हुन् ।

सरस्वती प्रस्तुत कथासङ्ग्रहकी गतिशील चरित्र हो । ऊ सुरुमा पुरुषको र मायाको अन्ध भक्त बन्छे तर पुरुष र माया दुबैबाट धोका पाएपछि आफ्नो छुट्टै अस्तित्त्व निर्माण गर्न लागि परेकी छ । उसले आफूले आफैलाई पहिलेकी सरस्वती र अहिलेकी सरस्वतीमा भिन्नता देखेकी छ । उसले आफ्नो पहिलेको आचरण र सोचाइमा परिवर्तन गरेकी छ । त्यसैले ऊ गतिशील चरित्र हो ।

सांसद्हरू प्रस्तुत कथासङ्ग्रहमा सुरुमा अन्य वारलाई पनि आज शनिवार हो भन्ने विषयमा मतदान गर्न सभामुखले अधिवेशन बोलाउँदा अस्वीकार गर्ने चरित्र हुन् । उनीहरूले संसद् भवनमा अन्य दिनको भन्दा शनिवारको दिन मनग्गे धनपैसा र सुविधा दिने भनेपछि आज शनिवार हो भन्ने पक्षमा मतदान गर्दछन् । उनीहरूले सत्ता र पैसाको लोभमा आफ्नो सिद्धान्त र मान्यतालाई पुरै परिवर्तन गरेका छन् । त्यसैले उनीहरू गतिशील चरित्र हुन् ।

बेनीपुरवालीको श्रीमान् प्रस्तुत कथासङ्ग्रहमा सुरुमा पितृसत्तात्मक सोचले ग्रस्त देखिन्छ । ऊ घरको र मागेको सम्पूर्ण खर्च साहुको भट्टीमा बेचेर घरमा आई श्रीमतीसँग खान माग्दै निर्मम कुटेर लखेट्ने चरित्र हो । श्रीमतीले न्यायका लागि पञ्चभलाद्मी जम्मा पारेपछि न्यायको नाममा पञ्चभलाद्मीले उसलाई कुट्छन् । आफ्नी श्रीमतीले गर्दा कुटिन जोगिएको घटनाबाट महिला पनि समाजका एक अङ्ग हुन् भन्ने कुरा बुझ्छ । ऊ पहिला महिलाहरूलाई घृणा गर्ने पछि उनीहरूकै शरणमा पर्ने आफ्नो विचार र सिद्धान्तमा अडिग हुन नसकेको गतिशील चरित्र हो ।

चतुरमान प्रस्तुत कथासङ्ग्रहमा सुरुमा प्रजातन्त्रको विरोधी देखिन्छ, त्यही चतुरमान प्रजातन्त्र स्थापनापछि प्रजातन्त्रको कट्टर समर्थक भएको छ । ऊ आफ्नो स्वार्थपूर्ति हुने भएपछि जुनसुकै कर्म गर्न पनि पछि पर्दैन । ऊ जता आफ्नो हित हुने मौका देख्छ त्यतै फड्को मार्ने अवसरवादी चरित्र हो । ऊ आफ्नो निश्चित सिद्धान्त र विचारमा अडेको छैन त्यसैले ऊ गतिशील चरित्र हो ।

शङ्कर प्रस्तुत कथासङ्ग्रहमा नारीहरूलाई बासनाका माध्यम र उपभोग्य सामग्री ठान्ने र राजनीतिक पार्टीलाई आफ्नो कमाईको धन्दा बनाउने चरित्रका रूपमा रहेको छ । उसले सुरुमा सरस्वतीलाई विवाह गर्ने बाचा गरी प्रेम गर्दछ पछि पार्वतीबाट धेरै दाइजो पाउने आशामा सरस्वतीलाई त्यागेको गतिशील चरित्र हो ।

पाण्डवराज प्रस्तुत कथासङ्ग्रहमा सुरुमा पार्टीको क्रियाशील नेता हुन्छ पछि पार्टीबाट टिकट नपाउने स्थिति देखेपछि बागी उम्मेदवार बन्छ । उसले आफूले चुनाव नजिते पनि आफ्नै पार्टीका अन्य नेतालाई हराउनका लागि आभारा गुण्डाहरूलाई लाखौं रूपैया खर्च गर्ने गरेको छ । ऊ आफ्नो निश्चित विचारधारामा अडिग हुन नसक्ने अरूको उक्साहटमा लाग्ने गतिशील चरित्र हो ।

उल्लिखित चरित्रहरू आफ्नो पुरानो अडानबाट परिवर्तित भई नयाँ बाटो समाएर अगाडि बढेका छन् । त्यसैले यी चरित्रहरू गतिशील चरित्र हुन् ।

प्रस्तुत कथासङ्ग्रहमा गतिहीन चरित्रका रूपमा भाइ, शिवहरि पण्डित, फुलेसरीकी आमा, बेनीपुरवाली, सुखवीर, काँइला बा, दयारामकी दुलही, पुलिस प्रशासन, फुलेसरी, भारतमा औषधी विज्ञान पढिरहेको युवक, शिवहरि पण्डितको छोरो, देवीलाल, नाइके नरहरि, विशेशर, सुन्तली, गङ्गा दिदी, दयाराम, वाणीभक्त, उपस्थित भएका छन् ।

भाइ प्रस्तुत कथासङ्ग्रहको गतिहीन चरित्र हो । ऊ सुरुदेखि अन्त्यसम्म नै गरिब दुःखी वर्गको पक्षमा निरन्तर लागि परेको छ । उसले उच्च वर्गबाट निम्न वर्गमाथि हुने गरेको थिचोमिचोको घोर विरोध गरेको छ । ऊ सुरुदेखि अन्त्यसम्म आफ्नो विचार र सिद्धान्तमा अगाडि रही कतैतिर हलचल नगरी एउटै खालको कार्य व्यापारमा प्रस्तुत भएको छ, त्यसैले ऊ गतिहीन चरित्र हो ।

शिवहरि पण्डित प्रस्तुत कथासङ्ग्रहमा परम्परादेखि चलिआएको पुरोहित्याइँ प्रथालाई सुरुदेखि अन्त्यसम्म निरन्तरता दिने चरित्र हो । उसले नयाँ पुस्ताले पुजापाठ, जपतपलाई अस्वीकार गर्दा धर्म संस्कृतिका बारेमा दरिला तर्क प्रस्तुत गर्दछ । ऊ आफ्नो जीवनको अन्तिम सास रहुन्जेलसम्म पनि धर्मकै पक्ष लिने गतिहीन चरित्र हो ।

फुलेसरीकी आमा प्रस्तुत कथासङ्ग्रहमा परम्परागत रूपमा चल्दै आएको बोक्सी प्रथाको सिकार बन्न पुगेकी छ । उसले कथाको सुरुदेखि अन्त्यसम्म आफूमाथि थोपरिएको बोक्सीको दर्जालाई हटाउन सकेकी छैन । ऊ आफ्नो विचारमा कुनै पनि परिवर्तन गरेकी छैन, त्यसैले ऊ गतिहीन चरित्र हो ।

बेनीपुरवाली प्रस्तुत कथासङ्ग्रहमा पुरुष हैकमवादी सोचको विरोधमा सुरुदेखि अन्त्यसम्म निरन्तर रूपमा लागि परेकी चरित्र हो । उसले महिला पनि समाजका एक अभिन्न अङ्ग हुन् भन्ने कुराको प्रतिनिधित्त्व गरेकी छ । आफ्नो विचार र मान्यतामा कति पनि परिवर्तन नभएकीले ऊ गतिहीन चरित्र हो ।

दयारामकी दुलही प्रस्तुत कथासङ्ग्रहकी गतिहीन चरित्र हो । उसले सुरुदेखि अन्त्यसम्म आफ्नो भोगविलासी प्रवृत्तिलाई हटाएकी छैन । उसको रात दिनको कचकचलाई सहन नसकेर श्रीमान्ले आत्महत्या गर्दा समेत उसको मनमा कुनै परिवर्तन आएको छैन । ऊ आफ्नो अडानमा कति पनि विचलित नहुने गतिहीन चरित्र हो ।

उल्लिखित चरित्रहरूले आफ्नो अडानलाई छाडेका छैनन् । यिनीहरू आफ्नो विचार र चिन्तनमा अडिग रहेका छन् । कुनै पनि सिद्धान्त परिवर्तन नगरी यथावत् रूपमा रही रहेकाले यी चरित्रहरू गतिहीन चरित्र हुन् ।

### ३.२.२.५ वर्गका आधारमा चरित्रचित्रण

**घाम घामजस्तो छैन** कथासङ्ग्रहमा वर्गीय चरित्रको प्रयोग गरिएको छ । त्यसमा उच्च वर्ग र निम्न वर्ग गरी दुई वर्गका चरित्रको प्रयोग गरिएको छ । यस कथासङ्ग्रहमा उच्च वर्गको प्रतिनिधित्त्व गर्ने चरित्रका रूपमा दाजु, रामसेवक, वंशीलाल, देवीलाल, बुद्धिप्रसाद, पञ्चभलाद्मीहरू, नीलकान्त, पितनाथ, नाइके नरहरि, चुल्हाइ रायको ज्वाइँ, चतुरमान, मन्त्री, शङ्कर, दयारामकी दुलही, पाण्डवराज, हजुरको मान्छे र हाकिम रहेका छन् । यिनीहरूले विभिन्न किसिमका धर्म, संस्कृति, न्याय र श्रमका नाममा निम्न वर्गलाई

शोषण गरेका छन् । आफ्नो स्वार्थ पूर्तीका लागि गरिब, निमुखा, निर्धन वर्गका जनताको घरबार उठाएर फुटपाते बनाएका छन् । जसको उदाहरणको रूपमा फुलेसरी र फुलेसरीकी आमा रहेका छन् । यस्ता चरित्रहरूले आफ्नो स्वार्थ पूर्ति गर्न र सम्पत्तिमा राज गरी ऐस आराम गर्नका लागि निम्न वर्गका मान्छेहरूको ज्यानसम्म लिने गर्दछन्, जसको सिकार बन्न पुगेका छन् वाणीभक्त र ज्योतिया । समाजमा कथित ठूलाबडा बनेर अरूमाथि शोषण गर्ने प्रवृत्तिमा रामसेवक, देवीलाल र पञ्चभलाद्मी रहेका छन् ।

यस कथासङ्ग्रहमा निम्न वर्गको प्रतिनिधित्त्व गर्ने प्रतिनिधि चरित्रहरूमा भाइ, गाउँलेहरू, फुलेसरी र फुलेसरीकी आमा, बेनीपुरवाली, बेनीपुरवालीको श्रीमान्, सुखवीर, धनजिते, बखतबहादुर, माइला तामाङ, कान्छा सुनुवार, चुल्हाइ राय, विशेशर, ज्योतिया, गाउँवाली, काँइला बा, सुन्तली, सरस्वती, दयाराम, 'कटमिरो सहिदको पीडा' कथाको ऊ चरित्र, दयारामका बाबु आमा, ऋषिकी श्रीमती र ऋषिको छोरो आएका छन् । यिनीहरू उच्च वर्गको थिचोमिचोमा परेका श्रमजीवी चरित्र हुन् । बसिखाने वर्गबाट आफूहरूमाथि हुने गरेको अन्याय, अत्याचार, दमन, शोषणप्रति विरोध गर्दा उल्टै शोषणमा र दमनमा परेको यथार्थको रूपमा भाइ, गाउँलेहरू र सरस्वती आएका छन् । दिनभरि काम गरेर साँझ एक छाक खान नपाउने श्रमजीवीहरूलाई उच्च वर्गले शोषण गरी माथि उठ्न नदिएका निरीह चरित्रका रूपमा बेनीपुरवाली, उसको श्रीमान्, सुखवीर, धनजिते, बखतबहादुर, माइला तामाङ, कान्छा सुनुवार र दयाराम आएका छन् । बसिखाने वर्गले गरेको शोषण दमनको विरोध गर्ने र आफ्नो हक अधिकार स्थापित गर्न अग्रसर हुने चरित्रका रूपमा विशेशर, सरस्वती, भाइ, गाउँलेहरू, काँइला बा, औषधी विज्ञान पढ्ने युवक र आन्दोलनकारी युवकहरू आएका छन् । यिनीहरूले आ-आफ्नो स्थानमा रही उच्च वर्गको थिचोमिचोको मूल जरो पत्ता लगाई त्यसको विरोधमा एकजुट भएका छन् ।

### ३.२.२.६ जीवन भोगाइका आधारमा चरित्रचित्रण

जीवन भोगाइका आधारमा चरित्रहरू गोला र च्याप्टा गरी दुई प्रकारका हुन्छन् । कथामा प्रयोग भएका चरित्रलाई सजिलैसँग बुझ्न सकियो भने ती चरित्र च्याप्टा हुन् । सजिलैसँग बुझ्न नसकिने चरित्र गोला हुन् । **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा जीवन भोगाइका आधारमा गोला र च्याप्टा दुबै थरी चरित्र प्रयोग गरिएको छ ।

प्रस्तुत कथासङ्ग्रहमा प्रयोग गरिएका गोला चरित्रका रूपमा दाजु, रामसेवक, बुद्धिप्रसाद, शङ्कर, वंशीलाल, नाइके नरहरि, पाण्डवराज, चतुरमान, हजुरको मान्छे र जगदीश उपस्थित छन् ।

दाजु प्रस्तुत कथासङ्ग्रहमा कहिले विद्यार्थी आन्दोलनमा लागि जनताका हकहितका कुरा गर्छ, कहिले सत्ताको पक्षधर बनी जनताका हित विरुद्ध देखापर्छ र पुनः जनताका हकहितका पक्षमा देखा पर्ने सङ्केत देखाउँछ । यसका आधारमा हेर्दा उसको जीवन कहाँबाट कहाँ जाँदैछ भन्ने कुरा पाठकले सजिलै थाहा पाउन सक्दैनन् । त्यसैले ऊ गोलो चरित्र हो ।

रामसेवक प्रस्तुत कथासङ्ग्रहमा कतिखेर समाजमा गरिब दुःखीको सेवक बन्छ । कतिखेर अधरमा कुटिल मुस्कान लुकाएर सहारा बिहीन नारीलाई न्याय दिलाउने नाममा वेश्यालयसम्म पुऱ्याउँछ । यसका आधारमा उसको जीवन पनि बुझ्न गाह्रो छ । त्यसैले ऊ गोलो चरित्र हो ।

बुद्धिप्रसाद कुटिल राजनीतिक चरित्र हो । ऊ पञ्चायत सत्तामा हुँदा पञ्चायतको पक्षधर, काङ्ग्रेस सत्तामा आउँदा काङ्ग्रेस र कम्युनिस्ट सत्तामा आउँदा कम्युनिस्ट सत्ताको स्वाद चाख्ने गर्दछ । वास्तवमा उसको सिद्धान्त के हो भन्ने कसैलाई थाहा हुदैन । आफ्नो स्वार्थ जता हुन्छ उतै दगुर्ने खालको गोलो चरित्र हो ।

शङ्कर प्रस्तुत कथासङ्ग्रहमा राजनीतिक कार्यकर्ताका रूपमा देखिएर राजनीतिक स्वार्थलाई व्यक्तिगत स्वार्थमा प्रयोग गर्ने चरित्र हो । ऊ व्यक्तिगत स्वार्थका लागि जुनसुकै हर्कत गर्न पनि तयार हुन्छ । ऊ प्रेमका नाममा सतित्त्व लुट्ने, दाइजोको लोभमा विवाह गर्ने तर सिद्धान्त चाहिँ कम्युनिस्ट अङ्गाल्ने बहुरुपी प्रवृत्तिको चरित्र हो । उसको जीवनलाई हेर्दा वास्तवमा उसले कुन बाटो लिएको छ भन्ने कुरा पत्ता लगाउन पाठकलाई गाह्रो पर्छ त्यसैले ऊ गोलो चरित्र हो ।

पाण्डवराज प्रस्तुत कथासङ्ग्रहमा राजनीतिक नेताका रूपमा देखा परेको छ । आफ्नो स्वार्थ अनुकूल हुँदा पार्टीमा संलग्न हुने, अनुकूल नहुँदा पार्टीको बिरुद्धमा बागी उम्मेदवारका रूपमा निर्वाचनमा सहभागी हुने र लठैत युवाहरूका माध्यमबाट आफ्ना

प्रतिद्वन्द्वी नेताहरूलाई हराउँन पाएकोमा खुशी व्यक्त गरेको छ । यसरी हेर्दा उसको जीवनको पक्ष कुन हो भन्ने कुरा पाठकले बभ्मन सक्दैनन् । त्यसैले ऊ गोलो चरित्र हो ।

चतुरमान प्रस्तुत कथासङ्ग्रहमा चैते नेताको रूपमा कहिले कुन दलको समर्थक कहिले कुन दलको कट्टर समर्थक बन्छ । उसले मुखुण्डो एउटा लगाएको छ व्यवहारमा अर्को काम गर्छ । उसले वाणीभक्त जस्ता निर्दोष व्यक्तिलाई सम्पत्तिका नाममा गोली हानेर मार्छ । पछि त्यही वाणीभक्तलाई सहिद घोषणा गरी राहत रकम उसको बाबु बनेर आफ्नो खल्तीमा हाल्छ । यसका आधारमा उसको जीवनलाई बुभ्मन साह्रै कठिन पर्छ । त्यसैले ऊ गोलो चरित्र हो ।

हजुरको मान्छे प्रस्तुत कथासङ्ग्रहमा आफ्नो स्वार्थपूर्तीका लागि जुनसुकै काम गर्न पनि पछि परेको छैन । उसले चुनावको समयमा बहुमतबाट सरकार बन्ने स्थिति नदेखेपछि एउटा एन.जी.ओ. दर्ता गरेर पार्टीका नेताहरूको पर्चा पम्प्लेट छपाउने, विपरीत पार्टीका ब्यानर पम्प्लेट च्यात्ने काम गरेर ठूलो रकम हात पार्ने काम गर्छ । उसको चरित्रलाई कसैगरी पनि बुभ्मन सकिदैन त्यसैले ऊ गोलो चरित्र हो ।

उल्लिखित चरित्रहरूको जीवनमा आएको आरोह अवरोह पाठकहरूले सजिलै ठम्याउने किसिमको छैन । त्यसैले यी चरित्रहरू गोला चरित्र हुन् ।

प्रस्तुत कथासङ्ग्रहमा प्रयोग गरिएका च्याप्टा चरित्रका रूपमा भाइ, शिवहरि पण्डित, शिवहरि पण्डितको छोरो, पण्डितको मामाको छोरो (भाइ), दयारामकी दुलही, फुलेसरी, फुलेसरीकी आमा, बेनीपुरवाली, बेनीपुरवालीको श्रीमान्, सुखवीर, चुल्हाइ राय, काँइला बा, कान्छी बज्यै, सरस्वती, दयाराम, भारतमा औषधी विज्ञान पढिरहेको युवक, सुन्तली, गङ्गा दिदी, गाउँलेहरू, भाइका बा आमा, दयारामका बा आमा, धामीभ्माँक्री, डाक्टर, वैद्य, कलेजका विद्यार्थीहरू, पार्टीका केटाहरू, वाणीभक्त, पार्वती, सङ्गठनका सदस्यहरू, कमला, कमलाकी आमा, ऋषिको छोरो, र श्रीमती, फारस हमाल र ऊ उपस्थित छन् ।

भाइ श्रमजीवी जनताहरूको पक्षमा उभिएको छ । ऊ आन्दोलनमा लागि जनताका हक अधिकार स्थापना गर्न सधै प्रतिबद्ध रहेको छ । प्रस्तुत कथासङ्ग्रहमा भाइको जीवनलाई

कथाकारले सजिलैसँग प्रस्तुत गरेकाले पाठक कुनै अलमलमा नपरी बुझ्न सक्दछन् त्यसकारण ऊ च्याप्टो चरित्र हो ।

शिवहरि पण्डितलाई प्रस्तुत कथासङ्ग्रहमा पाठकले उसको जीवनमा घटेका घटनाका आधारमा ऊ परम्परावादी चरित्र हो भन्ने कुरा सजिलै बुझ्न सक्दछन् । उसको जीवन एउटा सरल रेखामा निरन्तर रूपमा अगाडि बढेको छ। त्यसकारण ऊ च्याप्टो चरित्र हो ।

फुलेसरीकी आमा प्रस्तुत कथासङ्ग्रहमा सरल चरित्रका रूपमा उभिएकी छ । ऊ गाउँका भलाद्मीले जसो गराउँछन् उसै अनुरूप चल्ने सोझी महिला चरित्र हो । उसको जीवन भोगाइलाई हेर्दा सजिलो किसिमबाट बुझ्न सकिन्छ त्यसैले ऊ च्याप्टो चरित्र हो ।

चुल्हाइ राय प्रस्तुत कथासङ्ग्रहमा दाइजोको मारमा परेको मध्यम वर्गीय परिवारको व्यक्ति हो । ऊ जतिबेला पनि छोरीको विवाहका लागि दाइजो कसरी जुटाउने भन्ने पीर लिएर हिड्ने दुःखीत चरित्र हो । उसले जीवनमा खेलेका भूमिकाका आधारमा उसको जीवन सजिलैसँग बुझ्न सकिन्छ। त्यसैले ऊ च्याप्टो चरित्र हो ।

गङ्गा दिदी सचेत राजनीतिक कार्यकर्ता हुन् । उनको जीवनमा घटेका घटनाका आधारमा पाठकले उनलाई नारीमुक्ति र स्वतन्त्रताको पक्षमा आवाज उठाउने शिक्षित, जागरुक महिलाका रूपमा बुझ्न सक्दछन् त्यसैले उनी च्याप्टो चरित्र हुन् ।

उल्लिखित यी चरित्रहरूले प्रस्तुत कथासङ्ग्रहमा खेलेको भूमिका र उनीहरूका जीवन भोगाइलाई पाठकले सजिलैसँग बुझ्न सक्ने भएकाले यी चरित्रहरू च्याप्टा चरित्र हुन् ।

### ३.२.२.७ अनुकूलताका आधारमा चरित्रचित्रण

अनुकूलताका आधारमा चरित्र अनुकूल र प्रतिकूल गरी दुई प्रकारका हुन्छन् । कथामा चरित्रहरूले सकारात्मक र नकारात्मक दुवै भूमिका निर्वाह गरेका हुन्छन् । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने चरित्र अनुकूल हुन् । नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने चरित्र प्रतिकूल हुन् । **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा अनुकूलताका आधारमा अनुकूल र प्रतिकूल दुवै थरी चरित्रको प्रयोग गरिएको छ ।

प्रस्तुत कथासङ्ग्रहमा प्रयोग गरिएका अनुकूल चरित्रका रूपमा भाइ, शिवहरि पण्डित, शिवहरि पण्डितको छोरो, बेनीपुरवाली, फुलेसरी, फुलेसरीकी आमा, औषधी विज्ञान पढ्ने युवक, सुखवीर, बखतबहादुर, माइला तामाङ, कान्छा सुनुवार, चुल्हाइ राय, विशेशर, काँइला बा, कान्छी बज्यै, सुन्तली, कान्छी बज्यैकी छोरी र ज्वाइँ, सरस्वती, गङ्गा दिदी, ऋषिकी श्रीमती र छोरो, दयाराम र ऊ उपस्थित छन् ।

भाइ प्रस्तुत कथासङ्ग्रहमा गाउँले श्रमजीवी वर्गहरूको हकहितका लागि सधैं लडिरहने चरित्र हो । विशेशरले समाजमा रहेको दाइजो जस्तो कुप्रथाको विरोधमा लागि आफ्नो विवाहमा समेत दाइजो अस्वीकार गरेको छ । यस विचारमा बाबुलाई समेत सहमतिमा ल्याएको छ । भारतमा औषधी विज्ञान पढ्ने युवक नेपालबाट विभिन्न प्रलोभनमा भारतको वेश्यालयमा पुऱ्याउन आँटेका नेपाली चेलीहरूको निस्वार्थ उद्धार गर्ने चरित्र हो । सरस्वती समाजमा पुरुषहरूबाट शोषित भएकी छ । उसले आफू शोषणमा परेपछि त्यस्तै शोषणमा परेका महिलाहरूको उद्धार गरेकी छ । गङ्गा दिदी समाजमा महिलामुक्तिका लागि सधैं लडिरहने चरित्र हो । उसले जीवनबाट पलायन हुने अवस्थामा पुगेका महिलाहरूलाई जीवन जीउने आधार निर्माण गर्न सहयोगी भूमिका खेलेकी छ । काँइला बा प्रजातन्त्रमा देखिएको खराब प्रवृत्तिको विरोध र सच्चा प्रजातन्त्रको स्थापना गर्न लागि परेका छन् । 'ऊ' नेपालको सार्वजनिक प्रशासनमा मौलाएको भ्रष्टाचारी प्रवृत्तिको निर्मूल आफैबाट गर्नुपर्छ भन्ने विचारधारा बोकी निरन्तर लागि परेको छ । मान्छे जन्मेपछि कसैको सेवामा सर्मपित हुनुपर्छ भन्ने विचार राखी ऋषिको छोरालाई पढाउने अभिभारा बोकेको छ । त्यस्तै 'ऊ' चरित्र जनआन्दोलनमा घाइते भएको छ । उसले जनआन्दोलनका नाममा ठूलाबडाहरूले पैसा कुम्ल्याएको तर वास्तविक पीडितहरू मर्कामा परिरहेको कुरा सभाका बिचमा उद्घोषण गर्दछ ।

उल्लिखित यी चरित्रहरूले कथामा उपस्थित भएर कुनै प्रकारको गलत क्रियाकलाप गरेका छैनन् । यिनीहरूले कथामा कुनै पनि प्रतिकूल काम नगरी पाठकको सहानुभूति प्राप्त गर्न सफल भएका छन् । त्यसैले यिनीहरू अनुकूल चरित्र हुन् ।

प्रस्तुत कथासङ्ग्रहमा प्रयोग गरिएका प्रतिकूल चरित्रका रूपमा पितनाथ, बुद्धिप्रसाद, नाइके नरहरि, सिरेमान साहु, चतुमान, मन्त्री, नीलकान्त, कान्छी बज्यैका छोराहरू, शङ्कर, दयारामकी दुलही र साली, हजुरको मान्छे, पाण्डवराज, पञ्चभलाद्मी, हाकुचा, पुलिस

प्रशासन, धामीझाँक्री, रामसेवक, वंशीलाल, चुल्हाइ रायको ज्वाइँ, सांसद्हरू र जगदीश उपस्थित छन् । यिनीहरू ठाउँमा नपुगुञ्जेलसम्म चर्का चर्का भाषण गर्ने, जनताका पक्षमा आवाज उठाउने तर सत्ता र पदमा पुगेपछि जनतालाई नसम्झने र आफ्नो पैसा मोहमा फसेका स्वार्थी चरित्र हुन् । आफ्नो स्वार्थका लागि परिवारसम्म त्याग्ने गरेका यी चरित्रहरूले गरिब, निमुखा र निर्धन वर्गको श्रम चुस्ने काम गरेका छन् । त्यसैले यी चरित्र प्रतिकूल प्रवृत्तिका हुन् ।

बेनीपुरवालीको श्रीमान् र दाजु प्रतिकूलबाट अनुकूलतर्फ अगाडि बढेका चरित्र हुन् । यिनीहरूले प्रारम्भमा प्रतिकूल काम गरे तापनि आफ्नो कमजोरी स्वीकार गरी सत् मार्ग तर्फ अग्रसर भएकाले यिनलाई प्रतिकूलबाट अनुकूल चरित्रका रूपमा राख्न सकिन्छ ।

### ३.२.२.८ आसन्नताका आधारमा चरित्रचित्रण

आसन्नताका आधारमा चरित्रहरू मञ्चीय र नेपथ्यीय गरी दुई प्रकारका हुन्छन् । कथामा उपस्थित भई कार्य व्यापार वा संवाद प्रस्तुत गर्ने चरित्र मञ्चीय हुन् । समाख्याताले वा अन्य चरित्रले नाम मात्र उच्चारण गर्ने, कार्य व्यापारमा कुनै पनि सहभागिता नजनाएका र मञ्चमा उपस्थित नहुने चरित्र नेपथ्यीय हुन् । **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा आसन्नताका आधारमा मञ्चीय र नेपथ्यीय दुवै थरी चरित्रको प्रयोग गरिएको छ ।

प्रस्तुत कथासङ्ग्रहमा मञ्चीय चरित्रका रूपमा भाइ, दाजु, शिवहरि पण्डित, पण्डितको छोरो, पण्डितको मामाको छोरो (भाइ) पण्डितकी श्रीमती, फुलेसरी, फुलेसरीकी आमा, रामसेवक, वंशीलाल, देवीलाल, पञ्चभलाद्मी, गाउँवाली, बेनीपुरवाली, बेनीपुरवालीको श्रीमान्, सुखवीर, नाइके नरहरि, माइला तामाङ्, धनजिते, बखतबहादुर, कान्छा सुनुवार, नीलकान्त, चुल्हाइ राय, विशेशर, विशेशरकी श्रीमती, चुल्हाइ रायकी श्रीमती र ज्वाइँ, काँइला बा, चतुरमान, वाणीभक्त, मन्त्री, काँइला बाकी श्रीमती, पार्टीका केटाहरू, कान्छी बज्यै, कान्छी बज्यैकी छोरी र ज्वाइँ, सुन्तली, सरस्वती, शङ्कर, सरस्वतीकी छोरी, गङ्गा दिदी, कमला, कमलाकी आमा, सङ्गठनका सदस्यहरू, हजुरको मान्छे, हजुरको मान्छेकी श्रीमती, पाण्डवराज, सांसदहरू, शिक्षक, श्रीमान्-श्रीमती, स्कुले विद्यार्थीहरू, कलेजका विद्यार्थीहरू, सभामुख, ऋषिकी श्रीमती र छोरो, उद्धव, उद्धवका छोराछोरी, उद्धवकी श्रीमती र आमा बाबु, हाकिम, छोरी, दिदी, हाकुचा सभाका मानिसहरू, ट्याक्सी ड्राइभर, दयाराम, दयारामकी दुलही, दयारामका बुबा, आमा र छोरो, फारस हमाल, औषधी विज्ञान पढ्ने

युवक, रेलका मानिसहरू, भीडका मानिसहरू, पुलिस, पुलिस प्रशासन र ऊ उपस्थित छन् । यी चरित्रहरूले सोझैं मञ्चमा उपस्थित भएर आफ्नो कार्य व्यापार सम्पन्न गरेका छन् ।

भाइ र दाजुले चिठ्ठीका हरफहरूलाई मञ्चमा आफै उपस्थित भएर वाचन गर्ने काम गरेका छन् । शिवहरि पण्डित, पण्डितको छोरो, पण्डितको मामाको छोरो र पण्डितकी श्रीमतीले परम्परागत रूपमा चल्दै आएको पुरोहित्याइँ प्रथाको सकारात्मक र नकारात्मक दुवै पक्षलाई सिधै आफै उपस्थित भएर मञ्चन गरेका छन् । फुलेसरी, फुलेसरीकी आमा, रामसेवक, वंशीलाल, देवीलाल, पञ्चभलाद्मी र गाउँवालीले समाजमा परम्परागत रूपमा चल्दै आएको बोक्सी जस्तो कुप्रथाको मञ्चन विभिन्न भूमिकामा गरेका छन् । बुद्धिप्रसाद, पेमा, कालुचा, चिया पसलका युवक र छिमेकीले राजनीतिक क्षेत्रमा हुने गरेका खिचातानी, खाली समयमा चिया पसलमा हुने टिकाटिप्पणी, चैतेको रूपमा राजनीतिमा प्रवेश गर्ने नेताको प्रवृत्ति, आफ्नो स्वार्थ सिद्धिका लागि जुनसुकै हतकण्डा गर्न पछाडि नपर्ने मानवीय प्रवृत्तिलाई मञ्चमा प्रस्तुत गर्ने काम गरेका छन् । बेनीपुरवाली र बेनीपुरवालीको श्रीमान् घरपरिवारमा हुने बेमेल र मेलमिलापलाई प्रस्तुत गर्नका लागि मञ्चमा उपस्थित छन् । सुखवीर, माइला सुनुवार, कान्छा तामाङ्, धनजिते, बखतबहादुर, नाइके नरहरि र नीलकान्त समाजमा बसीखाने वर्गले गरिखाने वर्गमाथि गरेको थिचोमिचो र अत्याचारलाई विभिन्न भूमिकाका माध्यमबाट मञ्चमा प्रस्तुत गर्न उपस्थित छन् । चुल्हाइ राय, विशेशर, चुल्हाइ रायकी श्रीमती, विशेशरकी श्रीमती र ज्वाइँले दाइजोको मारलाई खप्न नसकेर खेतबारी बिक्री गर्नुपर्ने अवस्था, विना दाइजो विवाह गर्दा दाइजो ढोगीबाट घृणीत बन्नुपर्ने अवस्था, दाइजो कमी भएको कारण देखाई श्रीमतीलाई ज्युँदै जलाएको अवस्था र घरको चुलोचौकालाई मञ्चमा मञ्चन गर्ने काम गरेका छन् । काँइला बा, काँइला बाकी श्रीमती, चतुरमान, वाणीभक्त, मन्त्री र पार्टीका केटाहरू राजनीतिक क्षेत्रमा हुने चाप्लुसी र चैते प्रवृत्ति, निर्दोष व्यक्ति अनाहकमा गोलीको सिकार बन्नुपर्ने स्थिति, सहिदहरूप्रतिको अपमान, मोटो रकम पाउने आशामा जुनसुकै व्यक्तिलाई पनि पार्टीमा प्रवेश गराउने र सच्चा इमान्दार व्यक्तिहरू सधै पछाडि पारिएको यथार्थलाई प्रस्तुत गर्न मञ्चमा उपस्थित छन् । कान्छी बज्यै, कान्छी बज्यैका छोरी ज्वाइँ र सुन्तलीले प्रस्तुत कथासङ्ग्रहमा मञ्चमा आई छोरा बुहारी मात्र बुढेसकालका सहारा हुन् भन्ने गलत मान्यतालाई परित्याग गरी छोरी पनि बाबु आमाका संरक्षक हुन सक्छन् भन्ने कुरालाई प्रस्तुत गरेका छन् । सरस्वती, शङ्कर, सरस्वतीकी छोरी, गङ्गा दिदी, कमला र कमलाकी आमा सङ्गठनमा लागेर सङ्गठनबाट

धोका पाएको, सङ्गठनका नाममा व्यक्तिगत स्वार्थ पूरा गरेको, नारीहरूको अस्तित्त्व लुट्ने र दाइजोको लोभमा विवाह गर्ने प्रवृत्ति र आफ्नो अस्तित्त्व रक्षाका लागि जागरुक बनेको अवस्थालाई प्रस्तुत गर्न मञ्चमा उपस्थित छन् ।

हजुरको मान्छे, पाण्डवराज, हाकुचा, दयाराम र दयारामकी दुलही राजनीतिक क्षेत्रमा देखा परेको विकृति, आफ्नो स्वार्थ पूर्तीका लागि देखाउने अवसरवादी प्रवृत्ति, एकले अर्कालाई हराउन र पछार्न सकेकोमा सन्तुष्ट बन्ने मानवीय प्रवृत्ति, धनी वर्गले गरिब वर्गमाथि गर्ने अत्याचार र आर्थिक अवस्थाका कारण परिवारमा देखा परेको अन्योल र बेमेलको स्थितिलाई मञ्चमा प्रस्तुत गर्न उपस्थित छन् ।

उल्लिखित चरित्रहरू मञ्चमा आफै उपस्थित भएर विभिन्न किसिमका कार्य व्यापार प्रस्तुत गरेका छन् । त्यसैले यिनीहरू मञ्चीय चरित्र हुन् ।

प्रस्तुत कथासङ्ग्रहमा नेपथ्यीय चरित्रका रूपमा भाइका बुबा आमा, दाजुकी श्रीमती र छोराछोरी, माइला कामी, जुलुसका मानिस, वैद्य, डाक्टर, खुशीलाल, वाणीभक्तको बाबु, बेनीपुरवालीका छोराछोरी, पितनाथ, लालबहादुर घर्ती, ज्योतिया, ज्योतियाको ससुरो, ऋषि, जगदीश, दयारामकी साली, गाउँलेहरू भिखारी साहु, इष्टमित्र, फुलेसरीको बुबा र म्याट्रिक पास गरेको युवक उपस्थित छन् । यिनीहरूले प्रस्तुत कथासङ्ग्रहको कार्य व्यापारमा कुनै पनि भूमिका खेलेका छैनन् । बिच बिचमा समाख्याता र मञ्चीय चरित्रहरूको माध्यमबाट उल्लिखित चरित्रहरूको नाम उल्लेख गरिएको छ । त्यसैले यिनीहरू नेपथ्यीय चरित्र हुन् ।

### ३.२.३ दृष्टिबिन्दु

दृष्टिबिन्दु त्यो स्थिति, स्थान वा सीमा हो । जसको माध्यमबाट कथाकारले आफ्नो धारणा पाठक वर्गसमक्ष पुऱ्याउँदछ । वास्तवमा पाठक वर्ग बीचको सम्बन्ध सूत्र नै दृष्टिबिन्दु हो । दृष्टिबिन्दु भनेको कथा कथनको तरिका वा पद्धति पनि हो । कथावस्तुलाई पाठक वर्गका निमित्त संवेद्य एवम् प्रेषणीय बनाउने भूमिका कथात्मक दृष्टिबिन्दुले खेल्दछ । यो घटक प्रस्तुतीकरणसँग सम्बद्ध हुन्छ । "कुनै एउटा विषयमा कथावस्तुको कल्पना गरिसकेपछि कथाकार सामु के प्रश्न आउँदछ भने कल्पित पात्रलाई कुन स्थानमा राखेर र त्यस कथावस्तुलाई एउटा ठोस आकार वा संरचना प्रदान गर्ने ? त्यस प्रश्नको समाधान नै

दृष्टिबिन्दुले गर्दछ" (श्रेष्ठ, २०६७ : १०) । संरचनालाई पूर्णता प्रदान गर्ने संवेदनशील कार्य दृष्टिबिन्दुले गर्दछ ।

पात्रको निजी, मानसिक र बौद्धिक अवस्थालाई ध्यानमा राखी कुनै क्षण विशेषमा त्यस पात्रले अनुभूत गर्ने कुरा, मनका प्रतिक्रिया, विचार क्षमताको सीमा आदि कथामा पात्रको माध्यमबाट व्यक्त गर्ने क्षमता कथाकारमा भएको हुनुपर्दछ । त्यसैले 'कथात्मक दृष्टिबिन्दु' भनेको पात्रको मनभित्रको डुबुल्की लगाई हो ।

कथात्मक दृष्टिबिन्दु दुई प्रकारका हुन्छन्-आन्तरिक र बाह्य । आन्तरिक दृष्टिबिन्दु पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारका हुन्छन् । बाह्य दृष्टिबिन्दु सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन प्रकारका हुन्छन् ।

दृष्टिबिन्दु पात्र कथामा प्रथम पुरुषको रूपमा रहँदा आन्तरिक दृष्टिबिन्दु हुन्छ । यस अन्तर्गत केन्द्रीय दृष्टिबिन्दुमा स्वयम् कथाकार वा अरू कुनै पात्र 'म' को रूपमा मुख्य पात्र रही कथा प्रस्तुत हुन्छ । यस दृष्टिबिन्दुबाट कथित कथामा मुख्य पात्रको आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ प्रस्तुत हुन्छ । परिधीय दृष्टिबिन्दुमा 'म' पात्र त रहन्छ, तर कथामा त्यसको स्थान कि गौण रहन्छ कि तटस्थ । यस्तो दृष्टिबिन्दुबाट लेखिएको कथामा मुख्य कथाको केन्द्र अर्कै पात्र बनेको हुन्छ र 'म' पात्रले त्यही पात्रलाई केवल प्रस्तुत गर्ने माध्यम भएर भूमिका खेल्दछ ।

कथामा दृष्टिबिन्दु पात्र तृतीय पुरुषमा रहँदा बाह्य दृष्टिबिन्दु हुन्छ । यस अन्तर्गत सर्वदर्शी दृष्टिबिन्दुमा कथाकारले प्रायः सबै पात्रका भावना, प्रतिक्रिया, विचार आदि समाविष्ट गर्दै ती पात्रहरूको आन्तरिक जीवनको चिनारी दिन्छ । कथाकारले सबै पात्रहरूको मनभित्र स्वतन्त्र रूपले चियाउने गर्दछ । सीमित दृष्टिबिन्दुमा केवल एक मात्र पात्रको मानसिक संसारको विचरण गरिएको हुन्छ । वस्तुपरक दृष्टिबिन्दुमा कुनै पनि पात्रको मानसिक संसारको विचरण गरिएको हुँदैन (श्रेष्ठ, २०६७ : ११-१२) ।

कथात्मक दृष्टिबिन्दुका प्रकारहरूलाई हेर्दा कुनै पनि उत्कृष्ट कथामा स्वयम् कथाकारको ज्ञान, बोध र भावनाको अन्तः सम्बन्ध पात्रसँग रहेको हुन्छ । पात्रको जीवन्तता तथा विश्वसनीयता दृष्टिबिन्दुमा निर्भर रहेको हुन्छ । त्यसैले कुनै पनि कथामा 'दृष्टिबिन्दु' कमजोर हुनुको अर्थ त्यस कथाको संरचना पक्ष फितलो हुनु देखिन्छ ।

**घाम घामजस्तो छैन** कथासङ्ग्रहमा सङ्गृहीत कथामा आन्तरिक केन्द्रीय, आन्तरिक परिधीय, बाह्य सीमित र बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ । त्यसमा पनि बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग धेरै कथामा भएको छ ।

**घाम घाजस्तो छैन** कथा सङ्ग्रहभित्र सङ्गृहीत 'चिठ्ठीका हरफहरू' र 'दयारामकी दुलही' कथामा आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग भएको छ । समाख्याताले गाउँको विपन्नता र अनिकालको कारण मान्छेहरू मरिरहेका, सरकारसँग खान पाउनु पर्ने माग राख्दै गरेको आन्दोलनमाथि निर्मम प्रहार गरिएको घटना र पारिवारिक समस्यालाई तिनै भाइ र दयारामकी दुलही चरित्रका वरिपरि रहेर कथानक प्रस्तुत गरेकाले आन्तरिक परिधीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

'बापती' कथामा आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ । यस कथामा काइँला बा अर्थात् 'म' दृष्टिकेन्द्री पात्रका रूपमा उपस्थित छन् । 'म' पात्र नै समाख्याताका रूपमा उपस्थित भई आफ्नै माध्यमबाट पुनर्स्थापित प्रजातन्त्रका नकारात्मक पक्षको चित्रण गरिएकाले आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

'घाम घामजस्तो छैन' र 'आज शनिवार' कथामा बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ । यी कथामा एक चरित्रलाई मात्र ध्यान नदिई राजनीतिक विषयलाई मुख्य रूपमा प्रस्तुत गर्न सबै चरित्रमा समाख्याताले ध्यान दिएका छन् ।

'घिडघिडो', 'आड', 'बुद्धिप्रसादको काँचुली', 'बेनीपुरवाली', 'कर्तव्य', 'सङ्क्रमण', 'आजकी सकुन्तला', 'हजुरको मान्छे', 'नयाँ वर्षको नासो' र 'कटमिरो सहिदको पीडा' कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ । यी कथामा पण्डित शिवहरि पाण्डे, फुलेसरीकी आमा, बुद्धिप्रसाद शर्मा, बेनीपुरवाली, चुल्हाइ राय, कान्छी बज्यै, सरस्वती र ऊ चरित्रहरू दृष्टिकेन्द्री चरित्रका रूपमा उपस्थित छन् । ग्रामीण समाजमा जरा गाडेर बसेको सांस्कृतिक धरातल, रुढिवादको कुप्रथा, बोक्सी परम्परा, २०४६ सालको प्रजातन्त्र पुनर्स्थापनापछि देखिएको बेथिति, पारिवारिक समस्या, प्रशासन संयन्त्रमा देखिएको अनियमिततालाई यिनै चरित्रका माध्यमबाट प्रस्तुत गरिएको छ । यिनै चरित्रका वरिपरि रहेर कथानक प्रस्तुत गरिएकाले यी कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ ।

यसरी कथाकार इस्मालीले दृष्टिबिन्दुको चयन सफल रूपमा गरेका छन् । इस्मालीले मूल रूपमा बाह्य सीमित दृष्टिबिन्दुमा आफ्नो कौशल देखाएका छन् । निष्कर्षमा **घाम घामजस्तो छैन** कथासङ्ग्रह दृष्टिबिन्दुको प्रयोगका दृष्टिले सफल रहेको छ ।

### ३.२.४ पर्यावरण

पर्यावरण भन्नाले देश, काल र परिस्थिति भन्ने बुझिन्छ । पात्रको चरित्र संरचनामा पर्यावरणको ठूलो भूमिका हुन्छ । कथामा घट्ने घटनाको स्थान, समय तथा पाठकको मनोभाव वा वातावरण र देशकालको संयुक्त रूप पर्यावरण हो । कथामा सामाजिक राजनीतिक, आर्थिक, सांस्कृतिक आदि बाह्य परिवेशको चित्रण गरिएको हुन्छ । त्यसै गरी पात्रका मनोविज्ञान, मानसिक द्वन्द्व र घात प्रतिघातसँग सम्बन्धित कुराहरूको चित्रण पनि पर्यावरण अन्तर्गत गरिएको हुन्छ । वातावरणले पात्रको मनोदशालाई धेरै थोरै प्रभाव पारेको हुन्छ । देश, काल, र वातावरण अन्तर्गत केवल स्थान र समय मात्र नभएर रीतिस्थिति, रहनसहन, भेषभूषा, आचार-विचार, क्रियाकलाप तथा प्राकृतिक, भौगोलिक पृष्ठभूमि आदि सबै कुराहरू आउँदछन् । जसले कथामा स्वभाविकता सिर्जना गर्दछ (बराल, २०६९ : ८५-८७) ।

कथाका परिवेशहरू ग्रामीण, सहरीया, प्राकृतिक, मानसिक, राजनीतिक, धार्मिक, वैज्ञानिक, काल्पनिक आदि हुन सक्छन् । मनोवैज्ञानिक कथाको परिवेश मानसिक हुनुका साथै अन्य देश, काल, वातावरण पनि आउन सक्छन् । प्रत्येक देश, जाति र समाजका आ-आफ्नै सामाजिक, धार्मिक, रीतिरिवाज चालचलन हुन्छन् । लेखकले आफूले अनुभूति गरेका विषयलाई लिएर सिर्जना गर्ने भएकाले उसले बाँचेको समाज उसका कृतिमा केही न केही रूपमा अवश्य नै आएको हुन्छ । त्यसैलाई पर्यावरण भनिन्छ ।

**घाम घामजस्तो छैन** कथासङ्ग्रहको पर्यावरण हेर्दा स्थानका रूपमा मुख्य गरी मध्य तराईको समाज आएको छ । यसमा सहरीया र ग्रामीण दुबै स्थानलाई सफल रूपमा चित्रण गरिएको छ । 'घिडघिडो', 'आड', 'बेनीपुरवाली', 'सङ्क्रमण', 'कर्तव्य', 'हजुरको मान्छे' जस्ता कथामा ग्रामीण समाजको चित्रण गरिएको छ । ग्रामीण समाजको चित्रण गर्ने क्रममा पुरातनवादी सांस्कृतिक समाज, रुढिवादीयुक्त गाउँले समाज, सदरमुकामसम्म थाहा नभएको अशिक्षित समाज, आर्थिक दुरवस्थाले गाँजेको समाजको चित्रण गरिएको छ । त्यस्तै दाइजो

प्रथाका कारण मान्छे जलाउने तराईको ग्रामीण समाजको चित्रण गर्ने क्रममा ज्योतियालाई जलाएको गाउँले समाजको चित्रण गरिएको छ ।

प्रस्तुत कथासङ्ग्रहमा २०३७ सालदेखि २०५३ सालसम्म लेखिएका कथाहरू समावेश गरिएको छ । त्यसैले यसमा पञ्चायती व्यवस्थाको उत्तरार्द्ध र बहुदलीय व्यवस्थाको पूर्वार्द्धको समयलाई मुख्य रूपमा लिइएको छ । रुढिवादी परम्परा, बोक्सीको कारण पञ्चभलाद्मी बसेर गाउँ निकाला गरेको घटना, सरकारसँग खान पाउनुपर्ने माग राख्दा निर्मम दमन हुनु जस्ता घटनाले पञ्चायती व्यवस्थालाई देखाइएको छ । प्रजातन्त्रको पुनर्स्थापनापछि पार्टी फेरबदल गर्ने परम्परा, पञ्चहरू चैतेका रूपमा कम्युनिस्ट र प्रजातान्त्रिक पार्टीमा प्रवेश गरी सच्चा क्रान्तिकारी नेताको स्थान हडप्ने र उनैहरूमाथि हाइहुकुम चलाएको घटना समयका रूपमा आएको छ । कामको खोजीमा सहर पसेको र काम नपाउँदा जुलुसतिर लागेका घटना, स्वतन्त्र चुनावी माहौल, सहिदको अपमान र स्वार्थी नेताले स्थान पाएको कुरालाई प्रस्तुत गरिएको छ । त्यस्तै आन्दोलनमा घाइते भएकाहरूको बेवास्ता गरिएको घटनाका आधारमा बहुदलीय व्यवस्थाको समय चित्रण गरिएको छ । बहुदलीय व्यवस्थामा भएका नराम्रा प्रवृत्तिलाई उजागर गर्ने काम भएको छ ।

सहर र त्यहाँको हाकिम दाइको जागिरे जीवन बचाई कथाको एउटा वातावरण हो । यसले क्रान्तिकारी अवस्था र क्रियाकलापबाट विमुख भई व्यक्तिगत स्वार्थमा लिप्त पात्रको उद्घाटनमा राम्रोसँग सहयोग गरेको छ । भोकमरी र नारा जुलुसले ग्रामीण वर्ग सङ्घर्षको छनक दिएको छ । सामन्ती संस्कृतिको जब्बर प्रभाव सहरमा भन्दा गाउँमा नै बढी रहेकाले गांमीण समाजको ब्राह्मण परिवारको चित्रण कथामा गरिएको छ । नित्य पूजापाठ गर्ने खोपा, शङ्खको आवाज एकातिर छन् भने अर्कातिर जुवातास, जाँड, रक्सीको सेवन जस्ता ग्रामीण समाजमा हुर्कदै गएको कुरा अर्को सांस्कृतिक यथार्थ हो । पञ्चायत बस्नु, रामसेवक जस्ताले फुलेसरीका आमा छोरीलाई मुद्धा लड्न सुटुक्क रातीमा भगाइ भारत पुऱ्याउनुले समाजमा निम्नवर्गका अशिक्षित मान्छेलाई ठग्ने र फसाउने यथार्थ प्रस्तुत गरिएको छ ।

नेपालको राज्यसञ्चालनमा राजधानी सहरको एकछत्र वर्चस्व रहँदै आएको छ । राजनीतिका ठूलाठूला निर्णयका घटनाहरू राजधानीमा नै हुने गरेका छन् । बहुदल वा प्रजातन्त्र स्थापनापछि राष्ट्रिय राजनीतिमा आएको अवसरवादी प्रवृत्ति र त्यसबाट फाइदा उच्च वर्गलाई नै भएको, जनता र सच्चा राष्ट्रसेवक सधै पछाडि पारिएको यथार्थ यस

कथासङ्ग्रहको वातावरणका रूपमा आएको छ । त्यस्तै विद्यार्थी राजनीतिमा देखिएको गलत प्रवृत्ति, त्यसबाट नारीमाथि गरिएको शोषण, नारीहरूले आफ्नो अस्तित्वको खोजी गरेको कुरा वातावरणका रूपमा आएको छ । संसदीय व्यवस्थाको नकारात्मकताको प्रतिविम्बन गर्ने परिवेश 'आज शनिवार' कथामा आएको छ । सांसद्हरूको गैर जिम्मेवारी चरित्रलाई पर्दाफास गर्ने काम भएको छ । मूल रूपमा २०४६ सालको जनआन्दोलनले वास्तविक रूपमा मर्कामा परेका वर्गलाई उपेक्षा गरेको देखाउनु रहेको छ । यस सन्दर्भबाट कथित प्रजातान्त्रिक व्यवस्थाको आलोचना र भण्डाफोर गर्नु जस्ता घटना वातावरणका रूपमा आएका छन् ।

यसरी प्रस्तुत **घाम घामजस्तो छैन** कथासङ्ग्रहको पर्यावरणको प्रयोग मार्फत् आफ्नो वैचारिक निष्कर्ष कलात्मकता र सरलताका साथ स्थापना गर्न कथाकार इस्माली सफल भएका छन् ।

### ३.२.५ सारवस्तु

कुनै कथाकृति पढिसकेपछि समग्रमा हामी त्यसमा जुन भावार्थ वा अभिप्राय पाउँदछौं त्यही नै सारवस्तु हो । यसलाई कथाको केन्द्रीय भाव, निर्देशित विचार वा अन्तर्निहित सत्य पनि भनिन्छ । कथामा कुनै न कुनै विचार वा भावको बीज रूप प्रत्यक्ष वा प्रच्छन्न रूपमा रहेको हुन्छ जसका आधारमा कथानकको संरचना तयार पारिएको हुन्छ । त्यस बीज रूपलाई बिना आग्रहीकरण कथाकारले कुशलतापूर्वक जति धेरै नाटकीकरण गर्न सक्यो, त्यो कृति त्यति नै उत्कृष्ट बन्न पुग्दछ । त्यसैले बीज रूप भनेको कथा संरचनाको सौन्दर्य तत्त्व हो जसलाई हामी सारवस्तु भनेर चिन्दछौ । यसलाई कथाकारले अभिधात्मक, अन्योक्तिमूलक वा प्रतीकात्मक कुनै पनि अर्थको तहबाट प्रदर्शन गर्न सक्दछ (श्रेष्ठ, २०६७ : १२) । कथामा शाश्वत वा प्रसङ्गविषयक अथवा विचार वाक्यात्मक वा प्रच्छन्न किसिमबाट सारवस्तु प्रस्तुत गरिन्छ । कथामा सारवस्तु मानवशरीरको रक्तसञ्चार जस्तै सर्वव्याप्त हुन्छ ।

**घाम घामजस्तो छैन** कथासङ्ग्रहमा पञ्चायती व्यवस्थाको उत्तरार्द्ध र बहुदलीय व्यवस्थाको पूर्वाद्ध अर्थात् २०५३ सालसम्मको राजनैतिक दुरवस्थाको यथार्थ चित्रण गरिएको छ । यसमा राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक र पारिवारिक विषयमा आधारित भएर त्यसमा हुने आन्तरिक यथार्थलाई चित्रण गरिएको छ । पञ्चायती व्यवस्थामा पञ्चभलाद्मीहरूले फुलेसरी र बेनीपुरवाली जस्ता प्रतिनिधि चरित्रमाथि न्यायको नाममा

गरेको शोषण यस कथासङ्ग्रहको सारको रूपमा आएको छ । पञ्चायती शासनकालमा सत्ताको वरिपरि रहेर जनआन्दोलनलाई दमन गर्न अग्रपङ्क्तिमा रहने र प्रजातन्त्रको पुनःस्थापनापछि चैतेका रूपमा बहुदलीय व्यवस्थामा प्रवेश गरी पुनः सत्तामा पुगेर शोषित पीडित र अन्यायमा परेका जनताहरूमाथि नै हाई हुकुम चलाउने गरेको यथार्थ यस कथासङ्ग्रहको सारवस्तुका रूपमा आएको छ । जनताहरूले प्रजातन्त्रको पुर्नस्थापनापछि आफ्नो हक अधिकार पूर्ण रूपमा प्राप्त भई गरिबीको रेखाबाट माथि उठ्ने जुन आशा र अभिलाषा राखेका थिए तर त्यसको विपरीत जोबाट आफूहरू अन्यायमा परेका थिए । उनीहरू नै सत्ताको बागडोर सम्हाल्न पुगेकाले त्यसबाट आफूहरूको आशा निराशामा परिणत हुन पुगेको कुरा सारका रूपमा प्रस्तुत छ । बहुदलीय संसदीय व्यवस्थाको असली सारलाई सफलतापूर्वक पर्दाफास गर्ने काम **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा भएको छ । संसदीय व्यवस्थाको वर्ग चरित्र श्रमजीवी वर्गको स्वार्थ र हितविपरीत भएको कुरा निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ । “गरिगो नि जनताका लागि ! जनताको भागमा महँगी, बेरोजगारी, असुरक्षा, अशान्ति बाहेक अर्थौक छैन । निसाफ माग्ने सुकुमबासी देखि कर्मचारीसम्म सत्ताको गोलीका सिकार हुँदैछन्....” (पृ. ४२) भन्ने अभिव्यक्तिले कथित प्रजातान्त्रिक व्यवस्था पनि श्रमजीवी वर्गप्रति उत्तिकै अनुदार, हिंस्रक र दमनकारी भएको कुरा स्पष्ट पारेको छ । सुखवीर, बखतबहादुर, माइला तामाङ, सरस्वती, चुल्लाइँ राय, बेनीपुरवाली, भाइजस्ता चरित्रहरू २०४६ सालपछि उस्तै गरिबीको थिचोमिचोमा रहनु, कुनै प्रकारको सुधार नदेखिनुले त्यही कुरा स्पष्ट पारेको छ । अर्कोतिर कथित प्रजातान्त्रिक व्यवस्थामा पनि भ्रष्टता, कालाबजारी, गुण्डागर्दी, महङ्गी र अशान्ति उत्तिकै मौलाउने कुरा यस कथासङ्ग्रहमा प्रस्तुत गरिएको छ । सामन्ती राज्यसत्ताको जनविरोधी, दमनकारी, असलियतका साथै राज्यको दमनमा ग्रामीण समाजका गरिब कामदार किसानहरू परेको कुरा प्रस्तुत गरिएको छ । राज्यले गरेको शोषण उत्पीडन र दमन क्रियालाई शस्त्रधारी पुलिसहरूले जनतामाथि गरेको निर्मम हत्याबाट प्रस्तुत गर्न खोजिएको छ । यसका साथै कम्युनिस्ट आन्दोलनमा देखा परेको निम्न पुँजीवादी, अवसरवादी तथा व्यक्तिवादी प्रवृत्तिलाई ‘चिठ्ठीका हरफहरू’ मार्फत् प्रस्तुत गरिएको छ । भाग्यवादमा टिकेको पुरानो संस्कृतिले धर्मका नाममा गरेको शोषण र समय क्रमसँगै पुरानो पुस्ता र नयाँ पुस्ताका बिचमा भएको द्वन्द्वबाट पुरानो पुस्ताको पतन नयाँ पुस्ताको विजय देखाउँनु यस कथासङ्ग्रहको सारवस्तुको रूपमा आएको छ । तराईको ग्रामीण समाजमा व्याप्त रहेको धामीझाँक्री र बोक्सी प्रथाले

गरिब तथा निर्धन श्रमजीवी जनता र विशेष गरी महिलाहरू अमानवीय यातना, अपमान र शोषण उत्पीडनमा पर्ने गरेको कुरा स्पष्ट पारिएको छ । आर्थिक दुरवस्थाका कारण निम्न वर्गका व्यक्तिहरूको पारिवारिक विघटनलाई यस कथा सङ्ग्रहमा प्रस्तुत गरिएको छ । तराईको ग्रामीण जनजीवनमा दाइजोलाई सामाजिक प्रतिष्ठा र मानसँग जोडेर हेर्ने गरेकाले छोरीबुहारीहरूले ज्यादै अमानवीय र कष्टकर मानसिक तथा शारीरिक यातना खप्नु पर्ने बाध्यता रहेको छ । त्यसलाई ज्योतियालाई जलाउनु र सुनैनाको विवाह गर्न नसक्नुबाट प्रस्तुत गर्न खोजिएको छ । कम्युनिस्ट आन्दोलनमा नारीलाई शारीरिक र भावनात्मक शोषण गर्ने र प्रेमसम्बन्धलाई लिएर उनीहरूमाथि हुने गरेको उत्पीडनका विरुद्ध जोडदार भण्डाफोर गरी सङ्घर्ष गर्नु जरुरी छ भन्ने कुरा पनि यस कथासङ्ग्रहको सारवस्तुका रूपमा आएको छ ।

यस सङ्ग्रहमा २०४६ सालपछि राजनैतिक दलहरूले चुनावमा उम्मेदवार छनौंट गर्ने प्रक्रियादेखि निर्वाचन हुँदासम्म जस्तो प्रकारको गैरलोकतान्त्रिक हरकतहरू गर्थे त्यसको यथार्थसम्मत प्रतिबिम्बन गर्नुका साथै संसदीय व्यवस्थाको श्रमजीवी वर्ग तथा राष्ट्रहित विरोधी चरित्रको भण्डाफोर गर्नु जस्ता कुरा मुख्य सारका रूपमा आएका छन् । प्रशासन संयन्त्रमा देखा परेको घुसखोरीतन्त्रलाई सफल रूपमा प्रस्तुत गरिएको छ । यस कथासङ्ग्रहमा सारवस्तु प्रतीकात्मक रूपमा आएको छ । घाम जसले न्यानो ताप दिनुपर्ने हो र सारा जगतलाई तताउनु पर्ने हो तर तताएको छैन, चिसो छ अर्थात् जनताको सङ्घर्षबाट स्थापना भएको प्रजातन्त्र रूपी शासन व्यवस्थाले जनताको हक अधिकार स्थापित गर्नुपर्नेमा उल्टै हुने खानेको पक्ष पोषण र हुँदा खानेहरूमाथि थिचोमिचो गरेको कुरा प्रतीकात्मक रूपमा आएको छ । यी आधारबाट प्रस्तुत कथासङ्ग्रहको शीर्षक समेत सार्थक बन्न पुगेको छ । यसरी **घाम घामजस्तो छैन** कथासङ्ग्रहको सारवस्तु विधिका आधारमा प्रच्छन्न र जीवन सत्यका आधारमा शाश्वत किसिमको रहेको छ ।

### ३.२.६ भाषाशैली

कथा कथनको माध्यम नै भाषा हो । भाषालाई शिल्प पनि भनिन्छ । भाषा नै पढेर पाठकले कथाको अर्थ बोध गर्दछ । चरित्र, कथाको घटना घटित भएको ठाउँ तथा समय पनि भाषाकै आधारमा तयार हुन्छन् । यसरी हेर्दा कथाका लागि भाषा नै सर्वस्व हुन्छ । कथाको महत्त्वपूर्ण तत्त्वका रूपमा भाषालाई लिइन्छ (बराल, २०६९ : ९९) ।

कथाका मूल विषय, कथावस्तु, घटना, चरित्र आदि सामग्रीहरू पूर्णतया तयारी भईसकेपछि तिनीहरूलाई रूप दिन कथाकारले जुन भाषिक कुशलता अपनाउँछ त्यस्तो ढाँचालाई नै शैली भनिन्छ । यस अन्तर्गत रचनाशैली, भावशैली, भाषाशैली आदि पर्दछन् । यदि प्रस्तुतीकरण सुन्दर हुन सकेन भने कथाले पाठकलाई आस्वादनमा माधुर्य र नवीनता दिन सक्दैन । कथाकारले कथामा प्रयोग गरेका भाषा कथानक, गठन, चरित्रचित्रण र विषयको क्रमबद्ध प्रस्तुतीकरणमा शैलीको वैशिष्ट्यता रहेको हुन्छ । शैली नै कथाकारको व्यक्तित्वको परिचायक हो । शैलीको कुनै रूप हुदैंन तापनि कथाको सीप सौन्दर्य र भाव वैशिष्ट्य यसैको रूपाकृति हो ।

**घाम घामजस्तो छैन** कथासङ्ग्रहमा वर्गीय भाषिक प्रयोग देखिन्छ । उच्चवर्गले निम्न वर्गमाथि प्रयोग गर्ने भाषा यस प्रकार छ :

“हेर सुखवीरे ! गाउँमा बस्न मन भए हामीलाई नबिर्सेस, हैन....गाउँ, समाज, इष्टमित्र चाहिंदैन भन्छस् भने आफ्नो मन लागी छाप हालेस् । अब त प्रजातन्त्र आ’ छ नयाँ घाम झुल्क्या’ छ, पहिलाको जस्तो छैन अब” (पृ. ४६) । यसबाट ठूलाले सानाप्रति गर्ने व्यवहार स्पष्ट हुन्छ । पुलिसको भाषामा दमनकारी गन्ध भेटिन्छ, जस्तैः

“ ‘ए ऽऽ’ तिमीहरू भोका छौ हैन ! लौ पेट भर त ....” (पृ.४) । त्यस्तैः “लाटा ! तिमीहरू बाबु छोराकै भाग्यमा यही बन्दुकको गोली लेखेको रै’छ ! लौ, खा....!”(पृ.६३) । यसबाट बसिखाने वर्गले गरिखाने वर्गमाथि गरेको शोषणलाई सरल भाषाका माध्यमबाट प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथासङ्ग्रहमा तलुवा चाट्नु, मुखमा माड लगाउनु, आँखामा छारो हाल्नु, डाँडामाथि बास बस्नु, नब्बे पुगेर हब्बे न कब्बे, न्वारानदेखिको बल लगाउनु, बीसको उन्नाइस नहुनु, रुम्जाटारको कोदाको पिठो निर्गुणको दाउन, धर्म र कर्म गुरुङ्ले गऱ्यो छक पऱ्यो बाहुन, बिरालोले मुसा खेलाए झैं, थाङ्नामा सुताउनु, गाई खाने विद्या, कली धपक्कै बली, हरेस खानु, मेरो गोरुको बाह्रै टक्का, बात लाग्नु, सांढेहरूको रजाई, मनलाई दरो पार्नु, थुकेको थुक चाट्नु, कौडीको मोल, बलेको मुडो ताप्नु, गम खानु, बास उठ्नु, पानीमाथिको ओभानो, छाँगाबाट खस्नु, इन्तु न चिन्तु, थर न भरको हुनु, चार जात छत्तीस वर्णको फूलबारी, भालुलाई पुराण सुनाउनु, महाभारत सुरु हुनु, भाइ भए भरोस, गाई भए गोरस, सुन पानी छर्किनु, जुन जोगी आए पनि कानै चिरेका, घुमिफिरी रुम्जाटार, घर न घाटको

हुनु, जान्नीलाई श्रीखण्ड नजान्नीलाई खुर्पाको बिड, काइँ न' भाको जात्रा हाडीगाउँमा, मुठी बाँध्नु, अनिकालमा बीऊ जोगाउनु हूलमूलमा जीऊ जोगाउनु, बर्मा गयो कर्मसँगै नेपाल आयो कपालसँगै, एउटै दापमा दुईवटा खुकुरी, गुहु चलाई गन्ध, सतीको सराप लाग्नु, अर्जुन वाण, घाँटी हेरी हाड निल्नु, दाँत फुकालिदिनु, दुई दिनको पाहुना, सन्तानले डाँडाकाँडा ढाक्नु, मनमा चिसो पस्नु, अनुहारमा चमक देखिनु, पश्चिमबाट घाम उदाउनु जस्ता उखान टुक्काको प्रयोग गरिएको छ । यी उखान टुक्काको प्रयोगले भाषालाई श्रुतिरम्य र कसिलो बनाउने काम गरेको छ । यस कथासङ्ग्रहमा मङ्गलं भगवान विष्णु मङ्गलं गुरूडध्वज :, जननी जन्मभूमिश्च स्वर्गाद्वपि गरीयसी, पुनर्मूषिको भव, वरमेको गुणी पुत्रो, सुपितो जायते सुपुत्रो, जस्ता संस्कृत शब्दको प्रयोग गरिएको छ । यसका साथै नैऋत्य, पञ्चपात्रो, निराहार, लक्ष्मी, कर्म, पण्डित, पुज्य, पिताज्यु, शोक, किञ्चित्, धैर्य, अधर, शौच, षोडशी, किंकर्तव्यविमुड, षड्यन्त्र, पुरुषार्थ, शनैःशनै, नर, दन्त, आशीर्वाद, चौतर्फी जस्ता तत्सम शब्दको प्रयोग गरिएको छ । यस कथासङ्ग्रहमा डाक्टर, सी.ओ.डब्लु काउ, यार्लिङ् अक्सिजन सिलिण्डर, स्लाइन, बोर्डिङ् स्कुल, डिस्चार्ज, ह्याण्ड व्याग, प्रिन्ट, काउण्टर, मिस्टेक, बी.एड., म्याट्रिक, पुलिस, हेलिकप्टर, ट्रिगर, फस्ट क्लास अफिसर, इन्डिया, ट्याक्सी, नर्स, क्याम्पस, जोन अफ आर्ट, प्याड, रोमान्टिक, डिग्री, डियर, डार्लिङ, ब्ल्याक आउट, म्याडम, रिजल्ट, फ्याक्ट्री, डिस्टीलरी, इर्म्पोटेन्ट, ह्वस्की, क्वाटर, पेन्टिङ, गुड फ्राइडे, सिलिङ् जस्ता आगन्तुक शब्दको प्रयोग गरिएको छ । यसमा पारपाचुके जस्तो कानुनी भाषाको प्रयोग गरिएको छ । वाहियात, मुरमुरिनु, ठिटामिटा, फुत्त, खन्तीखलास, हरेस, झारफुक, कुलङ्गार, घुम्लुङ, चिठ्ठी चपेटा, खबर खाबर, असत्ती, तरखर, रिमझिम, डकारी डकारी, सेरिनु, हाउगुजी, खुच्चिङ, टकटक्याउनु, जगल्ट्याउनु, रखौटी, हत्तपत्त, ढुक्क, धङ्धडी, अगुवा पछुवा, आच्छु आच्छु, घुट्काइहाल्नु, चिया चमेना, खिसी टयुरी, नकच्चरी जस्ता झर्रा शब्दका साथै ट्वाल्ल, स्वाट्ट, तुरुक्क, क्वारक्वार्ती, फिस्स, गुर्रर, खितितिति, झम्टाझम्टी, ख्वाक्कखुक्क, क्वाप्लक्क, डङ्रङ्ग, ट्वालट्वाल्ती, बुर्लुक्क, गलल्ल, झल्यास्स, पिच्च, खुइय्य, घुर्रघुर, हस्याङफस्याङ् जस्ता अनुकरणात्मक शब्दले भाषालाई मिठासपूर्ण बनाएका छन् । यस कथा सङ्ग्रहमा कलेजो सलेजो जस्तो समासको प्रयोगका साथै विभिन्न किसिमका प्रतीकहरूको पनि प्रयोग गरिएको छ । यसमा कालो माउँसुली-सत्ताको प्रतीक, सेतो माउँसुली-सत्तामा पुग्न नसकेका स्वार्थी नेताको प्रतीक, झिंगा-जनताको प्रतीक, नीलो

रङ -काङ्ग्रेसको प्रतीक, रातो रङ-कम्युनिस्टको प्रतीक, पहेलो रङ-हराइसकेको पञ्चायतको प्रतीक र साँढे-आभाराको प्रतीकका रूपमा आएका छन् ।

प्रस्तुत कथासङ्ग्रहमा व्यङ्ग्यात्मक भाषिक प्रयोग देखिन्छ । त्यस्तो व्यङ्ग्यात्मकतामा "गाउँमा साँढेहरूको रजाइँ छ" (पृ. १६), "भोको पेट कहीं राष्ट्रसेवा हुन्छ ? सुन्नु भएको छ ?" (पृ. ३३), "गरिगो नि जनताका लागि ! जनताको भागमा महँगी, बेरोजगारी असुरक्षा, अशान्ति बाहेक अर्थोक छैन, निसाफ माग्ने सुकुम्बासीदेखि कर्मचारीसम्म सत्ताको गोलीका सिकार हुँदैछन्...." (पृ. ४२) रहेका छन् । यस कथा सङ्ग्रहमा "काँ लान पर्ने हो, काल्ले बोक्छ । दुई सायामा ? आउना जाना आधा घाण्टा लाग्छा ! " (पृ. ४१), "मुइले ता तीन दिन भो काम नपा' को" (पृ. ४३), "बाउ भा' भए आज हामीलाई यसरी हियाउन पाउँदैनथे हगि आमा ?" (पृ. २०), "फुलेसरी ! यो मुर्दोको छाँटकाँट ठीक छैन, बुझिस....?" (पृ. २४), "हैन, आज बेनीपुरवालीको चालचुल छैन, नि ! कता मोरिछ ? .....खोइ, कुन्नि ! सामसुम्म छ आज त ....। धन्नैको थुतुनो पाएकी हो त्यसले । बोल्न पनि कति सकेकी हो ! " (पृ. ३५), "हाँडीमा पाक्ने कुरो पोसेर त कुकुरनीको झोल धोकिहाल्यौं, किन चाहियो अर्थोक ?" (पृ. ३६) जस्ता स्वभाविक भाषिक प्रयोग गरिएको छ । यस कथासङ्ग्रहमा "भाग्यशाली है बेटी, बडे घरकी शोभा बनजाएगी" (पृ. ५५) जस्तो मैथिली भाषाको प्रयोग गरिएको छ । यसका साथै आमा साट्ने, बाउ ढाट्ने र छोरी बेच्ने जस्ता अनुप्रासको प्रयोगले भाषालाई उत्कृष्टता प्रदान गरेको छ । राकस्नी, लाछि नामर्द, बेस्से, रण्डी, जस्ता निच शब्दको पनि प्रयोग गरिएको छ ।

प्रस्तुत कथासङ्ग्रहमा यथार्थवादी, वर्णनात्मक, पत्रात्मक, संस्मरणात्मक, संवादात्मक शैलीको प्रयोग भएको छ । जसले कथासङ्ग्रहमा रोचकता थपेको छ । जो छ, जो ठहरियो, जो भइयो, जो लागेथ्यो जस्ता भाषिक शैलीको प्रयोगले इस्मालीको भाषिक शिल्प प्रयोगको निजत्वलाई झल्काउँछ । यस कथासङ्ग्रहमा इस्मालीले चरित्र अनुकूलको भाषिक प्रयोग गरेका छन् । सरल स्वभाविक भाषिक प्रयोग र यथार्थवादी, वर्णनात्मक, पत्रात्मक, संवादात्मक, संस्मरणात्मक शैलीको संयोजनबाट **घाम घामजस्तो छैन** कथासङ्ग्रहको भाषाशैली सफल रहेको छ ।

## ३.३ निष्कर्ष

प्रस्तुत अध्यायमा **घाम घामजस्तो छैन** (२०५८) कथासङ्ग्रहको विधातात्विक दृष्टिबाट अध्ययन विश्लेषण गर्ने क्रममा कथाका तत्त्वहरूको पनि सामान्य विश्लेषण गरिएको छ । प्रस्तुत कथासङ्ग्रहलाई कथानक, चरित्रचित्रण, दृष्टिबिन्दु, पर्यावरण, सारवस्तु र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ । विविध विषयमा रचना गरिएका कथाहरूमा ग्रामीण समस्या र उच्च वर्गले निम्न वर्गमाथि गरेको थिचोमिचो विरुद्ध निम्न वर्गका जनताले गरेको प्रतिरोधलाई प्रस्तुत गरिएको छ । प्रस्तुत कथासङ्ग्रह रैखिक र वृत्ताकारीय कथानक ढाँचामा रचना गरिएको छ । चरित्र विशेष गरी वर्गीय रूपमा छनौट गरिएको छ । उच्च वर्ग र निम्न वर्गका चरित्र उपस्थित छन् । प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुमा रचना गरिएका कथाहरू समावेश गरिएको छ । त्यसमा पनि तृतीय पुरुष दृष्टिबिन्दुमा कथाकारले विशेष रुचि देखाएका छन् । सहरीया र ग्रामीण परिवेशमा निर्माण गरिएका कथाहरूको सारवस्तुका रूपमा समाज वर्गमा विभाजित छ । सीमित उच्च वर्गले असीमित निम्न वर्गमाथि शोषण गर्दछन् । शोषणले सीमा नाघेपछि श्रमजीवी वर्ग एकजुट भई सङ्घर्षमा लाग्छन् भन्ने कुरा आएको छ । सरल, सहज र बोधगम्य भाषिक प्रयोगका साथै व्यङ्ग्यात्मक र प्रतीकात्मक भाषाको प्रयोग भएको छ । बिच बिचमा उखान टुक्काको प्रयोग भएकाले कथालाई मनोरम र कसिलो बनाएको छ । तत्सम्, आगन्तुक र झर्रा शब्दको प्रयोगका साथै वर्णनात्मक, विश्लेषणात्मक, संस्मरणात्मक, संवादात्मक र पत्रात्मक शैलीको प्रयोग गरिएको छ ।

## अध्याय चार

# प्रवृत्तिका दृष्टिले घाम घामजस्तो छैन कथासङ्ग्रहको विश्लेषण

### ४.१ विषय परिचय

**घाम घामजस्तो छैन** कथा सङ्ग्रह विभिन्न समयमा फुटकर रूपमा प्रकाशित भएका कथाहरूको संयोजन गरी तयार पारिएको कृति हो । यस कथासङ्ग्रहमा सङ्कलित कथाहरू चिन्तनगत प्रवृत्तिका आधारमा विविध प्रकारका रहेका छन् । जसमा सामाजिक यथार्थवादी, आलोचनात्मक यथार्थवादी, प्रगतिवादतर्फ उन्मुख, सांस्कृतिक चेतना नारीमुक्तिकामी र आञ्चलिक प्रवृति देख्न सकिन्छ । यी प्रवृतिका आधारमा कथासङ्ग्रहको विश्लेषण गरिएको छ ।

### ४.२ सामाजिक यथार्थवादी प्रवृत्ति

समाजमा घटेका घटनाहरूलाई जस्ताको तस्तै रूपमा प्रस्तुत गर्नु सामाजिक यथार्थवाद हो । यसले समाजको वास्तविकता प्रस्तुत गर्दछ । कुनै घटना र परिस्थितिको वर्णन गर्दा त्यसलाई कल्पनाको, अतिरञ्जनाको, आदर्शको लेप नलगाई सोझो वर्णन गरिन्छ । स्थानीय रङग वा दृश्य यथातथ्य रूपमा आएको हुन्छ । विसङगतिको विरोध गरेर वा समाजमा रहेको निम्न वर्गको करुण वा दुःखद् पक्षको चित्रण यथार्थवादी रचनामा गरिन्छ । **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा रहेका कथाहरूमा सामाजिक यथार्थवादी प्रवृति रहेको छ । इस्मालीले समाजमा घटेका घटनाहरूलाई सफलतापूर्वक यस कथासङ्ग्रहमा प्रयोग गरेका छन् । यस कथासङ्ग्रहमा विशेष गरी तराईको ग्रामीण परिवेशको वास्तविकता प्रस्तुत गरिएको छ । परम्परावादी रुढिग्रस्त धर्म संस्कृतिले ग्रामीण समाजमा जरा गाडेर बसेको यथार्थलाई प्रस्तुत गरिएको छ । बाबुले धर्मका नाममा निरन्तरता दिएका कुरालाई छोराले नस्वीकार्दा बाबु निराश बनेको घटनालाई 'घिडघिडो' कथा मार्फत् प्रस्तुत गरिएको छ । आर्थिक अभावका कारण भोकभोकै बस्नुपरेको र भोको पेटका कारण परिवारमा देखापरेको असामान्य स्थितिलाई 'चिठ्ठीका हरफहरू' र 'बेनीपुरवाली' जस्ता कथाका माध्यमबाट प्रस्तुत गरिएको छ । ग्रामीण समाजमा अझै पनि कोही बिरामी पर्दा औषधी उपचारका लागि डाक्टरकोमा नलगी घरमै राखेर धामीझाँक्री गर्ने र गाउँका अबला नारीमाथि बोक्सीको आरोप लगाएर  शारीरिक र मानसिक यातना दिनुका साथै सर्वस्व हरण गरेर गाउँ निकाला गर्ने परिपाटी रहेको छ । त्यसको वास्तविक प्रस्तुति 'आड' कथाका

माध्यमबाट गरिएको छ । गाउँमा साहुको थिचोमिचो सहन नसकेर गाउँ छोडी रोजी रोटीको लागि अन्य ठाउँमा गए पनि कहीं कतै शान्ति नपाएको यथार्थलाई 'घाम घामजस्तो छैन' कथाको माध्यमबाट देखाइएको छ । बाबुआमाले आफ्ना छोरा छोरीका लागि कुनै पनि कसुर नराखी आफ्नो कर्तव्यको पालना गर्छन् तर छोरा छोरीले आफ्नो स्वार्थका लागि आफूलाई जन्म दिने बाबु आमाप्रति कुनै वास्ता नगर्ने र आफ्नो छुट्टै संसारमा रमाउने जुन वर्तमान समयको यथार्थ छ त्यसलाई कथाकार इस्मालीले 'कर्तव्य' कथाका माध्यमबाट प्रस्तुत गरेका छन् । हाम्रो समाजमा अझै पनि श्रीमान्ले आय आर्जन गरेर घरको सम्पूर्ण व्ययभार सम्हाल्नु पर्छ । त्यसमा श्रीमतीले घर धन्दा मात्रै गर्नुपर्छ, बाहिरको कुनै पनि काम गर्नु हुँदैन भन्ने मान्यता छ त्यसको दरिलो उदाहरणको रूपमा 'दयारामकी दुलही' कथा रहेको छ । यस कथासङ्ग्रहमा ठूलाबडाले भनेको कुरा सानाले लुरुलुरु मान्नुपर्छ र सोही अनुसार गर्नुपर्छ भन्ने कुरा पनि सामाजिक यथार्थका रूपमा आएको छ ।

१) **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा पुरातनवादी रुढिग्रस्त संस्कृतिको पक्ष पोषण गरिएको यथार्थलाई प्रस्तुत गरिएको छ ।

२) यस कथासङ्ग्रहमा समाजमा जरा गाडेर बसेको रुढिवादी, धामीझाँक्री, बोक्सी जस्ता परम्परालाई जस्ताको तस्तै प्रस्तुत गरिएको छ ।

३) यस कथासङ्ग्रहमा गरिब परिवारमा आइपरेको रोजीरोटीको समस्यालाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ ।

४) यस कथासङ्ग्रहमा समाजमा देखा परेको पारिवारिक उत्पीडनलाई दयाराम र बेनीपुरवाली चरित्रका माध्यमबाट चित्रण गरिएको छ ।

५) नेपाली समाजमा बसोबास गर्ने जाति जनजाति पक्षको चित्रण गर्दा, ब्राह्मण, नेवार, सुनुवार, तामाङ, मधेसी जस्ता समुदायको यथार्थ चित्रण गरिएको छ ।

६) यस कथासङ्ग्रहमा छोरा छोरीको आमा बाबुप्रतिको गैर जिम्मेवारीपनलाई चित्रण गरिएको छ ।

७) यस कथासङ्ग्रहमा जागिरका नाममा सहर पस्ने र गाउँ समुदायलाई बिर्सने प्रवृत्तिलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ ।

८) यसमा सहिदहरूको राहत रकमलाई लिएर नेताहरूले गर्ने मनपरीतन्त्रको यथार्थलाई चतुरमान जस्ता चरित्रका माध्यमबाट प्रस्तुत गरिएको छ ।

उल्लिखित बुँदाहरूका आधारमा प्रस्तुत **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा सामाजिक यथार्थवादी चिन्तन प्रयोग भएको पुष्टि हुन्छ ।

## ४.३ आलोचनात्मक यथार्थवादी प्रवृत्ति

उच्च वर्गले निम्न वर्गमाथि अन्याय, अत्याचार गर्ने गर्दछन् । निम्न वर्गले उच्च वर्गबाट आफुहरूमाथि हुने गरेको अत्याचार र शोषणलाई बुझेर एकजुट बन्ने प्रयास गरे पनि एक जुट भएर त्यसको प्रतिकारमा लाग्न नसक्नु नै आलोचनात्मक यथार्थवाद हो । **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा रहेका कथाहरूमा आलोचनात्मक यथार्थवादी प्रवृत्ति देखिन्छ । यस कथासङ्ग्रहमा विशेष गरी उच्च वर्गले निम्न वर्गमाथि गरेको अन्याय, अत्याचार, शोषण, दमनलाई प्रस्तुत गरिएको छ । समाजका पञ्चभलाद्मीहरूले गाउँका निमुखा वर्गलाई घरबार बिहीन बनाई बोक्सीको आरोपमा गाउँ निकालासम्म गरेको घटना प्रस्तुत गरिएको छ । आफ्नो गाउँमा साहूहरूको शोषण सहन नसकि काम र मामको खोजीको लागि सहर पसेका तर सहरमा पनि गाउँका भन्दा अझ बढी शोषण गर्ने नरहरि जस्ता शोषकबाट पीडित बनेको सुखवीर जस्ता चरित्रका जीवनमा कहिल्यै घाम लाग्न नसकेको कुरालाई प्रस्तुत गरिएको छ । उनीहरूले आफूहरूमाथि विभिन्न चिल्ला कुरा गरेर गर्ने शोषणलाई बुझेर पनि त्यसको खुलेर विरोध गर्न सकेका छैनन् । समाजका ठूलावडा भनाउँदाहरूले गरिब, निमुखा व्यक्तिहरूमाथि न्यायका नाममा गर्ने शारीरिक र मानसिक यातनालाई 'आड' र 'बेनीपुरवाली' कथामा रहेका फुलेसरी र बेनीपुरवाली जस्ता चरित्रका माध्यमबाट प्रस्तुत गरिएको छ । आर्थिक अभावमा पिल्सिएका र बाबु गुमाएका बालकलाई जगदीश जस्ता समाजका शोषकले जागिर लगाई दिने बाचा गरी आफ्नो घरायसी काममा गोठालोका रूपमा राख्ने गरेका छन् । यस कुराप्रति उद्धवजस्ता व्यक्तिले केही रूपमा सचेत गराए पनि पूर्ण रूपमा विरोधमा उत्रन सकेका छैनन् ।

१) **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा उच्च वर्गले निम्न वर्गमाथि आर्थिक र सामाजिक रूपमा विभिन्न तवरबाट शोषण गर्ने गरेको घटना प्रस्तुत गरिएको छ ।

२) यस कथासङ्ग्रहमा आफूहरूमाथि हुने गरेको अन्याय अत्याचार थाहा हुँदा-हुँदै पनि निम्न वर्गले त्यसको प्रतिकार गर्न नसकेको घटनालाई प्रस्तुत गरिएको छ ।

३) पञ्चभलाद्मीले न्यायका नाममा गरिब जनतालाई दिने गरेको अमानवीय यातनालाई बेनीपुरवालीको खसमले प्रतिकार गर्न नसकेको घटनालाई प्रस्तुत गरिएको छ ।

४) ग्रामीण समाजमा उपचारको अभावमा मृत्यु भएका ठूलावडाको परिवारको घटना लिएर बोक्सीको आरोपमा फुलेसरी जस्तालाई गाउँ निकाला गरिएको छ ।

५) यस कथासङ्ग्रहमा निम्न वर्गका व्यक्तिहरू आफू घरबार बिहीन बन्दा समेत उच्च वर्गमाथि कुनै प्रतिकार गर्न नसकेको घटनालाई प्रस्तुत गरिएको छ ।

उल्लिखित बुँदाहरूका आधारमा **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा आलोचनात्मक यथार्थवादी प्रवृत्ति रहेको पुष्टि हुन्छ ।

### ४.४ प्रगतिवादतर्फ उन्मुख प्रवृत्ति

**घाम घामजस्तो छैन** कथासङ्ग्रहमा मूल रूपमा प्रगतिवादतर्फ उन्मुख प्रवृत्ति रहेको छ । प्रस्तुत कथासङ्ग्रहमा वर्गीय द्वन्द्वलाई सफल रूपमा प्रस्तुत गरिएको छ । वर्गीय द्वन्द्वको चित्रण गर्ने क्रममा उच्च वर्ग र निम्न वर्गको आर्थिक अवस्था र त्यसले पारेको प्रभावलाई सफल रूपमा प्रस्तुत गरिएको छ । सीमित उच्च वर्गले बहुसङ्ख्यक निम्न वर्गमाथि गर्ने आर्थिक, शारीरिक शोषणलाई यथार्थ रूपमा चित्रण गरिएको छ । त्यस किसिमको शोषणको सीमा नाघिसकेपछि बहुसङ्ख्यक श्रमजीवी वर्ग एक जुट भई आफ्नो हक र अधिकारका निम्ति उच्च वर्गका विरुद्ध सङ्घर्ष गरेका छन् तर त्यसप्रकारको सङ्घर्षबाट उच्च वर्गमाथि विजय प्राप्त गर्न नसकेको घटना प्रस्तुत कथासङ्ग्रहमा देखाइएको छ । ग्रामीण समाजमा भोकमरीका कारण जनताहरू मर्न थालेपछि खानाको माग गर्दै सरकार समक्ष अनुरोध गर्दा सरकारको नेतृत्व गरेको पुलिस प्रशासनले भोका जनतामाथि गरेको दमनप्रति गाउँले जनताले तीव्र विरोध गरेको कुरा 'चिठ्ठीका हरफहरू' कथामा प्रस्तुत गरिएको छ । आफूमाथि भएको अन्यायप्रति पञ्चभलाद्मीसँग न्याय माग्दा उनीहरूले न्याय दिने नाममा चरम यातना दिएको र उक्त यातना सहन नसकी पञ्चभलाद्मी विरुद्ध सङ्घर्ष गरेको कुरा बेनीपुरवाली चरित्रका माध्यमबाट प्रस्तुत गरिएको छ । समाजमा पितनाथ, नीलकान्त र नरहरि जस्ता शोषकले सुखवीर, बखतबहादुर जस्ता श्रमजीवी वर्गमाथि गरेको शोषणलाई 'घाम घामजस्तो छैन' कथा मार्फत् प्रस्तुत गरिएको छ । समाजमा रहेका चतुरमान जस्ता उपल्लो दर्जाका व्यक्तिहरूले वाणीभक्त जस्तो व्यक्तिलाई गोली हानेर मार्ने, पछि त्यही

वाणीभक्तलाई सहिद बनाउने र उसैका नाममा रकम निकासा गरी आफ्नो खल्ती भर्ने प्रवृत्ति विरुद्ध काइँला बा जस्ता श्रमजीवी वर्गका नेताले तीव्र विरोध गरेका छन् । देश र जनताका लागि लडी आफ्नो हातखुट्टा गुमाएको व्यक्तिलाई अवसरवादी उच्च वर्गले बेवास्ता गरेको घटना प्रस्तुत छ । आन्दोलन दबाउन सक्दो प्रयास गर्ने व्यक्ति नै चैतेका रूपमा बहुदलमा प्रवेश गरी सहिदहरू प्रति नै अपमान गरेको घटनाप्रति सचेत युवावर्ग र जिउँदा सहिदहरूले गरेको विरोधलाई 'कटमिरो सहिदको पीडा' कथाका माध्यमबाट प्रस्तुत गरिएको छ ।

१) यस कथासङ्ग्रहमा उच्च वर्ग र निम्न वर्गका बिचमा विभेद देखाई वर्गीय द्वन्द्वलाई प्रस्तुत गरिएको छ ।

२) यस कथासङ्ग्रहमा भोकमरीका कारण आफ्नो भोको पेट पाल्नका लागि मान्छेले जस्तो सुकै जोखिम मोल्न पनि पछि पर्दैन भन्ने यथार्थ प्रस्तुत गरिएको छ ।

३) यस कथासङ्ग्रहमा समाजमा बसिखाने उच्च वर्गले गरिखाने निम्न वर्गमाथि गर्ने व्यवहार र उनीहरूले गर्ने शोषणलाई प्रस्तुत गरिएको छ ।

४) यस कथासङ्ग्रहमा आफ्नो अधिकार र अवसर प्राप्त गर्नका लागि समाजका व्यक्तिमा देखा परेको चेतना र त्यसका लागि एकताको आवश्यकतालाई प्रस्तुत गरिएको छ ।

५) कुनै पनि कुरालाई जति दबाउन खोज्यो त्यति त्यसले विद्रोहको रूप लिन्छ भन्ने कुरालाई भाइ पात्रको अठोट र साहसबाट देखाउन खोजिएको छ ।

६) यस कथासङ्ग्रहमा गरिबहरू पनि आफूहरूमाथि हुने गरेको अन्याय अत्याचारले सीमा नाघेपछि त्यसको विरोधमा लाग्दछन् भन्ने कुरालाई काइँला बा, बेनीपुरवाली, विशेशर र ऊ जस्ता चरित्रका माध्यमबाट प्रस्तुत गएिरको छ ।

उल्लिखित बुँदाहरूका आधारमा **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा प्रगतिवादतर्फ उन्मुख प्रवृत्ति रहेको पुष्टि हुन्छ ।

## ४.५ सांस्कृतिक चेतना

हाम्रो समाजमा परम्परादेखि चल्दै आएको धर्म र संस्कृतिलाई मुख्य विषय बनाइ लेखिएका कथालाई सांस्कृतिक मूल्य मान्यताका कथा भन्ने गरिन्छ । कथाकार इस्मालीले यी विषयलाई आफ्ना कथाको विषयवस्तुका रूपमा लिएका छन् । **घाम घामजस्तो छैन**

कथासङ्ग्रहमा 'घिडघिडो', 'बेनीपुरवाली', 'सङ्क्रमण' र 'कर्तव्य' जस्ता कथामा सांस्कृतिक चेतना पाइन्छ । धर्मका नाममा परम्परागत रुढिग्रस्त शङ्ख फुक्ने, घण्ट बजाउने परम्परालाई मात्र मुख्य प्रधानता दिई आधुनिकतासँगै भित्रिएको नवीन मान्यतालाई नस्वीकार्ने परम्परा पुरानो पुस्तामा देखिन्छ । परम्परागत मान्यताले आधुनिकतालाई नस्वीकारेर पुरानोलाई नै निरन्तरता दिने क्रमविरुद्ध नवीन पुस्ता उत्रेको छ । परिवर्तनशील समय अनुसार आफ्नो विचारलाई लैजानु पर्ने कुराको प्रतिबिम्बन 'घिडघिडो' कथाले गरेको छ । समाजमा जरा गाडेर बसेको धामीझाँक्री बोक्सी जस्ता कुपरम्पराले तल्लो वर्गका महिलाहरू पीडित बन्न पुगेका छन् । हिन्दु परम्परामा रहेको आमाको मुख हेर्ने दिनलाई पनि यस कथासङ्ग्रहमा समावेश गरी सांस्कृतिक परम्परालाई उजागर गर्ने काम गरिएको छ । तराईको समाजमा चलिरहेको दाइजो प्रथाको कारण निम्न वर्गीय समाजमा पारेको नकारात्मक प्रभावबाट ज्योतिया जस्ता नारीहरू जल्नु परेको यथार्थ प्रस्तुत गरिएको छ । यसरी परम्पराका नाममा हुने घटनाबाट निम्न वर्गीय समाज नै पीडित बन्न पुगेको छ ।

१) प्रस्तुत कथासङ्ग्रहमा धर्मका नाममा बाबु र छोराका बिचमा हुने गरेको पुस्तागत द्वन्द्वलाई प्रस्तुत गरिएको छ ।

२) समाजमा रहेको बोक्सी जस्तो कुपरम्पराका कारण नारीहरू पीडित बन्न पुगेको यथार्थ चित्रण गरिएको छ ।

३) यस कथासङ्ग्रहमा परम्परादेखि चल्दै आएको आमाको मुख हेर्ने, छोराहरू आमाको मुख हेर्न नआउनाले आमामा पर्न गएको निराशालाई चित्रण गरिएको छ ।

४) यस कथासङ्ग्रहमा चलिआएको दाइजो जस्तो कुप्रथाले निम्न वर्गीय परिवारलाई र नारीहरूलाई सिकार बनाएको यथार्थलाई चित्रण गरिएको छ

उल्लिखित बुँदाहरूका आधारमा **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा सांस्कृतिक चेतना रहेको पुष्टि  हुन्छ ।

### ४.६ नारीमुक्तिकामी प्रवृत्ति

समग्र सामाजिक मुक्तिसँगै मात्र नारीमुक्ति पनि सम्भव हुने दृष्टिकोण राख्ने इस्मालीका कथामा सामाजिक रूपान्तरणको एउटा घटकका रूपमा नारीलाई प्रस्तुत गरिएको छ । समाजमा रहेको शोषणमूलक प्रवृत्तिको उत्खनन गर्ने क्रममा नारी पनि शोषित पक्षमा पर्ने भएकाले इस्मालीका कथाले नारी विषयलाई पनि महत्त्वका साथ ग्रहण गरेको

देखिन्छ । **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा इस्मालीले नारी चरित्रलाई प्रधानता दिएका छन् । नारीहरू पितृसत्तात्मक पुरुष हैकमवादी सोचबाट शोषित पीडित बनेका छन् । त्यस किसिमको शोषणबाट उन्मुक्ति पाउनका लागि बेनीपुरवाली, गङ्गा र सरस्वती जस्ता चरित्रलाई उपस्थित गराइएको छ । सुरुमा श्रीमतीमाथि हैकम चलाएको बेनीपुरवालीको श्रीमान्लाई बेनीपुरवालीले माफ मगाएको घटना चित्रण गरिएको छ । सङ्गठन, शक्ति र सत्ताका पहुँचमा बसी नारीहरूमाथि शारीरिक र मानसिक शोषण गर्ने गरेका समाजका पुरुषहरू विरुद्ध आफ्नो हक, अधिकार र अस्तित्वका लागि गङ्गाले सङ्घर्ष गरेकी छ । पुरुषको हैकमवादी सोचबाट पीडित बनेकी सरस्वती पनि गङ्गाको अभियानमा लागेकी छ । आफू जस्तै पुरुषबाट पीडित बनेका नारीहरूलाई लिएर सङ्घर्षमा उत्रेकी छ । पुरुषहरूले नारीहरूलाई आफ्नो बासना पूर्तिको माध्यम मात्र ठान्ने जुन सामाजिक परम्परा छ, त्यसका विरुद्ध लागि नारीहरू पनि समाज र देशका दरिला खम्बा बन्न सक्छन् भन्ने कुरा प्रस्तुत गर्न एकजुट हुनुपर्ने सन्देश आएको छ ।

१) प्रस्तुत कथासङ्ग्रहमा समाजमा पुरुषहरूले नारीमाथि विभिन्न किसिमका शारीरिक र मानसिक शोषण गर्ने गरेको कुरा प्रस्तुत गरिएको छ ।

२) यस कथासङ्ग्रहमा पुरुषहरूले नारीहरूलाई बोक्सीको आरोपमा र खान नपाएको आरोपमा निर्ममतापूर्वक यातना दिने र गाँस बास उठाएर गाउँ निकाला गर्ने गरेको घटना प्रस्तुत गरिएको छ ।

३) नारीहरूले पुरुषहरूको अन्याय, अत्याचार विरुद्ध सङ्घर्ष गरी पुरुषहरूलाई माफी मगाएको घटना प्रस्तुत गरिएको छ ।

४) यस कथासङ्ग्रहमा पुरुषहरूको हैकमवादी सोचका विरुद्ध गङ्गा जस्ता नारीहरूले विवाह नै नगरी नारीहरूको हक, अधिकारका निम्ति लडिरहेको घटना प्रस्तुत गरिएको छ ।

५) यस कथासङ्ग्रहमा पुरुषको शोषणमा परिसकेपछि त्यसका विरुद्ध नारीहरूलाई एकजुट बनाई सङ्घर्षमा उत्रेको र त्यसमा सफलता प्राप्त गरेको घटनालाई सरस्वतीका माध्यमबाट प्रस्तुत गरिएको छ ।

उल्लिखित बुँदाहरूका आधारमा **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा नारीमुक्तिकामी प्रवृत्ति रहेको पुष्टि हुन्छ ।

### ४.७ आञ्चलिक प्रवृत्ति

कथामा स्थान वा अञ्चल विशेषको भाषिक, रीतिथिति, पहिरन, सोच्ने र अनुभव गर्ने तरिकाको विस्तृत प्रस्तुतिलाई स्थानीय रङ्ग भनिन्छ । कथामा स्थानीय रङ्ग अलङ्कारका रूपमा रहन्छ । जब यो कथाको अनिवार्य विशिष्ट आन्तरिक तत्त्व हुन्छ, तब यसलाई आञ्चलिकता भनिन्छ । औधोगिकीकरणका विरोधमा चलाएको माटोतर्फ फर्क अभियानसँग सम्बद्ध भएकाले आञ्चलिक कथामा प्रायः ग्राम्याञ्चलको वर्णन हुन्छ । **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा आञ्चलिक प्रयोग पनि रहेको छ । यसमा तराईको मैथिली समाज आएको छ । त्यस समाजमा रहेको दाइजो प्रथालाई समाज, संस्कृति र स्थानीय समस्याको प्रयोग गरी प्रस्तुत गरिएको छ । तराईमा विद्यमान दाइजो प्रथालाई मूल विषय बनाई त्यहाँ प्रचलित संस्कारगत समस्यालाई सङ्क्रमण कथामा मुख्य स्थान दिइएको छ । तराईको निम्न वर्गीय परिवारले छोरीको विवाह गरिदिन नसकेको यथार्थ चित्रण गरिएको छ । दाइजो कम भएको कारण ज्योतिया जस्ता नारी जिउँदै जल्नु परेको घटना प्रस्तुत गरिएको छ । त्यस्तै तराईको समाजमा विद्यमान धामीझाँक्री, बोक्सी परम्परालाई चित्रण गरिएको छ । बोक्सीको कारण घरबार विहीन भएर शरणार्थी बन्नु परेको यथार्थ चित्रण गरिएको छ । यस कथासङ्ग्रहमा चरित्र प्रयोगम पनि आञ्चलिक प्रवृत्ति देख्न सकिन्छ । रामसेवक, फुलेसरी, चुल्लाइ राय, विशेशर जस्ता तराई क्षेत्रमा प्रचलित चरित्र देख्न सकिन्छ । यी चरित्रहरूले पनि स्थानीय स्तरमै बोलिने भाषा प्रयोग गरेका छन् । जस्तै : "भाग्यशाली है बेटी, बडे घरकी शोभा बढाएकी" (पृ. ५५) । दहेज, तिलक, बात, नकौरो जस्ता शब्दको प्रयोगले पनि स्थानीय रङ्गलाई प्रस्तुत गरेका छन् ।

१) प्रस्तुत कथासङ्ग्रहमा मध्य तराई क्षेत्रको परिवेशको चित्रण गरिएको छ ।

२) यस कथासङ्ग्रहमा तराई क्षेत्रमा विद्यमान दाइजो जस्तो कुप्रथाको चित्रण गरिएको छ ।

३) यस कथासङ्ग्रहमा निम्न वर्गीय परिवारमा छोरी जन्मदा दुःखी हुनुपर्ने अवस्थाको चित्रण गरिएको छ ।

४) यस कथासङ्ग्रहमा विशेष गरी स्थानीय क्षेत्रमा प्रचलित चरित्र र तिनीहरूले बोल्ने भाषालाई जस्ताको जस्तै चित्रण गरिएको छ ।

५) यस कथासङ्ग्रहमा तराई क्षेत्रमा विद्यमान रहेको बोक्सी प्रथालाई चित्रण गरिएको छ ।

उल्लिखित बुँदाहरूका आधारमा **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा आञ्चलिक प्रवृत्ति रहेको पुष्टि हुन्छ ।

## ४.८ निष्कर्ष

प्रस्तुत अध्यायमा **घाम घामजस्तो छैन** कथासङ्ग्रहको चिन्तनगत प्रवृत्तिका आधारमा अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत कथासङ्ग्रहमा समाजमा घटेका घटनाहरूलाई जस्ताको तस्तै चित्रण गर्ने काम भएको छ । तराईमा विद्यमान दाइजो प्रथालाई मुख्य विषय बनाइ त्यसले निम्त्याएको समस्या, त्यहाँको संस्कृति, भूगोल र समाजको चित्रण गरिएको छ । प्रस्तुत कथासङ्ग्रहमा उच्च वर्गले निम्न वर्गमाथि विभिन्न किसिमका थिचोमिचो गरेका छन् । उच्च वर्गको शोषणले सीमा नाघेपछि निम्न वर्ग एकजुट भई सङ्घर्ष गर्ने काम गरेका छन् तर आफ्नो हक अधिकार स्थापित गरी उच्च वर्गलाई पराजित गर्ने काम गरेका छैनन् र आफ्नो सत्ता पनि कायम गरेका छैनन् ।

प्रस्तुत कथासङ्ग्रहमा सामाजिक यथार्थवादी, आलोचनात्मक यथार्थवादी, प्रगतिवादतर्फ उन्मुख, नारीमुक्तिकामी, सांस्कृतिक चेतना र आञ्चलिक प्रवृत्ति रहेका छन् । यिनै चिन्तनगत प्रवृत्तिका आधारमा प्रस्तुत कथासङ्ग्रहको अध्ययन विश्लेषण गरिएको छ ।

# अध्याय पाँच

# आधुनिक नेपाली कथाको विकासमा इस्मालीको स्थान निरुपण

## ५.१ विषय परिचय

प्रस्तुत अध्यायमा आधुनिक नेपाली कथाको विकासमा कथाकार इस्मालीको स्थान निर्धारण गरिएको छ ।

## ५.२ आधुनिक नेपाली कथाको विकासमा इस्माली

आधुनिक नेपाली कथाको सुरुवातमा **शारदा** पत्रिकाको योगदान महत्त्वपूर्ण रहेको छ । १९९२ सालमा **शारदा** पत्रिकामा प्रकाशित गुरुप्रसाद मैनालीको 'नासो' लगायत मैनालीका अन्य कथाहरू 'नासो' नामक कथासङ्ग्रहमा सङ्गृहीत गरिएको छ । उक्त कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूमा सामाजिक विषयलाई समावेश गरिएको छ । गुरुप्रसाद मैनालीले प्रारम्भ गरेको सामाजिक यथार्थवादी धारामा कलम चलाउनेहरूमा पुष्कर शमशेर, रूपनारायण सिंह, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, हृदयचन्द्र सिंह प्रधान, शिवकुमार राई, परशु प्रधान, पूर्णप्रसाद ब्राह्मण, देवकुमारी थापा, भीमनिधि तिवारी, दौलतविक्रम विष्ट, गीता केशरी, माया ठकुरी, भागीरथी श्रेष्ठ, किशोर नेपाल, जगदीश घिमिरे, राजेन्द्र पराजुली आदि उल्लेख देखिन्छन् ।

आधुनिक कथाको प्रारम्भ भएको छ महिना पछि अर्थात् १९९२ को **शारदा** पत्रिकाको मङसिर-पुस अङ्कमा प्रकाशित विश्वेश्वरप्रसाद कोइरालाको 'चन्द्रवदन' ले पाश्चात्य साहित्य जगत्मा देखा परेको मनोविश्लेषणात्मक धाराको प्रारम्भ गऱ्यो । कोइरालाका **दोषी चस्मा** (२००६) र **श्वैतभैरवी** (२०३९) कथासङ्ग्रह प्रकाशित भएका छन् । सिग्मण्ड फ्रायड, अल्फ्रेड एड्लर तथा कार्ल गुस्ताभ युङ् जस्ता मनोविश्लेषकहरूका सिद्धान्तहरूलाई कलात्मक ढङ्गले कथामा प्रयोग गर्ने अन्य कथाकारहरूमा गोविन्द बहादुर मल्ल 'गोठाले', विजय मल्ल, भवानी भिक्षु, पोषण पाण्डे, तारिणीप्रसाद कोइराला, कुमार ज्ञवाली, देवकुमारी थापा, प्रेमा शाह, भाउपन्थी, सीता पाण्डे उल्लेख्य रहेका छन् (बराल, २०६९ : १८-१९) ।

नेपाली साहित्यमा महत्त्वपूर्ण भूमिका बहन गर्ने अर्को धारा आलोचनात्मक यथार्थवाद र प्रगतिवाद हो । नेपालको इतिहासमा २००७ सालको राजनैतिक परिवर्तनले

ऐतिहासिक महत्त्व राख्दछ । त्यस परिवर्तन पूर्वको राजनैतिक परिवेश र परिवर्तन पछिको परिवेशले साहित्य लेखनमा प्रशस्त प्रभाव पारेको छ । २००७ सालको परिवर्तन भन्दा पहिलेका राणा विरोधी दलहरू नेपाल प्रजा परिषद् (१९९३), राष्ट्रिय काङ्ग्रेस (२००३) र नेपाल कम्युनिस्ट पार्टी (२००६) जस्ता दलहरूको क्रियाकलापले त्यस समयका साहित्यकारहरू पनि निरपेक्ष रूपमा रहन सकेनन् । कुनै न कुनै रूपमा साहित्यकारहरू राणा विरोधी रचना कार्यमा संलग्न थिए । त्यस कार्यले राणाहरूको विरुद्धमा चेतना निर्माण गर्ने काम गऱ्यो । १९९७ सालको सहिद पर्व, सोभियत सङ्घको स्थापना, भारतको स्वतन्त्रता, चीनमा सम्पन्न जनवादी क्रान्ति जस्ता राष्ट्रिय अन्तराष्ट्रिय महत्त्वपूर्ण राजनैतिक परिघटनाले थप त्यस बखतका स्रष्टाहरूमा राणा विरोधी सांस्कृतिक चेतनाको निर्माण गर्न मद्दत पुऱ्याएको देखिन्छ । कम्युनिस्ट क्रान्तिकारीहरूको सफलता र अन्तराष्ट्रिय प्रभावले छिमेकी मुलुक भारत अछुतो थिएन । विशेषतः छिमेकी मुलुक भारतबाट मार्क्सवादी साहित्यिक कृति नेपालमा २००७ सालपूर्व नै गोप्य रूपमा भित्रिएको पाइन्छ । त्यस्ता कृतिहरूले निश्चित व्यक्ति र समूहसम्म कम्युनिस्ट दर्शन बिचारधारा र सौन्दर्यको पहुँच सम्भव भयो । २००६ सालमा कम्युनिस्ट पार्टीको स्थापना भएपछि भने त्यसमा व्यापकता आयो ।

प्रगतिवादी साहित्य भन्नु अन्याय अत्याचार विरोधी सिर्जना हो । यो साहित्य बहुसङ्ख्यक श्रमजीवी वर्गको पक्षमा उभिएको हुन्छ । उल्लिखित सन्दर्भले प्रगतिवादी साहित्यको यस प्रकारको प्रमुख र सचेत अभिव्यक्तिका लागि सशक्त योगदान दिएको थियो । यसै पृष्ठभूमिमा प्रगतिवादी कथा लेखन आरम्भ भएको देखिन्छ । राणा विरोधी आन्दोलन चर्कीरहेका बेलामा श्यामप्रसाद शर्मा जस्ता व्यक्तिको प्रेरणा रमेश विकल लगायतका व्यक्तिहरूले हस्तलिखित **सन्देश** पत्रिका मार्फत् राणा विरोधी साहित्यिक अभियान सुरु गरेका थिए ।

गुरुप्रसाद मैनाली लगायतका कथाकारहरू २००७ सालपूर्व नै सफल कथाकारका रूपमा स्थापित भइसकेकाले रमेश विकलले ती कथाकारहरूबाट कथा लेखनका लागि प्रेरणा ग्रहण गरे भने श्यामप्रसाद शर्माबाट प्रगतिवादी कथालेखनका लागि वैचारिक स्पष्टता प्राप्त गरे । अर्कोतिर राणा विरोधी राजनैतिक साहित्यिक क्रियाकलापमा पनि विकलको प्रत्यक्ष संलग्नता रहेकाले उनका रचनाहरूमा प्रगतिवादी स्वर देखिन थाल्यो । यसै पृष्ठभूमिमा

उनले 'गरिब' (**शारदा,** १२ः १५ : २००६) कथाको रचना गर्न पुगे (शर्मा, २०३९/०४० : १९-२१) । जुन नेपाली साहित्यको प्रगतिवादतर्फ फड्को मार्ने कोसेढुङ्गा साबित् भएको छ ।

२००७ सालको ऐतिहासिक परिवर्तनले गर्दा अभिव्यक्ति स्वतन्त्रतामा पनि त्यसको सकारात्मक असर पर्‍यो । सात सालपछि प्रगतिशील साहित्यिक सङ्गठन निर्माण र प्रगतिशील पत्रपत्रिकाको प्रकाशनको थालनी भयो । सात सालको ऐतिहासिक परिवर्तनको वरिपरि २००७ भाद्र ९ गते नख्खु कारागार मै जनसाहित्य मण्डलको गठन गरेर जनसाहित्य मुखपात्र प्रकाशनमा ल्याउने निर्णय भए पनि त्यो प्रकाशनमा आउन सकेन (अधिकारी, २०५६ : ८६) । त्यसपछि २००९ सालमा विरगञ्जमा प्रगतिशील लेखक सङ्घको र २०१६ सालमा प्रगतिशील नेपाल लेखक सङ्घ जस्ता संस्थाहरूको स्थापना भयो ।

प्रगतिवादी कथा लेखनको आरम्भ वर्ष २००६ देखि २०१७ सालका बिचमा थुप्रै प्रगतिवादी कथाकारहरूले कथा रचना गरे । त्यस बिचमा धेरै प्रगतिवादी कथा सङ्ग्रहहरू प्रकाशनमा आएका देखिन्छन् । त्यस समयका प्रगतिवादी कथाकारहरूमा डी.पी. अधिकारी, गोविन्दप्रसाद लोहनी, भवानी घिमिरे, यज्ञप्रसाद आचार्य, देवमणि ढकाल, श्यामप्रसाद अधिकारी, तारानाथ शर्मा, कृष्णप्रसाद सर्वहारा आदि रहेका छन् । यी कथाकारहरूका 'कामरेड जाने होइन ?' (२००९), 'आत्मज्वाला' (२००९), 'गाउँको सन्देश' (२०१०), 'नभाग' (२०११), 'पहिलो यात्रा' (२०१२), 'को अटेरी' (२०१२), 'बल्दो दियो' (२०१३) (श्रेष्ठ र शर्मा, २०६४ : ८४) कथासङ्ग्रहको प्रकाशनले प्रगतिवादी कथा साहित्यलाई महत्त्वपूर्ण योगदान दिएको छ । २०१७ सालमा राजा महेन्द्रले बहुदलीय प्रजातन्त्रमाथि गरेको आक्रमणले प्रगतिवादी कथालेखनमा पनि क्षति पुर्‍याएको देखिन्छ । सत्र साल पूर्वका प्रगतिवादी कथाकारहरू पलायनमुखी बाटोतर्फ लागेको देखिन्छ ।

वि.सं. २०२३ सम्ममा प्रगतिवादी कथालेखनको क्षेत्रमा उदाइसकेका खगेन्द्र सङ्ग्रौला, हरिहर खनालले प्रगतिवादी कथा लेखनलाई थप उचाइ प्रदान गरेको देखिन्छ । प्रगतिवादी कथा लेखनको यही पृष्ठभूमिमा कथाकार इस्मालीको जन्म भएको हो । इस्मालीले कथालेखन सुरु गर्दा प्रगतिवादी कथाले नेपाली साहित्यमा गुणात्मक र परिमाणात्मक हस्तक्षेप गरिसकेको थियो । इस्मालीले २०३१/०३२ बाट कथा लेखन आरम्भ गरे तापनि उनका सुरुका कथाहरूमा स्पष्ट रूपमा प्रगतिवादी चेतनाको अभिव्यक्ति नपाइए पनि यथार्थवोध र वर्ग चेतको सूक्ष्म उपस्थिति भने पाइन्छ । इस्मालीको 'कुहिरो भित्रको घाम'

कथामा भने समाजवादी यथार्थवादी चिन्तन एवम् रचना विधिको प्रयोग भएको छ । यही कथा प्रकाशनमा आएपछि इस्मालीको प्रगतिवादी कथा लेखन आरम्भ भएको हो । जुन निष्ठाप्रति इस्माली अहिले पनि प्रतिवद्ध छन् (खनाल, २०७० : ११८) ।

इस्माली २०३२ सालपछि लगातार कथा विधामा सक्रिय छन् । यस बिचमा उनका **माछो माछो भ्यागुतो** (२०५२), **घाम घामजस्तो छैन** (२०५८), **काट् जर्किन डी** (२०६४) र **इस्मालीका प्रतिनिधि कथाहरू** (२०६७) जस्ता चारवटा कथासङ्ग्रह प्रकाशनमा आएका छन् । यसका अतिरिक्त इस्मालीका दर्जनौँ कथाहरू फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । **माछो माछो भ्यागुतो, काट् जर्किन डी** र **इस्मालीका प्रतिनिधि कथाहरू** जस्ता कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा प्रगतिवादी चेतना रहेको छ । यस आधारमा उनलाई प्रगतिवादी कथाकार भनिए तापनि उनको **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा सङ्कलित कथाहरूको अध्ययन गर्दा प्रगतिवादी चेतना र मार्क्सवादी दृष्टिकोण पूर्ण रूपमा पालना भएको देखिदैंन । उनका 'घाम घामजस्तो छैन', 'बापती', 'कटमिरो सहिदको पीडा' जस्ता कथामा वर्गीय द्वन्द्वको चित्रण गरिएको छ । यी कथामा बहुसङ्ख्यक श्रमजीवी वर्गले सीमित उच्च वर्गको विरोध गरेका छन् । उनीहरूले उच्च वर्गको शोषण दमनको विरोध गरे तापनि सङ्गठित रूपमा एकजुट भई उच्च वर्गमाथि विजय प्राप्त गर्न सकेका छैनन् । 'आड', 'बेनीपुरवाली', 'कर्तव्य', 'घिडघिडो', 'सङ्क्रमण' र 'दयारामकी दुलही' कथामा पारिवारिक सामाजिक विषयवस्तुको प्रयोग गरिएको छ । यी कथामा समाजमा दैनिक रूपमा घट्ने घटनाहरूलाई जस्ताको तस्तै चित्रण गरिएको छ । 'बुद्धिप्रसादको काँचुली', 'आजकी शकुन्तला', 'हजुरको मान्छे' र 'आज शनिवार' जस्ता कथामा प्रजातन्त्रको पुनःस्थापनापछि प्रजातान्त्रिक शासन व्यवस्थामा देखा परेको विकृति विसङ्गतिलाई सफल रूपमा चित्रण गरिएको छ । 'घिडघिडो' कथामा पुस्तागत द्वन्द्वको चित्रण गरी सांस्कृतिक पक्षलाई समेत उजागर गरिएको छ । 'नयाँ वर्षको नासो' कथामा कर्मचारीतन्त्रमा देखा परेको चाकरी, चाप्लुसी र घुसखोरीको चित्रण गरी यस्तो परम्पराको अन्त्य आफैँबाट सुरु गर्नुपर्छ भन्ने सन्देश दिएका छन् । यी कथाहरूका आधारमा **घाम घामजस्तो छैन** कथासङ्ग्रह प्रगतिवादी कथासङ्ग्रह नभई प्रगतिवादतर्फ उन्मुख कथासङ्ग्रह हो । यस कथासङ्ग्रहका आधारमा इस्मालीलाई प्रगतिवादी कथाकार नभई प्रगतिवादीतर्फ उन्मुख कथाकार हुन् भन्न सकिन्छ ।

इस्मालीका समकालीन कथाकारहरूको चर्चा गर्दा राजव, नारायण ढकाल, ऋषिराज बराल, भक्त बहादुर नेपाली, घनश्याम ढकाल, सञ्जय थापा, पुण्यप्रसाद खरेल जस्ता कथाकारहरूको नाम लिनुपर्ने देखिन्छ । यसका अतिरिक्त पछिल्लो समयमा प्रगतिवादी कथाका क्षेत्रमा कलम चलाउनेमा सुधा त्रिपाठी, पुण्य कार्की, नवीन विभास, देवीका तिमिल्सेना, कपिल लामिछाने, विवश बस्ती आदि रहेका छन् ।

## ५.३ निष्कर्ष

इस्मालीको कथा लेखन २०३१ सालमा प्रकाशित कथा 'ऋणको थिचो' बाट आरम्भ भई वर्तमानसम्म अबिरल रूपमा रहिरहेको छ । प्रारम्भिक कथाहरूमा वर्गीय चेत स्पष्ट रूपमा नेदखिए पनि 'कुहिरो भित्रको घाम' कथाबाट स्पष्ट रूपमा वर्गीय चेतको प्रयोग गरी इस्मालीले आफूलाई वैचारिकता र कला दुवै सन्दर्भबाट गम्भीर जिम्मेवारीका साथ प्रस्तुत गर्दै आएका छन् । आधुनिक नेपाली साहित्यको विकासमा उनको स्थान पत्ता लगाउन पूर्ववर्ती तथा समकालीन कथाकारका सापेक्षतामा उनले प्रयोग गरेको वैचारिक चिन्तनलाई आधार मान्दा उनले सामाजिक यथार्थवादी, आलोचनात्मक यथार्थवादी र प्रगतिवादी क्षेत्रमा कलम चलाए तापनि **घाम घामजस्तो छैन** कथासङ्ग्रहका आधारमा इस्माली प्रगतिवादतर्फ उन्मुख कथाकार हुन् भनी उनको स्थान किटान गरिएको छ ।

# अध्याय छ

# अध्यायगत सारांश र मुख्य निष्कर्ष

## ६.१ अध्यायगत सारांश

कथाकार इस्मालीको दोस्रो कथासङ्ग्रह **घाम घामजस्तो छैन** (२०५८) हो । प्रस्तुत सङ्ग्रहमा २०३७ सालदेखि २०५३ सालसम्मका विभिन्न पत्रपत्रिकामा प्रकाशित पन्ध्रवटा कथाहरूको संयोजन गरिएको छ । यसै कृतिमा रहेर प्रस्तुत शोधकार्य गरिएको छ ।

प्रस्तुत शोधको पहिलो अध्यायमा शोधको परिचय रहेको छ । यसमा शोधको विषय परिचय दिइएको छ । यसको विषयमा रहेर शोधकार्यको समस्या पहिचान गरिएको छ । तिनै शोधसमस्याको समाधान नै शोधको उद्देश्य रहेको किटान गरिएको छ । यसरी शोधकार्य गर्दा यस भन्दा अगाडि प्रस्तुत विषय र कथाकार इस्लामीका बारेमा गरेका अध्ययनलाई कालक्रमिक रूपमा प्रस्तुत गर्दै **घाम घामजस्तो छैन** कथासङ्ग्रहको व्यवस्थित रूपमा अध्ययन र विश्लेषण हुन बाँकी रहेको तथ्य पत्ता लगाइएको छ । त्यसैले प्रस्तुत विषयमा अध्ययन गर्नु शोधको औचित्य र महत्त्व स्पष्ट भएको छ । कथाकार इस्लामीका **माछो माछो भ्यागुतो, घाम घामजस्तो छैन, काट् जर्किन डी** र **इस्मालीका प्रतिनिधि कथाहरू** गरी चारवटा कथासङ्ग्रह प्रकाशित भए  पनि **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा सीमित रही अध्ययन गर्नु शोधको सीमा रहेको कुरा स्पष्ट पारिएको छ । प्रस्तुत शोधकार्य पुस्तकालयीय अध्ययन विधि अवलम्बन गरी **घाम घामजस्तो छैन** कथासङ्ग्रहलाई मुख्य आधार मानिएको छ । यसैसँग सम्बन्धित अन्य लेख रचनालाई समेत प्रयोग गरी विवेचना गर्ने क्रममा वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ । यसरी निर्माण गरिने शोधकार्यको रूपरेखा समेत पहिलो अध्याय मै निर्धारण गरिएको छ ।

प्रस्तुत शोधकार्यको दोस्रो अध्यायमा इस्मालीको जीवनी र व्यक्तित्वको निरुपण गर्ने काम भएको छ । यसमा इस्मालीको जन्म, जन्मस्थान, बाल्यकाल, प्रारम्भिक शिक्षा-दीक्षा, विवाह तथा पारिवारिक जीवन, बसोबास तथा आर्थिक अवस्था, कार्यक्षेत्र र संलग्नता, पुरस्कार र सम्मानको अध्ययन गर्नुको साथै इस्मालीको व्यक्तित्वमा साहित्यकार र साहित्येतर व्यक्तित्वको निरुपण गरिएको छ । इस्मालीको साहित्यकार व्यक्तित्वमा कवि, निबन्धकार, कथाकार, उपन्यासकार, बालसाहित्यकार र अनुवादक व्यक्तित्व रहेका छन् । साहित्येतर व्यक्तित्वमा लेखक, शिक्षक, प्रशासनिक र विभिन्न सङ्घ सङ्घठनमा आबद्ध व्यक्तित्व भएको कुरा स्पष्ट पारिएको छ ।

प्रस्तुत शोधकार्यको तेस्रो अध्यायमा **घाम घामजस्तो छैन** कथासङ्ग्रहको विधातत्त्वका आधारमा विश्लेषण गर्ने क्रममा कथाका तत्वहरूको पनि संक्षिप्त रुपमा परिचय दिइएको छ । भिन्न भिन्न विषयमा लेखिएका कथाको कथानक प्रस्तुत गर्दै कथामा आएका चरित्रको चरित्रचित्रण समेत गरिएको छ । ती कथाहरू प्रथम र तृतीय  पुरुष दृष्टिबिन्दुमा रचना गरिएको छ । ग्रामीण र सहरीया दुवै परिवेशलाई चित्रण गरिएका कथाहरूको उद्देश्यलाई सारवस्तुका रूपमा प्रस्तुत गरिएको छ । उच्च वर्गले निम्न वर्गमाथि शोषण, दमन, अन्याय, अत्याचार गर्छन् । त्यस किसिमको अन्यायले सीमा नाघेपछि निम्न वर्गले उच्च वर्गको विरोध गर्छन् भन्ने मूल सन्देश सारवस्तुका रूपमा आएको छ । भाषाशैली सरल सहज हुनुका साथै प्रतीकात्मक र व्यङ्ग्यात्मक भाषिक शिल्प समेत प्रयोग गरी उखान-टुक्काको प्रयोग भएको कुरा समेत प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यको चौथो अध्यायमा **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा प्रयोग भएको विचार पक्ष अर्थात् चिन्तनलाई प्रस्तुत गरिएको छ । प्रस्तुत कथासङ्ग्रहलाई सामाजिक यथार्थवादी प्रवृत्ति, आलोचनात्मक यथार्थवादी प्रवृत्ति, प्रगतिवादतर्फ उन्मुख प्रवृत्ति, संस्कृतिक चेतना, नारीमुक्तिकामी प्रवृत्ति र आञ्चलिक प्रवृत्तिका आधारमा विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधकार्यको पाँचौँ अध्यायमा कथाकार इस्मालीको आधुनिक नेपाली कथाको विकासमा स्थान निर्धारण गर्ने काम गरिएको छ । समग्र रूपमा उनी प्रगतिवादी कथाकार भए तापनि **घाम घामजस्तो छैन** कथासङ्ग्रहमा प्रयोग भएको विचार पक्षका आधारमा इस्मालीलाई प्रगतिवादतर्फ उन्मुख कथाकार भनी निरुपण गरिएको छ ।

## ६.२ मुख्य निष्कर्ष

महेश्वरप्रसाद पौडेल (२०१२) नेपाली साहित्यका क्षेत्रमा इस्माली नामले परिचित छन् । २०३१ सालमा 'ऋणको थिचो' कथा लिएर देखा परेका इस्मालीका चारवटा कथासङ्ग्रह प्रकाशित भएका छन् । उनको दोस्रो कथासङ्ग्रह **घाम घामजस्तो छैन** समकालीन युगको प्रगतिवादतर्फ उन्मुख चिन्तनमा रहेर लेखिएको कृति हो । पञ्चायती शासन व्यवस्थाको उत्तरार्द्ध र बहुदलीय शासन व्यवस्थाको पूर्वार्द्ध चरण अर्थात् २०३७ सालदेखि २०५३ सालसम्मका पूर्वप्रकाशित कथाहरू यस कथासङ्ग्रहमा समेटिएको छ ।

कथाकार इस्मालीले आफ्नो जीवनमा घटेका घटनाहरूलाई यस कथासङ्ग्रहमा प्रस्तुत गर्न खोजेका छन् । उनले ग्रामीण र सहरीया परिवेश त्यसमा पनि विशेष गरी तराईको निम्न मध्यम वर्गीय ग्रामीण समाजलाई आफ्नो रुचि क्षेत्र बनाएका छन् । यसरी हेर्दा इस्माली सहरीया वातावरण भन्दा ग्रामीण वातावरणमा रमाउन चाहने कथाकार हुन् भन्ने स्पष्ट देखिन्छ । प्रस्तुत कथासङ्ग्रहमा पुँजीपति वर्ग र श्रमजीवी वर्ग रहेका छन् । पुँजीपति वर्गले श्रमजीवी वर्गमाथि शोषण, दमन, अन्याय, अत्याचार गरेका छन् । त्यस किसिमको दमनबाट पीडित बनेको श्रमजीवी वर्ग आफ्नो हक अधिकारका लागि एकजुट भई अगाडि बढेका छन् तर श्रमजीवी वर्गको एकताबाट भएको सङ्घर्षले पुँजीपति वर्गलाई पराजित गर्न सकेका छैनन् । त्यसैले **घाम घामजस्तो छैन** कथासङ्ग्रह मूल रूपमा प्रगतिवादतर्फ उन्मुख रहेको छ । यसै आधारमा इस्माली समकालीन युगका प्रगतिवादतर्फ उन्मुख कथाकार हुन् ।

१) प्रस्तुत सङ्ग्रहभित्र सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक र पारिवारिक पृष्ठभूमिलाई मुख्य विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

२) प्रस्तुत सङ्ग्रहभित्रका कथाहरूमा राज्यलाई वर्गशोषण र उत्पीडनको साधनको रूपमा प्रस्तुत गरिएको छ ।

३) अन्ध रुढिका कारण समाजमा गरिब तथा निर्धन जनता र महिलाहरू अमानवीय यातना, अपमान र शोषण उत्पीडनमा पर्ने गरेको कुरालाई प्रस्तुत गरिएको छ ।

४) प्रस्तुत कथासङ्ग्रहमा प्रगतिवादतर्फ उन्मुख विचार धारालाई आत्मसात् गरेर वर्गीय विभेद र त्यसले निम्त्याएको समस्यालाई प्रस्तुत गरिएको छ ।

५) प्रस्तुत कथासङ्ग्रहमा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी कथा कथन गर्दा कथाकार इस्माली प्रथम पुरुष दृष्टिबिन्दुमा भन्दा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोजनमा बढी सफल देखिएका छन् ।

उल्लिखित बुँदाहरूका साथै प्रस्तुत कथासङ्ग्रहमा सरल, सहज र मनोरमपूर्ण भाषाको प्रयोग, व्यङ्ग्यात्मक, प्रतीकात्मक, वर्णनात्मक, पत्रात्मक र निजात्मक शैलीको सफल रूपमा प्रयोग गरिएको छ । यहाँ उखान टुक्कालाई समेत सफल रूपमा प्रयोग गरिएकोले **घाम घामजस्तो छैन** कथासङ्ग्रह उत्कृष्ट बनेको छ । यही नै यसको प्राप्ति वा उपलब्धि हो ।

# सन्दर्भसामग्री सूची


अधिकारी, रविलाल (२०५६), **प्रगतिवादी नेपाली समालोचना,** पोखरा : लेकाली प्रकाशन ।

इस्माली, (२०५२), **माछो माछो भ्यागुतो**, ललितपुर : साझा प्रकाशन ।

.........., (२०५८), **घाम घामजस्तो छैन**, ललितपुर : साझा प्रकाशन ।

.........., (२०६४), **काट् जर्किन डी**, ललितपुर : साझा प्रकाशन ।

.........., (२०६७), **इस्मालीका प्रतिनिधि कथाहरू,** ललितपुर : साझा प्रकाशन ।

खनाल, रामप्रसाद (२०७०), *माछोमाछो भ्यागुतो कथा सङ्ग्रहको विधातात्त्विक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौँ ।

गौतम, दीपक (२०६२), *समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू,* अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

गौतम, देवीप्रसाद (२०५४), **नेपाली कथा**, काठमाडौँ : नवीन प्रकाशन ।

........, .......... (२०५९), "समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू", **प्रलेस** (वर्ष ७ पूर्णाङ्क १३, पृष्ठ ७९-१०९), काठमाडौँ ।

चापागाई, निनु (२०५४), **मार्क्सवादी चिन्तनमा सौन्दर्य**, ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०५३), "**इ**स्मालीका कथामा वर्तमान बोध", 'विपूल' (अङ्क ६, पृ. ५३), काठमाडौ ।

........, .......... (२०५३), **कला साहित्य भूमिका र मूल्याङ्कन,** काठमाडौँ : चिन्तन प्रकाशन ।

पोखेल, मातृका (२०५८), "घाम घामजस्तो छैन : एक पाठकको दृष्टिमा", **जनएकता साप्ताहिक**, (वर्ष ७, अङ्क २८, पृ. ४) ।

पौडेल, गोपीन्द्रकुमार (२०६२), *प्रगतिवादी नेपाली कथाका प्रवृत्ति,* अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

पौडेल, हेमनाथ (२०६०),"नेपाली कथामा इस्माली", **उन्मेष** (अङ्क७, पृ. ३३-४९), काठमाडौँ ।

........, .......... (२०६१), "कथाकार इस्माली र उनको कथा लेखन" **गरिमा**, (वर्ष २२, अङ्क ५, पृ. ५५-६३) ।

बराल, ईश्वर (२०५३ सम्पा.), **भ्यालबाट** (छैठौँ संस्करण), ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०६९), **कथा सिद्धान्त**, काठमाडौँ : एकता बुक्स ।

बलम्पाकी, टेकबहादुर (२०६१), *कथाकार इस्मालीको कथाकारिता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

भट्ट, नवराज (२०६८), *इस्मालीका प्रतिनिधि कथाहरूको कृतिपरक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

भण्डारी, बालकृष्ण (२०६६), *काट् जर्किन डी कथा सङ्ग्रहको कृतिपरक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

मल्ल, ऋद्धिबहादुर (१९९७), *"सम्पादकीय",* **शारदा** (वर्ष ६, सङ्ख्या ८ मार्ग), काठमाडौँ ।

रेग्मी, हरिप्रसाद (२०५७), *इस्मालीको जीवनी, व्यक्तित्व र कृतित्व,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

शर्मा, अमृत (२०३९-०४०), "विकलका कथामा पाइने प्रगतिवादी दृष्टि", **झिसमिसे** (वर्ष ५, अङ्क ६, पृ. १९-२१), काठमाडौँ ।

श्रेष्ठ, दयाराम (२०६७), **नेपाली कथा भाग-४ (चौथो संस्करण सम्पा.),** ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०६४), **नेपाली साहित्यका सङ्क्षिप्त इतिहास (आठौं संस्करण),** ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५१), **स्नातकोत्तर नेपाली कथा (सम्पा.),** ललितपुर : साझा प्रकाशन ।

सुवेदी, शिला (२०६७), *इस्मालीको जिरोमाइल उपन्यासको अध्ययन र विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय त्रि-चन्द्र क्याम्पस, काठमाडौँ ।